महिलामाथि हुने हिंसाको यथार्थता

# अन्वेषी

२०७९

# अन्वेषी

## महिलामाथि हुने हिंसाको विश्लेषणात्मक अध्ययन

## सारांश प्रतिवेदन

## २०७९

ओरेक नेपाल

बालकुमारी, ललितपुर

अन्वेषी २०७९

# अन्वेषी

**महिलामाथि हुने हिंसाको विश्लेषणात्मक अध्ययन सारांश प्रतिवेदन, २०७९**

**© ओरेक नेपाल, २०७९**

यस प्रतिवेदनमा समावेश भएका विषयवस्तुहरू महिला हिंसाविरुद्धका लागि गरिने कुनै पनि अभियानको प्रयोजनका निम्ति स्रोत खुलाई प्रयोग गर्न सकिने छ ।

संयोजन : सुलोचना खनाल/लक्ष्मी अर्याल/लुभराज न्यौपाने
लेखन तथा विश्लेषण: सुलोचना खनाल/लक्ष्मी अर्याल/सुनिता मैनाली/निर्मला के.सी/रक्षा गिरी
तथ्याङ्क प्रशोधन : गरिमा रिजाल/मेनका क्षेत्री
आर्थिक सहयोग : MISEREOR

**प्रकाशन**
ओरेक नेपाल
पो.ब.नं. १३२३३, काठमाडौं, नेपाल
Email : ics@worecnepal.org
Website : www.worecnepal.org
ISBN : 978-9937-8822-9-3

**साजसज्जा**
पेन्टाग्राम प्रा. लि.
+९७७ १ ५५४८१८०
business.pentagram@gmail.com

# विषय-सूची


## परिच्छेद १: परिचय १

१.१ नेपाली समाजमा महिलाविरुद्धको हिंसा १
१.२ अन्वेषी: महिलामाथि हुने हिंसाको यथार्थ ४
१.३ घटना सङ्कलन अवधि र क्षेत्र ६
१.४ अध्ययनको सीमा ७
१.५ अध्ययन विधि ७
१.६ सूचना सङ्कलनमा एकरूपता ७
१.७ सूचना सङ्कलन ८
१.८ तथ्याङ्क प्रशोधन प्रक्रिया र विश्लेषण ८
१.९ आचारसंहिताको पालना ८

## परिच्छेद २: कार्यगत परिभाषा र कार्यकारी सारांश १०

२.१ कार्यगत परिभाषा १०
२.१.२ हिंसाका प्रकार १०
२.१.३ प्रभावित/पीडकको वैवाहिक स्थिति १२
२.१.४ प्रभावित/पीडकको समूह १२
२.१.५ प्रभावित/पीडकको पेसा १३
२.१.६ प्रभावितलाई परेका असरहरू १३
२.१.७ प्रभावित/पीडकको उमेर १३
२.२ कार्यकारी सारांश अध्ययनबाट प्राप्त नतिजा सङ्क्षेपमा १४

## परिच्छेद ३: महिलामाथि हुने हिंसा अन्त्यका लागि भएका प्रयास तथा प्रावधानहरू २१

## परिच्छेद ४: महिलामाथि भएको हिंसाका प्राप्त परिणाम र विश्लेषण २५

४.१ महिलामाथि हुने हिंसा र हिंसाको अवस्था विश्लेषण २५
४.१.१ भौगोलिक क्षेत्रअनुसार महिलामाथि भएका हिंसाको स्थिति २५
४.१.२ महिला हिंसाका प्रकार २६
४.१.३ महिलामाथि हुने हिंसा र उमेर २९
४.१.४ महिलामाथि हुने हिंसा र शिक्षा ३०
४.१.५ वैवाहिक स्थिति र महिलामाथि हुने हिंसा ३२
४.१.६ प्रभावितको जातीयता ३४
४.१.७ प्रभावित र पीडक बीचमा रहेको सम्बन्ध ३५
४.१.८ महिलामाथि हुने हिंसा र पेसा/व्यवसाय ३६
४.१.९ महिलामाथि हुने हिंसाका कारण र महिलामा परेका असरहरू ३७

## परिच्छेद ५: घरेलु हिंसा ४०

५.१ महिला र घरेलु हिंसा ४०
५.२ घरेलु हिंसाभित्रका स्वरूप ४१
५.३ घरेलु हिंसाका प्रकार ४२
५.४ घरेलु हिंसाका पीडकसँगको सम्बन्ध ४३
५.५ प्रभावितको वैवाहिक अवस्था ४३
५.६ प्रभावितको उमेर र घरेलु हिंसा ४४
५.७ प्रभावितको शिक्षाको स्तर र घरेलु हिंसा ४६
५.८ प्रभावितको जात/जातीयता र घरेलु हिंसा ४७
५.९ प्रभावितको पेसा र घरेलु हिंसा ४७
५.१० प्रभावितलाई परेको असर ४८
घटना अध्ययन १ ५१

## परिच्छेद ६: सामाजिक हिंसा ५३

६.१ महिला र सामाजिक हिंसा ५३
६.२ सामाजिक हिंसाका परिणाम र विश्लेषण ५४
६.३ सामाजिक हिंसाका पीडकसँगको सम्बन्ध ५५
६.४ प्रभावितको वैवाहिक अवस्था ५६
६.५ प्रभावितको उमेर र सामाजिक हिंसा ५७
६.६ प्रभावितको शिक्षाको स्तर र सामाजिक हिंसा ५८
६.७ प्रभावितको जात/जातीयता र सामाजिक हिंसा ५८
६.८ प्रभावितको पेसा र सामाजिक हिंसा ५९
६.९ सामाजिक हिंसाका कारण प्रभावितमा परेको असर ६०
घटना अध्ययन २ ६४

## परिच्छेद ७: बलात्कार ६५

७.१ बलात्कार ६५
७.२ बलात्कारका पीडकसँगको सम्बन्ध ६६
७.३ बलात्कार प्रभावितको उमेर ६७
७.४ बलात्कार प्रभावितको शैक्षिक अवस्था ६८
७.५ प्रभावितको जात/जातीयता ६९
७.६ प्रभावितको पेसा ७०
७.७ बलात्कार र पीडकको उमेर ७१
घटना अध्ययन ३ ७३

परिच्छेद ८ ७५

८.१ यौनिक हिंसा ७५

८.२ प्रभावितको उमेर र यौनिक हिंसा ७६

८.३ यौनिक हिंसाका पीडकसँगको सम्बन्ध ७८

८.४ प्रभावितको शैक्षिक योग्यता ७९

८.५ प्रभावितको जात/जातीयता ८०

८.६ प्रभावितको पेसा ८०

८.७ प्रभावितलाई परेको असर ८१

घटना अध्ययन ४ ८३

परिच्छेद ९ ८४

९.१ हत्याको अवस्था ८४

९.२ प्रभावितको उमेर र हत्या ८५

९.३ हत्या र पीडकसँगको सम्बन्ध ८६

९.४ प्रभावितको शैक्षिकस्तर र हत्या ८७

९.५ प्रभावितको जात/जातीयता र हत्या ८८

९.६ प्रभावितको वैवाहिक अवस्था र हत्या ८९

९.७ प्रभावितको हत्या र पेसागत अवस्था ८९

घटना अध्ययन ५ ९१

परिच्छेद १० ९२

१०.१ बेचबिखन तथा ओसारपसार अवस्था ९२

१०.२ बेचबिखन र उमेर ९४

१०.३ बेचबिखन र पीडकको सम्बन्ध ९४

१०.४ बेचबिखन र वैवाहिक अवस्था ९५

१०.५ बेचबिखन र पेसागत अवस्था ९६

घटना अध्ययन ६ ९८

परिच्छेद ११ ९९

११.१ आत्महत्याको अवस्था ९९

११.२ आत्महत्या र उमेर ९९

११.३ आत्महत्या र वैवाहिक अवस्था १००

११.४ आत्महत्या र शैक्षिक अवस्था १०१

११.५ आत्महत्या र पेसागत अवस्था १०२

घटना अध्ययन ७ १०३

परिच्छेद १२ १०४
१२.१ न्यायमा पहुँचको परिचय १०४
१२.२ न्यायमा पहुँचसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी प्रबन्धहरू १०५
१२.३ हिंसा प्रभावित महिलाहरूको न्यायमा पहुँचको वस्तुगत अवस्था १०८
१२.४ हिंसाबाट पीडित महिलाहरूको न्यायमा पहुँचको वस्तुगत अवस्था : ओरेकको दृष्टिकोण ११०
१२.५ न्यायिक निर्णय कार्यान्वयनको सुनिश्चितता ११५

परिच्छेद १३ ११८
१३.१ हिंसा प्रभावित महिलाहरूको सामाजिक पुनर्स्थापनाको अवस्था ११८
१३.२. पुनर्स्थापना गरिएका प्रभावितको हिंसाको प्रकार १२०
१३.३. पुनर्स्थापना गरिएको स्थान १२१
१३.४ पुनर्स्थापनापश्चात् हिंसा दोहोरिएको/नदोहोरिएको अवस्था १२२
१३.५. पुनर्स्थापनापश्चात् समाज तथा परिवारले हेर्ने दृष्टिकोण १२४
घटना अध्ययन ८ १२६

परिच्छेद १४ १२७
१४.१ महिला हिंसा र पीडकको लैङ्गिक विवरण १२७
१४.२ महिला हिंसा र पीडकको उमेर समूह १२८
१४.३ महिला हिंसा र पीडकको वैवाहिक अवस्था १२९
१४.४ महिला हिंसा र पीडकको पेसा १३०
१४.५ महिला हिंसा र पीडकको जात/जातीयता विवरण १३१

परिच्छेद १५ १३४
सञ्चार अनुगमन १३४
१५.१ पत्रपत्रिकामा प्रकाशित महिला हिंसाका घटनाको विवरण १३४
१५.२. हिंसाका प्रकार १३४
१५.३ पत्रपत्रिकामा प्रकाशित महिला हिंसाको प्रदेशअनुसारको स्थिति १३६

परिच्छेद १६ १३७
१६.१. प्रभावितलाई सुरक्षित आवास मार्फत ओरेकले गरेको सहयोग विवरण १३७
१६.२. ओरेकको हटलाइन सेवा मार्फत सम्पर्कमा आएका महिला हिंसाका घटना १३९

निष्कर्ष र सुझावहरू १४२

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरवार, काठमाडौं, नेपाल
फोन नं. : ०१-४२००१६४ / ४२००१६८
४२०००८२ / ४२००४१३ / ४२००४०८
फ्याक्स : ४२००११६
इमेल : info@mowcsc.gov.np
media@mowcsc.gov.np
वेभसाईड : www.mowcsc.gov.np

पत्र संख्या :
चलानी नं.:

## शुभकामना

ओरेक नेपालले महिला हिंसा विरुद्ध वर्ष पुस्तकको रुपमा **अन्वेषी**को प्रकाशन गर्दै आएकोमा खुशी लागेको छ । महिलामाथि हुने हिंसाको अन्त्य विना देशमा सामाजिक न्याय र दिगो शान्ति स्थापना हुन सक्दैन । महिला विरुद्धको हिंसा मानव अधिकारको उल्लंघन हो । त्यसैले देशमा मानव अधिकारको सम्मान, दिगो विकासलाई साकार पार्न महिलामाथि हुने सबै प्रकारको हिंसा अन्त्य हुन अत्यन्त आवश्यक छ ।

समाजका हरेक संरचनामा जरो गाडेर बसेको पितृसत्तात्मक मूल्य मान्यता र सोँच नै महिला माथि हुने हिंसाको प्रमुख कारक तत्व हो । जसको कारण बर्षेनी हजारौं महिलाहरू विभिन्न स्वरुप र आयाममा हिंसा खेप्न बाध्य बनाइएका छन् । महिलामाथि हुने अनेक प्रकारका हिंसाहरू सार्वजनिक रुपमा बाहिर आउन सकेका छैनन् । हिंसा भोगेका तर कानूनी प्रक्रियामा जान नसकेका वा नगएका र त्यसको अनेक प्रभावहरूसँग जुध्दै आइरहेका घटनाहरूको दस्तावेजीकरणमा अन्वेषीले विशेष भूमिका खेल्दै आइरहेको छ । हिंसा प्रभावितलाई नै हिंसाको जिम्मेवार बनाउने पितृसत्तात्मक सामाजिक संरचना भएको हाम्रो समाजमा आफुमाथि भएको हिंसाको घटनालाई बाहिर ल्याउनु त्यति सहज छैन । यद्यपि आफुले भोगेको हिंसा अन्य महिलाहरुले भोग्नु नपरोस् भन्ने उद्देश्यले घटनाहरु जानकारी गराउने र न्यायका लागि पहल गर्नुहुने सम्पूर्ण महिलाहरु प्रति महिला; बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको तर्फबाट धन्यवाद दिन चाहन्छु ।

महिलामाथि भएका विभिन्न स्वरुपका हिंसाको वहुपक्षीय अध्ययन तथा विश्लेषण गरी तयार गरी सबै सरोकारवाला निकायहरुलाई थप जवाफदेही र उत्तरदायी बन्नका लागि प्रेरित गरेकोमा ओरेकलाई विशेष धन्यवाद दिन चाहन्छु । आगामी दिनमा संस्थाका यस्ता कार्यले महिलाको मानव अधिकारको संरक्षण र सामाजिक न्याय सुनिश्चितताका लागि योगदान गर्नेछ भन्ने आशा लिएको छु । महिला माथि हुने हिंसा अन्त्यको पहलमा सकारात्मक कदम चाल्न यस पुस्तकको निरन्तरता र गुणस्तरीयता कायम रहने अपेक्षा सहित पुस्तकमा उठाइएका विषयवस्तुको सम्बोधनका लागि शुभकामना व्यक्त गर्दछु ।

उमा रेग्मी
मन्त्री
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

मिति: २०७९/०८/०६

उमा रेग्मी
मन्त्री

# प्रकाशकीय

संस्थाले महिलामाथि हुने हिंसाका घटनाहरूको बहुपक्षीय विश्लेषण गरी सरोकारवाला एवं सम्बन्धित जिम्मेवार निकायसमक्ष महिला हिंसाका वास्तविकता प्रस्तुत गर्दै आवश्यक कदम चाल्न दबाब सिर्जना गर्ने उद्देश्यले सन् २००८ देखि नै महिलामाथि हुने हिंसाको यथार्थतालाई समेटेर महिला हिंसा विरुद्धको वर्ष पुस्तकको रूपमा अन्वेषी निरन्तर प्रकाशन गर्दै आएको कुरा यहाँहरूलाई विदितै छ। यस पुस्तकले महिलामाथि भएका हिंसाका स्वरूप प्रवृत्ति र यसको बहुआयामिक पक्षहरूलाई गुणात्मक अध्ययनको माध्यमबाट विश्लेषण गरी महिलामाथि भएका हिंसाले महिलालाई मात्र नभई प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा व्यक्ति परिवार तथा समाजको विकाशमा पारेको प्रभावलाई बाहिर ल्याउने प्रयास गरेको छ।


महिलामाथि हुने हिंसा सामाजिक अपराध हो, देशमा महिलाको मानव अधिकार सुनिश्चितताको वातावरण हुन नसकेको प्रमाण हो र यो मानव अधिकार हनन्का कारण र परिणाम दुवै हो। देशमा राजनीतिक परिवर्तन भएको एक दशक बितिसक्दा पनि नागरिकहरूले खोजेझैं सामाजिक रूपान्तरण हुन नसक्दा महिलामाथि हुने हिंसा कम हुन सकेको छैन। फलस्वरूप, देशभर महिलाहरू विभिन्न खाले हिंसा खेप्न बाध्य बनाइएका छन् भने अझै कत्ति हिंसाहरू बाहिर आउन सकेका छैनन्। यसका विभिन्न कारणहरू छन्। तीमध्ये हिंसा हुनुमा महिलालाई नै दोष दिने परम्परा, घरको कुरा बाहिर लगे इज्जत जान्छ भन्ने सामाजिक मान्यता, बाहिर ल्याए पनि न्याय प्राप्त गर्न असम्भव जस्ता स्थितिहरू प्रमुख हुन्। यस्तो अवस्थामा पनि त्यस्ता महिलाहरू जसलाई आफूमाथि भएका हिंसा बाहिर ल्याएमा सहयोग पाइन्छ भन्ने विश्वास लाग्दछ, समुदाय तहमा अर्को महिलाको सहयोग प्राप्त हुन्छ, उनीहरूले मात्र आफूमाथि भएका हिंसाका घटनाहरू बाहिर ल्याएका छन्। मुख्यगरी अप्ठ्यरोमा परेका बखत् महिलालाई आवश्यक पर्ने सुरक्षावास, मनोविमर्शका सेवा लगायतका सहयोगी संयन्त्रहरूको व्यवस्था भएको स्थानमा यस्ता घटनाहरू बढी सार्वजनिक भएका छन्। ओरेकले विगत ३१ वर्षदेखि समुदायस्तरमा काम गर्दै आएको छ। महिला सञ्जाल निर्माणमा महत्वपूर्ण भूमिका खेलेको छ। देशभर क्रियाशील महिला मानव अधिकार रक्षकहरूसँग सहकार्य गरेको छ। महिलाहरूका लागि सुरक्षावास, मनोविमर्श, कानुनी सहयोग जस्ता सेवाहरू प्रदान गर्दै आएको छ। महिलावादी संस्था भएका कारण ओरेकले प्रभावितदेखि परिवर्तनका

संवाहकको सिद्धान्त अङ्गीकार गर्दै काम गर्दछ । त्यसैले यहाँ आएका हरेक महिलाले भोगेका घटनाहरू हाम्रो देशमा स्थापित राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक विभेदको परिणाम हो भन्ने हाम्रो मान्यता रहेको छ । त्यसैले यस्ता हिंसाहरू हुने वातावरणमा परिवर्तन ल्याउने हो भने सर्वप्रथम माथि उल्लिखित विभेदहरूमा परिवर्तन हुनुपर्दछ, सामाजिक रूपान्तरण हुनुपर्दछ भन्ने हाम्रो ठहर छ । हामी सोही ठहरलाई आधार मान्दै समुदायतहदेखि नै रूपान्तरणका लागि क्रियाशील छौं । हाम्रो यो क्रियाशीलतालाई तथ्यमा आधारित बनाउन महिला हिंसाविरुद्धको वर्ष पुस्तकका रूपमा रहेको यो पुस्तक 'अन्वेषी' ले महत्वपूर्ण भूमिका खेलेको छ ।

यस वर्षको अन्वेषीमा हामीले यहाँहरू सबैका सामू महिलाहरूको न्यायमा पहुँचको अवस्थालाई चित्रण गर्ने प्रयास गरेका छौं । हाम्रो यो प्रयास गुणात्मक भएको हुनाले यहाँ उल्लिखित थोरै घटनाहरूले पनि देश भरको स्थिति दर्शाएका छन् । यस आर्थिक वर्षमा हामीले २५१ जना हिंसा प्रभावित महिलाहरूसँग न्यायका लागि संयुक्त पहल गरेका थियौं । तीमध्ये ५३ वटा मुद्दाहरू फैसला भएका थिए । दुःखको कुरा ती फैसला भएकामध्ये पनि २२ वटा मुद्दाहरूको फैसला मात्रै कार्यान्वयन भएको अवस्था छ भने, २३ वटा मुद्दाको फैसलाहरू अझै कार्यान्वयनको प्रक्रियामा रहेका छन् । न्यायिक प्रक्रियामा लाग्ने समयावधि, मुद्दा दर्ता गर्न जुटाउनुपर्ने प्रमाणसँग जोडिएका जटिलताहरू, वडाबाट ल्याउनुपर्ने सिफारिस जुटाउन हुने कठिनाइ, सम्पत्ति रहेको जिल्लामा नै अदालतले मुद्दा दर्ता पठाउने प्रचलन, भौगोलिक विकटता, साक्षी जुटाउन हुने कठिनाइ जस्ता विभिन्न जटिलताहरूले पीडित/प्रभावितहरू बिचैमा हतोत्साहित हुने अनि मुद्दा टुङ्ग्याउनुपर्ने दबाबमा बाँच्न बाध्य देखिन्छन् । नेपालको कानुनमा महिला हिंसालाई रोक्ने र हिंसा प्रभावितलाई न्याय दिने भनेर व्यवस्था गरे तापनि व्यवहारमा हिंसाबाट पीडित/प्रभावित महिलाहरूले कानुनको कार्यान्वयन प्रक्रिया र ढिलाइ, सरकारी कार्यालयका कर्मचारीहरूको सोच, उदासिनता, प्रतिपक्षले खडा गर्ने अवरोध, आफ्नो कमजोर आर्थिक अवस्था र संस्थाको पनि सहयोग गर्ने निश्चित दायरा आदिका कारणले गर्दा वास्तवमा न्याय पाएको महसुस गर्न सकेको अवस्था देखिंदैन । यो अवस्थामा परिवर्तन नभएसम्म कुनै पनि महिलाले न्याय प्राप्त गरेको अनुभूत गर्न सक्दैनन् । सामाजिक, सांस्कृतिक रूपान्तरणविना यो अवस्थामा परिवर्तन हुन सक्दैन । त्यसैले नेपाल सरकारद्वारा नेपालको संविधानमा मौलिक हकअन्तर्गत व्यवस्था भएको धारा २० अनुसार सबैको न्याय प्राप्त गर्ने अधिकार, धारा १६ अनुसार हिंसा मुक्त भई आत्मसम्मानका साथ बाँच्न पाउने अधिकार र धारा १८ अनुसार समानताको हक सुनिश्चितताका लागि सामाजिक रूपान्तरणको अभियान चलाउनु अनिवार्य छ । अन्यथा महिला हिंसाविरुद्ध शून्य सहनशीलताका नारा तथा महिला हिंसा विरुद्धका दिवसहरूमा सहभागिता सरकारको हात्तीको देखाउने दाँतको रूपमा मात्रै रहनेछ ।

महिला हिंसा विरुद्धको काम गर्नु अहिलेको पितृसत्तामक संरचनामा सहज छैन । यो असहजताभित्रै पनि महिला अधिकारका लागि वकालत गर्ने प्रतिबद्धता बोकेर दिन-रात समुदायतहदेखि क्रियाशील महिला मानव अधिकार रक्षक साथीहरू र ओरेकमा कार्यरत कर्मचारी साथीहरूको कामलाई जति सराहना गरे पनि कम हुन्छ। उहाँहरूको यही कामका कारण आज हामी सबैको सामु यो वर्षपुस्तक आइपुगेको छ। यो पुस्तकलाई यो रूपमा ल्याइपुऱ्याउन प्रत्यक्ष र परोक्ष रूपमा संलग्न सबैमा म हार्दिक आभार प्रकट गर्दछु।

अन्त्यमा, ओरेकद्वारा महिला हिंसाका घटनाहरूको दस्तावेजीकरण गर्ने कार्य हिंसा प्रभावितहरूको जीवनलाई केही सहज बनाउँदै नीतिगत परिवर्तनका लागि प्रभावितसँगै सहकार्य गर्दै हिंसा अन्त्य हुने वातावरण निर्माण गर्ने उद्देश्यले सुरु गरिएको हो । यो उद्देश्यलाई गति दिंदै हामीलाई विश्वास गरी आफ्नो जीवन कथा सुनाउने र न्यायका लागि संयुक्त रूपमा सहकार्य गर्ने, सबै संरचनाले पीडित बनाए पनि आफू परिवर्तनको सम्वाहकका रूपमा रहनुभएका सबै महिलाहरूमा हार्दिक आभार प्रकट गर्दछु । सामाजिक रूपान्तरणको बाटो सहज र छोटो छैन तर असम्भव पनि छैन । हाम्रो सहकार्य, ऐक्यबद्धता अनि आन्दोलनबाट यो स्थिति आउने छ र त्यसका लागि यो अन्वेषीले महत्वपूर्ण भूमिका खेल्ने छ भन्ने विश्वास सहित ।



डा. रेणु राजभण्डारी/अधिकारी
संस्थापक अध्यक्ष
ओरेक नेपाल

# प्राक्कथन

विगत ३१ वर्षदेखि पैरवीमा आधारित महिला हिंसा विरुद्धको अभियान सञ्चालन र नेतृत्व गर्दै आएको महिला अधिकारप्रति समर्पित एवम् सामाजिक न्यायका निम्ति सङ्घर्षरत यस महिला पुनःस्र्थापना केन्द्र (ओरेक) नेपालले महिलामाथि भइरहेको हिंसाका तथ्याङ्कलाई बाहिर ल्याई यसमा आधारित पैरवीलाई अझै बलियो बनाउने उद्देश्यले देशमा वर्षभरि महिलामाथि भएका हिंसाका घटनालाई समेटेर तयार पारिएको महिला हिंसा विरुद्धको वर्षपुस्तक 'अन्वेषी' प्रकाशन गर्दै आएको छ । संस्थाले महिलामाथि हुने हिंसाका घटनाहरूको विश्लेषण गर्ने र सरोकारवाला एवं सम्बन्धित जिम्मेवार निकायसमक्ष वास्तविकता प्रस्तुत गरी आवश्यक कदम चाल्न दबाब सिर्जना गर्ने उद्देश्यले अन्वेषी प्रकाशन एवं वितरण कार्यलाई प्राथमिकताका साथ निरन्तरता दिँदै आइएको छ । यसर्थ महिलामाथि हुने हिंसाका घटनाहरूको यथार्थतालाई प्रस्तुत गर्ने यो एक महत्वपूर्ण कार्य हो । यसले देशमा महिला हिंसाका अवस्थाको गुणात्मक तथा बहुआयामिक अध्ययन गरिएको आधिकारिक तथ्याङ्क नभइरहेको अवस्थामा सरकार, सम्बन्धित सरोकारवाला, अनुसन्धानकर्ता, बौद्धिक वर्ग, पत्रकारलगायत महिला हिंसा अन्त्यको अभियानमा काम गर्नेहरूका लागि दिशानिर्देशका रूपमा काम गर्दछ भन्ने हाम्रो विश्वास रहेको छ ।

अन्वेषीको यस अङ्कमा गत आ. व. मा संस्थाद्वारा अभिलेख गरिएको जम्मा १ हजार ८ सय १३ वटा हिंसाका घटनाको विश्लेषण गरिएको छ । यी घटनामध्ये सबैभन्दा बढी महिला घरेलु हिंसाबाट प्रभावित भएको पाइएको छ । प्राप्त तथ्याङ्कका आधारमा यस वर्ष सबैभन्दा बढी ६५ प्रतिशत महिलामाथि आफ्नै घरभित्र हिंसा भएको छ र हिंसा गर्नेहरूमध्ये सबैभन्दा बढी आफ्नै श्रीमान र घरपरिवारका सदस्यहरू छन् । यसले घर परिवार जहाँ महिलाले सबैभन्दा बढी सुरक्षा र माया पाउनु पर्ने हो सोही ठाउँ नै सबैभन्दा बढी असुरक्षित देखिएको छ । यो अवस्थाले समाजमा महिला र पुरुषलाई हेर्ने विभेदकारी दृष्टिकोण रहेको स्पष्ट रूपमा देख्न सकिन्छ । त्यसैले महिला हिंसा अन्त्यका लागि परिवारभित्र रहेका महिला र पुरुषबीचको असमान शक्ति सम्बन्धलाई परिवर्तन गर्नु जरुरी देखिएको छ । यसका साथै यस अध्ययनले सक्रियरूपमा प्रजनन् उमेरमा रहेका र सचेत महिलामाथि धेरै हिंसा भएको पनि देखाएको छ । यसले सचेत महिलामा हिंसा सहन हुन्न भन्ने चेतना बढेको त देखिएको छ तर घरभित्र भएका धेरैजसो हिंसाका घटना

हिंसाको चरम अवस्थामा पुगेपछि मात्र प्रभावितले बाहिर ल्याउने गरेको पाइएको छ। यसले थप हिंसाका घटनामा पटकपटक प्रभावितलाई बाध्य बनाई गरिने मेलमिलापले आत्महत्या बढाएको र महिलाहरू पुनः हिंसामा परेको अवस्थाको उजागर गरेको छ।

यस वर्ष पुस्तकमा महिलामाथि हुने विभिन्न प्रकारका हिंसा जस्तै : घरेलु हिंसा, सामाजिक हिंसा, यौन हिंसा, बलात्कार, मानव बेचबिखन तथा ओसारपसार, हत्या, आत्महत्या, अपहरण/बेपत्ता तथा अनलाइन स्थानमा भएका लैङ्गिक विभेदमा आधारित हिंसाको बहुबिषयक अध्ययन गरीएको छ जसमा प्रभावित र पीडकको बहुपक्षीय अध्ययन गरिएको छ। जम्मा १६ वटा परिच्छेदमा विश्लेषण गरिएको यस पुस्तकमा प्रभावित र पीडकको जातीयता, उमेर, पेसा, लिङ्ग, नाता-सम्बन्ध र हिंसा भएको स्थान विषेश आदिका आधारमा विश्लेषण गरी हिंसाका कारण र यसले पार्ने प्रभावको विशेष अध्ययन र सोहीसम्बन्धी सुझावहरू प्रस्तुत गरिएको छ। वर्ष पुस्तकको यस अङ्कले महिलामाथि हुने हिंसाको अन्त्य गरी सामाजिक रूपान्तरणको अभियानका निम्ति खेल्नुपर्ने अहम भूमिकाका लागि नीति-निर्माणदेखि कार्यान्वयन गर्ने तहसम्म तथा सबै सरोकारवालाहरूलाई थप झकझक्याउने कार्य गर्नेछ भन्ने विश्वास लिएका छौँ। यस पुस्तक तयारीका लागि प्रत्यक्ष र अप्रत्यक्ष रूपले सहयोग गर्नुहुने सम्पूर्ण कार्य समितिका पदाधिकारीज्यूहरू, कर्मचारी मित्रहरू र अन्य आदरणीय व्यक्तिहरूलाई हार्दिक धन्यवाद दिंदै आभार प्रकट गर्न चाहन्छु।

.........................
लुभराज न्यौपाने
कार्यकारी निर्देशक
ओरेक

# परिच्छेद १

## परिचय

**सबै नागरिक जन्मजात स्वतन्त्र र मर्यादा तथा अधिकारमा समान हुन्छन् ।**
(मानव अधिकारको विश्वव्यापी घोषणा पत्रको धारा एक)

### १.१ नेपाली समाजमा महिलाविरुद्धको हिंसा

महिलामाथि हुने हिंसा लैङ्गिक विभेदमा आधारित वा लिङ्गको प्राथमिकताका आधारमा हुने हिंसा हो । महिला महिला भएकै कारणले उनीहरू विरुद्धमा हुने शारीरिक, मानसिक, सामाजिक, तथा यौनजन्यलगायत सम्पूर्ण हिंसात्मक कार्यहरू महिलामाथि हुने हिंसा हुन् । नेपाली समाजमा महिलाविरुद्धको हिंसाको अवस्थालाई हेर्दा नेपाल प्रहरीमा आर्थिक वर्ष २०७७/०७८ मा महिला तथा बालिकामाथि भएका कुल १८,८७९ वटा हिंसाका घटनाको उजुरी भएको थियो भने, यस आर्थिक वर्ष २०७८/०७९ मा २५७२ घटना वृद्धि भई कुल २१,४५१ जना महिला तथा बालबालिकामाथि भएका हिंसाका घटना दर्ता भएका छन् ।[१] यसैगरी ओरेकमा आर्थिक वर्ष २०७७/०७८ मा १,७७२ महिला हिंसाका घटना अभिलेखीकरण भएकामा यस वर्ष ४१ वटा घटना वृद्धि भई १,८१३ जना महिला तथा बालिकामाथि भएका हिंसाका घटना अभिलेखीकरण भएको छ ।[२] साथै अनौपचारिक क्षेत्र सेवा केन्द्र (INSEC) को 'नेपाल मानव अधिकार वर्ष' पुस्तकमा पछिल्लो १० वर्षमा अभिलेख गरिएकामध्ये ४९ प्रतिशत घटना महिला अधिकार उल्लङ्घनसँग सम्बन्धित रहेका छन् । यस वर्ष इन्सेकले अभिलेख गरेका मानव अधिकार उल्लङ्घनका घटनामध्ये ६० प्रतिशत घटना महिला अधिकार उल्लङ्घनका थिए ।[३] यसले महिला तथा बालबालिकामाथि भएका हिंसाका घटनाहरू वार्षिक रूपमा बढ्दै गएको देखाउँछ जसले उनीहरूको सुरक्षाको चुनौतीपूर्ण अवस्थालाई आँकलन गर्न सकिन्छ । यसैगरी नेपालको जनसङ्ख्यीय स्वास्थ्य सर्वेक्षण, २०१६ अनुसार नेपालमा २२% महिलाले आफ्नो जीवनको कालखण्डमा शारीरिक हिंसा भोगेका छन्, भने ७% महिलाले आफ्नो जीवनको कालखण्डमा यौनिक हिंसा भोगेका छन् । यसैगरी २७% विवाहित महिलाले आफ्नो

[१] https://cid.nepalpolice.gov.np/cid-wings/women-children-and-senior-citizen-service-directorate/
[२] https://dhsprogram.com/pubs/pdf/SR243/SR243.pdf
[३] नेपाल मानव अधिकार वर्ष पुस्तक, २०२२, इन्सेक
[४] https://dhsprogram.com/pubs/pdf/SR243/SR243.pdf

जीवनको कालखण्डमा कुनै न कुनै (शारीरिक, मानसिक, यौनिक) हिंसा भोगेका छन् । यसका साथै लैङ्गिक हिसामा परेका २२% महिलाले मात्र सहयोग लिन तत्परता देखाउने गरेको र ६६% ले कसैलाई नभनी हिंसा सहेर बसेको देखिन्छ । हिंसामा संलग्न व्यक्ति महिलाकै निकट, विश्वासिलो व्यक्ति हुने गर्दछन् ।[४] लैङ्गिक हिंसा कुनै पनि अवस्था वा कारणले भएको किन नहोस्, यो मानव अधिकारको गम्भीर उल्लङ्घन हो । महिलामाथि हुने हिंसा, तिनका आयाम र परिणामहरू फरक फरक रहे तापनि यो एक विश्वव्यापी जटिल समस्याको रूपमा रहेको छ ।

ओरेकद्वारा सार्वजनिक स्थानमा हुने हिंसाका बारेमा गरीएको एक सर्वेक्षणमा कूल १२० जनाको सहभागिता रहेको थियो । सर्वेक्षणमा सहभागि भएका मध्ये सबैभन्दा धेरै ५७ प्रतिशत (५५ जना) ले सार्वजनिक यातायातमा आफूमाथि हिंसा भएको प्रतिक्रिया दिएका थिए । यसैगरि ३० प्रतिशत (२९ जना) ले बाटोमा, ८ प्रतिशत (८ जना) ले शैक्षिक संस्थामा, २५ प्रतिशत (२४ जना) ले भीडभाडमा, छ प्रतिशत (६ जना) ले एकान्त ठाउँमा आफूमाथि दुर्व्यवहार भएको बताएका थिए । आफुमाथि भएको हिंसामा संलग्न पीडकहरुमा सवैभन्दा धेरै ४४ प्रतिशत (४५ जना) अपरिचित व्यक्तिहरु रहेको पाइएको छ । यसैगरी हिंसा गर्नेहरूमा राजनीतिक नेता, बसका चालक, सहचालक, जातीय/वर्गीय हिसाबले शक्तिशाली व्यक्ति, जनप्रतिनिधि र अपरिचत रहेको पाइएको छ । त्यसैगरी ५७ प्रतिशत हिंसा र्सावजनिक यातायातमा भएको पाईएको छ । यसले महिलाहरु नीजि होस् या सार्वजनिक स्थल कतै पनि सुरक्षित छैनन् भन्ने देखाउँछ ।

महिला अधिकारको सवाल राजनीतिक सवाल हुन् । नेपालको संविधानले लैङ्गिक विभेद अन्त्य गरी आर्थिक समानता, समृद्धि सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक-समावेशी-सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने सङ्कल्प गरेको छ । समान सहभागिता, सामाजिक सुरक्षा, कानुनको पालना र आर्थिक समृद्धिलाई संविधानमा प्रमुख प्राथमिकताका साथ राखिएको छ । लैङ्गिक समानतालाई विकास, न्यायको सवालका रूपमा स्थापित नगरेसम्म देशमा दिगो विकास, समानता, शान्ति र समृद्धि स्थापना हुन नसक्ने तथ्य विश्वले आत्मसात् गरिसकेको छ ।

राज्यले राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा महिलामाथि हुने हिंसा अन्त्य गर्ने प्रतिवद्धता व्यक्त गरेको छ । नेपालको संविधान, २०७२ ले नै मौलिक हकअन्तर्गत धारा ३८ मा महिलाको हकको व्यवस्था गर्नुका साथै महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गर्न पाइने छैन र त्यस्तो कार्य कानुनबमोजिम दण्डनीय हुनेछ र पीडित/प्रभावितलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने व्यवस्था गरेको छ ।

संयुक्त राष्ट्र संघ (सन् १९९३)को 'महिला विरुद्धको हिंसा उन्मूलन गर्ने सम्बन्धी घोषणापत्रमा महिला विरुद्धको हिंसा सार्वजनिक वा निजी जीवनमा लिङ्गका आधारमा हुने हिंसाजन्य कार्य हो, जसले महिलालाई शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुऱ्याउँछ वा पुऱ्याउने सम्भावना हुन्छ । जसअन्तर्गत त्यस्तो क्षति वा पीडा पुऱ्याउने खालका धम्की, दबाब र स्वेच्छाचारी रूपमा महिलाको स्वतन्त्रतामा बन्देज गर्ने कार्य समेत पर्दछ । भनी उल्लेख गरिएको छ ।

नेपाल सरकारले सार्वजनिक गरेको पन्ध्रौं पञ्चवर्षीय योजना (२०७६/७७ -२०८०/८१) मा महिला समानता तथा सशक्तीकरणसम्बन्धी नीति तथा कार्यक्रम लैङ्गिक समानतामूलक राष्ट्र निर्माण गर्ने विषयलाई दीर्घकालीन सोचका रूपमा प्रस्ताव गरी महिलाको समान तथा अर्थपूर्ण सहभागितासहित सारभूत समानता कायम गर्ने विषयलाई लक्ष्यका रूपमा लिएको छ । सो लक्ष्य हासिल गर्न क्रमश: पछिल्ला योजनाहरूमा लैङ्गिकउत्तरदायी शासन व्यवस्थालाई संस्थागत गर्दै महिलाको सम्मानित जीवन यापन गर्न पाउने वातावरण सुनिश्चित गर्ने, महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, हिंसा र शोषण अन्त्य गर्ने, आर्थिक समृद्धि र दिगो विकासका लागि महिलाको समान अग्रसरता नेतृत्वदायी भूमिका स्थापित गर्दै स्रोत, साधन, अवसर र लाभमा महिलाको समान पहुँच स्थापित गर्नेजस्ता उद्देश्य लिएको पाइन्छ । नेपालमा महिलाको अवस्था यी लक्ष्य तथा उद्देश्य प्राप्त गर्न महिलाको हक-अधिकार संरक्षणका लागि लैङ्गिक हिंसा निवारणलगायत आवश्यक नयाँ कानुनहरू निर्माण गर्ने, विभेदकारी कानुनहरू परिमार्जन गरी प्रभावकारी कार्यान्वयन गर्ने, महिलाविरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण तथा विभेद र बहिष्करणविरुद्ध **शून्य सहनशीलताको नीति** अवलम्बन गरी तिनको रोकथाम एवं नियन्त्रणका लागि कानुनी उपचार प्रणालीलाई सहज, छिटो र सबैका लागि पहुँचयोग्य बनाउने रणनीति अघि सारेको देखिन्छ । यद्यपि यस्ता हिंसामा कमी आउन सकेको छैन ।साथै महिलाविरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र भेदभाव अन्त्यका लागि निरोधात्मक एवं संरक्षणात्मक

उपायद्वारा न्यायमा पहुँच अभिवृद्धि गर्ने लक्ष्य लिइएको छ । साथै, योजनाले सबैका लागि मर्यादित रोजगारीका अवसरहरू सिर्जना गर्ने, सुरक्षित मातृत्व र सुरक्षित गर्भपतन लगायतका सेवालाई अधिकारमुखी कार्यक्रमका रूपमा विकास गर्ने, विद्यमान कानुन तथा संस्थागत व्यवस्थाहरूमा सुधार गर्ने लगायतका रणनीति समेटिएका छन् । यद्यपि महिला तथा बालिकामाथि हुने हिंसाका घटनाहरू नियन्त्रण हुन नसकेको तथ्य हाम्रो सामु प्रस्ट छ ।

हिंसारहित सुरक्षित वातावरणमा आत्मसम्मानपूर्वक बाँच्न पाउनु प्रत्येक नागरिकको नैसर्गिक अधिकार हो । तर यथार्थमा महिलाले यस्तो वातावरण प्राप्त गर्न सकेका छैनन् । आफू आत्मसम्मानपूर्वक बाँच्न पाउनुपर्छ भन्ने माग, त्यो पनि दोस्रो दर्जाको नागरिकको हैसियतमा राख्नुपरेको छ । महिलामाथि हुने हिंसाबाट प्रत्यक्षरूपमा महिला मात्र प्रभावित भएतापनि यसले पूरै परिवार, समाज र राज्यलाई नै प्रभाव पार्दछ । आधाभन्दा बढी जनसङ्ख्यालाई हिंसापूर्ण वातावरणमा बाँच्न बाध्य बनाएर समाज र राष्ट्र सुखी र समृद्ध विकासको कल्पना पनि गर्न सकिँदैन ।

हिंसा अन्त्य गर्न समाजमा महिला तथा बालिका र किशोरीलाई हेर्ने विभेदकारी दृष्टिकोण तथा सोचाइमा परिवर्तन गर्नुका साथै हिंसा अन्त्यका लागि एक-अर्काप्रतिको सम्मान आवश्यक पर्दछ । समाजले महिला, बालिका तथा किशोरीको सम्मान, इज्जत र सहअस्तित्वलाई स्वीकार गर्नुपर्दछ । अनिमात्र हिंसा मुक्त समाजको परिकल्पना गर्न सकिन्छ । राज्यले हिंसा मुक्त समाजका लागि जतिसुकै प्रगतिशील कानुन निर्माण गरी कार्यान्वयनमा ल्याउने वातावरण सिर्जना गरेपनि, जबसम्म हाम्रो सोच र व्यवहारमा सकारात्मक परिवर्तन आउँदैन ती कानुनी व्यवस्था ठेलीमा मात्र सीमित रहन्छन् ।[५] महिलामाथि हुने हिंसा महिलामात्रैको सवाल र समस्या हैन । महिलामाथि हुने हिंसाको यो सवाललाई राष्ट्रिय र राजनीतिक सवालको रूपमा स्थापित गर्न जरुरी छ ।

## १.२. अन्वेषी: महिलामाथि हुने हिंसाको यथार्थ

मानव अधिकार तथा सामाजिक न्यायका लागि निरन्तर क्रियाशील यस संस्था (ओरेक) ले वि.सं २००८ देखि महिलामाथि भएका हिंसाका घटनाहरूलाई बहुपक्षीय विश्लेषण गरी निरन्तर रूपमा अन्वेषी प्रकाशन गर्दै आएको छ । संस्थाले महिला हिंसाका घटनाको अभिलेखीकरण तथा विश्लेषण गरी यथार्थ स्थितिको पहिचान गर्दै महिलामाथि हुने हिंसाविरुद्ध राज्यलाई उत्तरदायी

[५] https://nwc.gov.np/wp-content/uploads/2022/03/Status-Report-_-Final.pdf

बनाई आवश्यक संयन्त्रको विकास गर्न दबाब दिने र हिंसा प्रभावित महिलाहरूको आवश्यकता पहिचान गरी आवश्यक सहयोगी संयन्त्र निर्माणका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा पैरवी गर्ने उद्देश्यले अन्वेषी लेखनको सुरुवात गरेको थियो । महिलामाथि हुने हिंसाका घटनाहरूको एकीकृत तथ्याङ्क नभएको त्यो समयमा सबै क्षेत्रबाट घटनाहरू सङ्कलन गरी विश्लेषण गर्ने क्रममा महिला विरुद्धका हिंसाको सम्बन्धमा धेरै अनुसन्धान गरिनुपर्ने आवश्यक्ता थियो । त्यसैले अनुसन्धाानको अभाव पूर्ति गर्न, समस्त घरपरिवार, राज्यलाई तथ्यको आधारमा घचघच्याउन प्रस्तुत प्रतिवेदनको स्वरूप अन्वेषी प्रकाशनले गरेको थियो । हाल अन्वेषी लेखनको अहिले १३ वर्ष पुगिसकेको छ । महिलामाथि हुने हिंसाको घटनालाई अभिलेखीकरण गर्ने कुनै पनि संयन्त्रहरू निर्माण भइनसकेको त्यस अवस्थामा अन्वेषी महिलामाथि हुने हिंसाको घटनाहरूलाई अभिलेखीकरण तथा विश्लेषण गरी महिला हिंसाको यथार्थतालाई प्रस्तुत गर्न कोशेढुङ्गाको रूपमा रहेको थियो र हाल पनि छ । अन्वेषी प्रकाशनको यस चरणसम्म आइपुग्दा अहिले महिलामाथि हुने हिंसाका घटनाहरू नेपाल प्रहरी, राष्ट्रिय महिला आयोगलगायत अन्य सङ्घ-संस्थाहरूमा पनि अभिलेखीकरण भई प्रकाशनमा आइरहेको छ । यद्यपि हिंसाको समग्र अवस्थालाई समेट्ने तथ्याङ्कको भने अझै अभाव रहेको छ ।

लैङ्गिकहिंसा प्रभावितलाई सुरक्षाबास मार्फत सेवा प्रवाह गर्ने उद्देश्यले नेपाल सरकार महिला तथा बालबालिका मन्त्रालयले स्थानीय सरकार, महिला सहकारी संस्था तथा स्थानीय गैरसरकारी संस्थाहरूसँगको साझेदारीमा लैङ्गिक हिंसा प्रभावितका लागि २१ जिल्लामा स्थानीय सरकार तथा महिला सहकारी संस्थाहरूको नेतृत्वमा सुरक्षाबास सञ्चालन गरी सेवा प्रवाह गर्दै आएको छ । त्यसैगरी स्थानीय सरकार तथा विभिन्न गैरसरकारी संस्थाहरूले समेत लैङ्गिक हिंसाबाट प्रभावितहरूलाई सहज, सरल र गुणस्तरीय सेवा उपलब्ध गराउने अभिप्रायले विभिन्न स्थानमा सुरक्षाबासहरूसञ्चालन गरी सेवा प्रवाह गरेको अवस्था छ । सरकारीस्तरबाट पनि लैङ्गिक हिंसा न्यूनीकरणका लागि राष्ट्रिय कार्ययोजना तयार गरी स्थानीय तहदेखि राष्ट्रियस्तरसम्मका विभिन्न कार्यक्रमहरूसमेत सञ्चालन गर्दै आइरहेको छ ।

यसैगरी नेपाल सरकारले लैङ्गिक हिंसा प्रभावितहरूलाई एकै स्थानबाट स्वास्थ्य उपचार लगायतका सबै अत्यावश्यक सेवा प्रवाह गर्ने उद्देश्यले एकीकृत सहयोगी संयन्त्रको विकास गरी देशभर ९४

वटा अस्पतालमा आधारित एकद्वार सङ्कट व्यवस्थापन केन्द्र सञ्चालन गरी आवश्यक सेवा प्रदान गर्दै आएको छ। साथै महिलामाथि हुने हिंसा सम्बोधनका लागि राज्यले विभिन्न किसिमका सहयोगी संयन्त्रको विकास, हिंसाको रोकथाम र महिलाको सुरक्षा वा संरक्षणका लागि विभिन्न कानुन, ऐन, नीति, नियम र निर्देशनहरू जारी गरी कार्यान्वयनमा समेत ल्याएको छ। तर पनि कानुनको प्रभावकारी कार्यान्वयनको अभाव, सेवा प्रदायक निकायहरूमा अझैपनि संवेदनशील नहुँदा हिंसा प्रभावितले न्याय प्राप्तिको अनुभूति गर्न सकेका छैनन् भने आमनागरिकले न्याय पाउन नसकेको र दण्डहीनताले प्रश्रय पाएको अनुभूति गरिरहेका छन्।

अन्वेषी प्रकाशनको सुरुवातदेखि नै हिंसा भोगेका तर कानुनी प्रक्रियामा जान नसकेका वा नगएका र त्यसका अनेक प्रभावहरूसँग जुध्दै आइरहेका घटनाहरूको दस्तावेजीकरणमा अन्वेषीले विशेष भूमिका खेल्दै आएको छ। अन्वेषीले सोही भूमिकालाई निरन्तरता दिँदै यसपाली हिंसा प्रभावितहरूले कानुनी रूपमा न्याय पाएका तर त्यसको उपभोग र अनुभव गर्न नपाएका, हिंसापश्चात सामाजिक पुनर्स्थापना भएका तर सामाजिक न्यायको अनुभूति गर्न नसकेका, घटनाहरूको विश्लेषणमा बढी जोड दिएको छ। पुस्तकमा प्रस्तुत भएका हिंसाका तथ्य-तथ्याङ्कहरूले महिलाको भोगाइहरू, महिला हिंसाका मूल स्वरूप, प्रवृत्ति र त्यसका प्रभावहरू तथा प्रभावितको न्यायमा पहुँचको अवस्थाबारे एक तहको सूचना प्रवाह गर्न सक्षम छ भन्ने कुरामा ओरेक विश्वस्त छ। साथै महिला हिंसा रोकथाम र समाधानका निम्ति चालिनुपर्ने कदमहरू पहिल्याउनका लागि अन्वेषी एक उपयोगी दस्तावेज हुनेछ भन्ने विश्वास लिएको छ।

## १.३. घटना सङ्कलन अवधि र क्षेत्र

पुस्तकमा समावेश गरिएका तथ्याङ्क श्रावण २०७८ देखि असार २०७९ सम्मको समय अवधिमा सङ्कलन गरिएको हो। यसभित्र महिलामाथि भएका १ हजार ८ सय १३ वटा हिंसाका घटनाहरू समाविष्ट छन्। पुस्तकमा तथ्याङ्कहरूको विश्लेषणसमेत प्रस्तुत गरिएको छ। ओरेकले सङ्कलन गरेको ताजा तथ्याङ्क बाहेक यसभित्र विभिन्न राष्ट्रियस्तरका पत्रपत्रिकामा प्रकाशित घटनाहरू समेतलाई समेटिएको छ। राष्ट्रियस्तरमा प्रकाशित पत्रपत्रिकाहरूबाट ४ सय ७८ घटनाहरू सङ्कलन गरिएको छ।

## १.४. अध्ययनको सीमा

यो सर्भेक्षण मूलतः ओरेक, महिला मानवअधिकार रक्षक सञ्जाल, महिला सामुदायिक संस्था तथा सञ्जालको कार्यक्षेत्र, पहुँच र जानकारीमा आधारित रहेको छ। विभिन्न जिल्लाहरूमा समुदायस्तरमा कार्यरत महिला मानव अधिकार रक्षकहरू तथा महिला सामुदायिक संस्थाको अभिलेखीकरण, स्थलगत अनुसन्धान, संस्थाले उपलब्ध गराएको सुरक्षित आवास, कानुनी परामर्श तथा सहयोग, स्वास्थ्योपचार लगायतका सेवाहरू मार्फत तथ्याङ्क सङ्कलन गरिएको छ । थप विस्तृत तथ्याङ्कका लागि राष्ट्रिय पत्रपत्रिकामा प्रकाशित घटनालाई पनि समावेश गरिएको छ। पुस्तकमा नेपालका ७ वटै प्रदेशमा भएका महिला हिंसाका घटनाहरू समेट्ने प्रयत्न गरिएको भएपनि यसले समग्र नेपालका महिलाहरूमाथि भएको हिंसाको तथ्य र प्रवृत्तिलाई समेट्न सक्दैन। यद्यपि नेपालका महिलामाथि हुने हिंसाको अवस्था, स्तर, प्रभाव, स्वरूप, तथा प्रवृत्तिको वास्तविक चित्रण भने गर्दछ।

यहाँ प्रस्तुत तथ्याङ्कले नेपालका हरेक समुदाय र समूहका महिलामाथि हिंसा हुने तथ्य उजागर गरेको छ। साथै त्यस्ता हिंसा हुनुको कारक तत्वहरू समुदाय र समूहहरूको बसोबासको क्षेत्र, सामाजिक-सांस्कृतिक प्रचलन र मूल्य-मान्यता, लैङ्गिक सम्बन्ध, आर्थिक, शैक्षिक, राजनीतिक स्तर आदिद्वारा निर्धारित हुन्छन् भन्ने कुरासँग पनि ओरेक सहमत छ। यद्यपि सीमित स्रोत, साधन र प्राविधिक कारणवस ती पक्षहरूको विश्लेषण गर्न सकिनेसम्मको अवस्था सिर्जना गर्न असमर्थ छौं। यद्यपि आगामी सर्भेक्षणका क्रममा यी पक्षहरूसमेतलाई समेटेर लानु आवश्यक रहेको कुरामा हामी सहमत छौं । जसले गर्दा महिलामाथि हुने हिंसाका घटनाहरूको अनेक आयामहरूसमेत बाहिर ल्याउन सकिनेछ भन्ने विश्वास लिएका छौं ।

## १.५. अध्ययन विधि

यो मूलतः ओरेकको स्रोत-साधन र मानव स्रोतद्वारा सम्पन्न एक सर्भेक्षण हो। सूचना सङ्कलनका लागि संस्थाको 'लैङ्गिक विभेदमा आधारित महिला हिंसा घटना सङ्कलन फारम' को प्रयोग गरिएको छ।

## १.६ सूचना सङ्कलनमा एकरुपता

घटना अभिलेखीकरणमा एकरूपताका लागि लैङ्गिक विभेदमा आधारित महिला हिंसा घटना सङ्कलन फारमका आधारमा सूचनाहरू सङ्कलन गर्ने गरिएको छ । फारममा महिला हिंसासम्बन्धी घटनाको जानकारी, हिंसाका असरहरूलाई सङ्ख्यात्मक र विवरणात्मक फर्म्याटमा सङ्कलन गरिएको हो । सबै महिलाहरूका लागि सोही फारमको प्रयोग गरिएको भए पनि सूचना सङ्कलनका बखत आएका थप सूचनाहरूलाई समेत आवश्यकतानुसार समावेश गरिएको छ । त्यसो भए पनि सङ्कलित सूचनाहरूको एकरूपता कायम राखिएको छ ।

## १.७ सूचना सङ्कलन

ओरेकले तयार पारेको लैङ्गिक विभेदमा आधारित महिला हिंसा घटना सङ्कलन फारमको प्रयोगद्वारा सङ्कलित सूचनाहरू ओरेक र महिला मानव अधिकार रक्षक सञ्जालका दक्ष जनशक्तिबाट अभिलेखीकरण गरिएको छ । सङ्कलित सूचनाहरू पीडित/प्रभावित स्वयं तथा घटना बाहिर ल्याउन सहयोग गर्ने पीडित/प्रभावितको परिवारका सदस्यहरूबाट लिइएको हो । ओरेकको विभिन्न शाखाहरूले सम्बन्धित क्षेत्रको तथ्याङ्कहरू सङ्कलन गरेपश्चात् काठमाडौंस्थित केन्द्रीय कार्यालयमा ती सबैतिरका तथ्याङ्कहरूलाई एकीकृत गरी विश्लेषण गरिन्छ ।

## १.८ तथ्याङ्क प्रशोधन प्रक्रिया र विश्लेषण

अभिलेख गरिएका घटनाहरूको गोपनीयता कायम राख्दै प्रत्येक घटनाहरूका कोड नम्बर राखी एसपीएसएस (SPSS) नामक सफ्टवेयरको ११.५ भर्सनमा तथ्याङ्कहरूलाई सङ्गठित, एकीकृत र व्यवस्थित गरिन्छ । उक्त सफ्टवेयरकै आधारमा व्यवस्थित र एकीकृत घटना/तथ्याङ्कहरूको विश्लेषण गरी यो पुस्तक तयार पारिएको हो ।

## १.९ आचारसंहिताको पालना

महिला हिंसाका घटना आफैंमा ज्यादै संवेदनशील प्रकृतिका हुने गर्छन् । यस्ता घटना सार्वजनिक र सङ्कलन कार्य दुवै नै प्रभावितको हकमा निकै जोखिमयुक्त र प्रतिकूल पनि हुने गर्छ । त्यही संवेदनशीलतालाई मध्यनजर गर्दै सूचना सङ्कलनका क्रममा निम्न नैतिक जिम्मेवारीको निर्वाह गरिएको थियो :

- घटना अभिलेख गर्नुपूर्व सूचनादाता/प्रभावित वा प्रभावितको तर्फबाट जानकारी दिने पूर्ण जानकार व्यक्तिलाई सङ्कलन गरिँदै गरेको सूचनाको गोपनीयता कायम राखिने, सूचना सङ्कलनको उद्देश्य र उपादेयताबारे जानकारी प्रदान गरिएको थियो ।
- सूचनादाताको मौखिक सहमति र स्वीकृति अनिवार्य रूपमा लिइएको थियो । नाबालकको हकमा अभिभावक वा परिवारका निकटतम हकवाला वयस्क सदस्य वा नातेदारबाट अनुमति लिइएको थियो ।
- प्रभावितलाई प्रतिकूल असर पार्ने वा कुनै पनि हानिनोक्सानी गर्ने गरी सङ्कलित सूचनाको प्रयोग नगरिने कुरा स्पष्टसँग बताइएको थियो । साथै प्राप्त सूचनालाई महिला हिंसाविरुद्धको पैरवीका लागि विश्लेषण गरी प्रयोग गरिने जानकारी दिइएको थियो ।
- सूचना सङ्कलन र अभिलेख राख्ने क्रममा प्रभावितलाई असर पर्ने खालका कुनै पनि भाषा र व्यवहारहरूको प्रदर्शन गरिएको थिएन ।
- तालिम प्राप्त अभिलेखनकर्ताहरू मार्फत सूचना सङ्कलन तथा अभिलेखीकरण गरिएको थियो । साथै प्रभावितद्वारा सूचना प्राप्त गर्नका लागि व्यक्तिगत लाभ हुने गरी कुनै पनि वस्तु वा सहयोग प्रदान गरिएको थिएन । तर, प्रभावितहरूको जोखिम तथा नाजुक मनोसामाजिक अवस्थाका आधारमा अभिलेखनकर्ताको सिफारिसबमोजिम मनोसामाजिक परामर्श र सुरक्षित आवास सेवा भने प्रदान गरिएको थियो । त्यस्ता प्रभावितहरूसँग सुरक्षाबासमा मनोसामाजिक परामर्श सेवा प्रदान गरेपश्चात् सूचना लिइएको थियो । सूचना लिने क्रममा प्रभावितको लिखित सुसूचित सहमतिलाई ध्यान दिइएको थियो ।
- घटना अभिलेखीकरणका सम्पूर्ण प्रक्रियामा गोपनीयताको पूर्णतया पालना गरिएको थियो ।

# परिच्छेद २

## कार्यगत परिभाषा र कार्यकारी सारांश

### २.१ कार्यगत परिभाषा

महिलामाथि हुने गरेका हिंसाका स्वरूपहरू बहुआयामिक छन् र समयअनुसार हिंसाका स्वरूप थप जटिल बन्दैछन् । महिलामाथि हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW), मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरू, राष्ट्रिय नीति, नियम, कानुनहरू एवं महिला हिंसाविरुद्ध तथा मानव अधिकारसम्बन्धी घोषणापत्रहरूले औंल्याएका विभेदसम्बन्धी परिभाषाहरूलाई आधार मानेर यो अध्ययनमा हिंसाका स्वरूपलाई ७ भागमा वर्गीकरण गरी विश्लेषण गरिएको छ ।

### क) हिंसाका प्रकार

**घरेलु हिंसा**

घरभित्र परिवारका एक सदस्यबाट अन्य सदस्यमाथि भएका हिंसालाई घरेलु हिंसाभित्र समावेश गरिएको छ । श्रीमान तथा परिवारका अन्य सदस्यहरूबाट भएको कुटपिट, बहुविवाह गरी स्रोत-साधनबाट वञ्चित गरिएका, घरनिकाला, गाली-गलौज, भावनात्मक चोट पुऱ्याउने कार्य तथा विभिन्न डर, त्रास देखाई गरिने मानसिक हिंसा, खान-लाउन नदिने, स्वास्थ्य सेवाबाट वञ्चित गर्ने वा स्वास्थ्यप्रति बेवास्ता गर्ने तथा वैवाहिक बलात्कारका घटनालाई समावेश गरिएको छ । साथै घरको काममा सघाउन राखिएका कामदारमाथि हुने शोषण र हिंसा पनि घरेलु हिंसाभित्र समेटिएको छ ।



**सामाजिक हिंसा**

समाज वा समुदायबाट भएका हिंसाका घटनालाई सामाजिक हिंसाभित्र समावेश गरिएको छ । सामाजिक हिंसाभित्र विशेषगरी बोक्सीको आरोपमा महिलामाथि भएका हिंसा, छुवाछूत, कम उमेरमा हुने विवाह, जबरजस्ती विवाह, महिलामाथि समाजले लगाउने विभिन्न लाञ्छनालगायत समाजबाट सामाजिक र मानसिक असर परेका घटनाहरूलाई समावेश गरिएको छ ।

### यौन हिंसा

महिलाको इच्छाविपरीत जबरजस्ती यौन अङ्गहरू तथा संवेदनशील अङ्गहरूमा छुने, सुम्सुम्याउने, अश्लील शब्दहरूको प्रयोग गर्ने, अश्लील शारीरिक हाउभाउद्वारा जिस्क्याउने, सङ्केत गर्ने, अश्लील सन्देशहरू, तस्बिर वा भिडियो पठाउने, त्यस्तै चित्र, दृश्य वा फिल्महरू देखाउने जस्ता क्रियाकलापलाई यस प्रतिवेदनमा यौन हिंसाभित्र राखिएको छ ।

### बलात्कार

बलात्कार, सामूहिक बलात्कार र बलात्कारको प्रयासलाई बलात्कारको परिभाषाभित्र समावेश गरिएको छ । यसमा महिलालाई ललाइफकाइ वा जबरजस्ती शक्ति प्रयोग गरी भएका बलात्कारका घटनाहरूलाई समावेश गरिएको छ । साथै सहमतिमै भए पनि १८ वर्ष मुनिका बालिकासँग भएको यौन सम्बन्धलाई पनि बलात्कारका रूपमा परिभाषित गरिएको छ ।

### मानव बेचबिखन र ओसारपसार

दासता, बाध्यात्मक श्रम (बँधुवा मजदुरी वा ऋणी बनाइएका व्यक्तिहरूको श्रमलगायत) र दासतापूर्ण व्यवहार, यौनजन्य कामका लागि कुनै पनि व्यक्तिलाई डर, धाक देखाई, जालझेल गरी वा शक्तिरपदको दुरूपयोग गरी काममा लगाउनु, ओसारपसार गर्नु, एक ठाउँबाट अर्को ठाउँमा लैजानु वा लैजानका लागि सहयोग गर्नुलाई मानव बेचबिखनरओसारपसारमा समावेश गरिएको छ । साथै आश्रय दिनु वा अरूद्वारा त्यस्तो कामका निम्ति सहयोग प्राप्त गर्नु पनि बेचबिखन हो । बेचबिखनरओसारपसार तथा बेचबिखनरओसारपसारको प्रयास भएका घटनालाई यसमा समावेश गरिएको छ ।

### हत्या

हत्याभित्र महिलालाई मनसायपूर्वक विभिन्न तबरबाट मारिएका तथा मार्ने प्रयास गरिएका घटनाहरूलाई समेटिएको छ ।

### आत्महत्या

महिलामाथि हुने विभेद तथा उनीहरूमाथि भएको चरम हिंसाका कारण महिलाहरू मानसिक रूपमा विक्षिप्त भई आफ्नै ज्यान लिन बाध्य हुने वा बनाइने अवस्था हामीकहाँ छ । हिंसाका कारण पीडित वा पीडितका परिवारले आत्महत्या गरेका र आत्महत्या गर्न प्रयास गरेका घटनाहरूलाई पनि यसमा समावेश गरिएको छ ।

**अन्य**

अपहरण/बेपत्ता, अनलाइनमा भएका लैङ्गिक विभेदमा आधारित हिंसाका घटनाहरूलाई यसमा राखिएको छ ।

## ख) प्रभावित/पीडकको वैवाहिक स्थिति

यसअन्तर्गत विवाहित, अविवाहित, एकल, विवाहित तर पारिवारिक मनमुटावका कारण अलगअलग बस्दै आएका, कानुनी एवं सामाजिक रीति रिबाजअनुसार विवाह नगरेका तर विवाहित जोडीसरह सँगै बसेका र सम्बन्ध विच्छेदलाई समेटिएको छ ।

## ग) प्रभावित/पीडकका समूहहरू

यिनलाई निम्नलिखित समूहहरूमा बाँडिएको छ –

**पहाडे जनजाति** : गुरुङ, मगर, राई, लिम्बु, किराँत, थामी, छन्त्याल, तामाङ, शेर्पा, लामा, भोटे, नेवार, जिरेल, थकाली, चेपाङ, राउटे, कुसुण्डा, दनुवार आदि ।

**तराई जनजाति** : थारु, राजवंशी, ताजपुरिया, गन्गाई, सिंह, धानुक, धिमाल, सन्थाल, मुन्डा, सतार, झाँगड, दनुवार, किसान, कुसवधिया र कुचवधिया, मेचे आदि ।

**तराई दलित** : चमार, हरिजन, राम, मुसहर, दुसाध, पासवान, पासी, तत्मा, खत्वे, धोबी, सरदार, चिमीदार, डोम, हल्खोर, कलर, खातिक, कोइरी आदि ।

**पहाडे दलित** : दमाई, कामी, सार्की, ढोली, गाइने, बादी आदि ।

**तराई गैरदलित** : यादव, तेली, गुप्ता, कामत, मलाहा, महतो, साह, ठाकुर, राजभर, माली, कुर्मी, हलवाई, केवत, नुनिया, कहर, धेडियार, धनिया, लोधा, हजाम, आदि ।

**मुस्लिम**

**ब्राह्मण/क्षेत्री (पहाडे, तराई)**

## घ) प्रभावित/पीडकको पेसाहरू

सरकारी सेवा
गैरसरकारी सेवा
कृषि तथा पशुपालन
घरायसी काम
निजी क्षेत्र
दैनिक ज्यालादारी
व्यापार व्यवसाय
विद्यार्थी
रोजगारको खोजीमा रहेका
वैदेशिक रोजगार

## ङ) प्रभावितलाई परेका असरहरू

शारीरिक असर
मानसिक असर
आर्थिक असर
सामाजिक असर
सबै असर

## च) प्रभावित/पीडकको उमेर

१८ वर्षभन्दा कम
१८ देखि २५ वर्षसम्म
२६ देखि ३५ वर्षसम्म
३६ देखि ४५ वर्षसम्म
४६ देखि ५५ वर्षसम्म
५६ वर्षभन्दा माथि

## २.२ कार्यकारी सारांश

### अध्ययनबाट प्राप्त नतिजा सङ्क्षेपमा

### २.२.१. भौगोलिक क्षेत्र अनुसार महिलामाथि भएको हिंसाको स्थिति

संस्थाले अभिलेख गरेका घटनाको विश्लेषण गर्दा प्रदेश नं १ बाट सबैभन्दा बढी महिला हिंसाका घटना अभिलेखीकरण भएका छन् । प्रदेश नं. १ मा ३० प्रतिशत (५३९ जना), प्रदेश नं. २ मा २७ प्रतिशत (४८१ जना), बाग्मती प्रदेशमा ४ प्रतिशत (७७ जना), गण्डकी प्रदेशबाट जम्मा ०.३ प्रतिशत (५ जना), लुम्बिनी प्रदेशमा १० प्रतिशत (१७५ जना), कर्णाली प्रदेशमा २० प्रतिशत (३७१ जना), र सुदूरपश्चिम प्रदेशमा ९ प्रतिशत (१६५ जना) महिलामाथि भएका विभिन्न प्रकारका हिंसाका घटना अभिलेख गरिएको छ ।

### २.२.२. हिंसाका प्रकारको विश्लेषण

**क) घरेलु हिंसा**

ओरेकले यस वर्ष जम्मा १ हजार ८ सय १३ वटा हिंसाका घटना अभिलेख गरेको छ । यी घटनामध्ये सबैभन्दा बढी महिला घरेलु हिंसाबाट प्रभावित भएको पाइएको छ । प्राप्त तथ्याङ्कका आधारमा यस वर्ष सबैभन्दा बढी ६५ प्रतिशत (११७५ जना) महिलामाथि आफ्नै घरभित्र हिंसा भएको छ र हिंसा गर्नेहरूमध्ये सबैभन्दा बढी आफ्नै श्रीमान र घरपरिवारका सदस्यहरू छन् । यसअघि २०७८ को अन्वेषीमा मा १ हजार ७ सय ७२ वटा घटनामध्ये ६३ प्रतिशत (१११६) घरेलु हिंसाका घटनाहरू भएको पाइएको थियो । यस तथ्याङ्कले घरेलु हिंसाको बढ्दो दरलाई देखाएको छ ।

त्यस्तै यस वर्ष कुल ११७५ घरेलु हिंसामध्ये ७७ प्रतिशत (९०८ जना) महिला श्रीमानबाट र २३ प्रतिशत (२६७) महिला घरपरिवारका सदस्यबाट हिंसामा परेका छन् । यसरी घरेलु हिंसा सहन बाध्य महिलामध्ये सबैभन्दा बढी २६ देखि ३५ वर्ष उमेर समूहका ४३ प्रतिशत (५०३ जना) र १८ देखि २५ वर्ष उमेर समूहका ३१ प्रतिशत (३६२ जना) रहेका छन् भने ७८ प्रतिशत (९१७ जना) साक्षर महिला हिंसाबाट प्रभावित रहेका तथ्याङ्कले देखाएको छ । यो तथ्याङ्कले सक्रियरूपमा प्रजनन उमेरमा रहेका र सचेत महिलामाथि धेरै हिंसा भएको देखाएको छ । नेपाल प्रहरीमा आर्थिक वर्ष २०७८/७९ मा आएका उजुरीमध्ये सबैभन्दा धेरै घरेलु हिंसाकै रहेको छ । यस वर्ष २७ हजार वटा उजुरी प्रहरीमा आएका छन् । यो तथ्याङ्कले हिंसा सहन हुन्न भन्ने चेतना महिलामा बढेको देखिन्छ । तर घरभित्र भएका धेरैजसो हिंसाका घटना अझै पनि प्रहरी कहाँ पुग्न सकेका छैनन् ।

हिंसाको चरम अवस्थामा पुगेपछि मात्र पीडित प्रहरी कहाँ पुग्ने गरेको पाइन्छ । त्यस्तै घरेलु हिंसाका घटनामा पटकपटक प्रभावितलाई बाध्य बनाई गरिने मेलमिलापले आत्महत्या बढाएको र महिलाहरू पुनः हिंसामा परेको अवस्था हाम्रो सामू छ ।

### ख) सामाजिक हिंसा

यस बर्ष पनि सङ्कलित तथ्याङ्कलाई विश्लेषण गर्दा महिलाहरूमाथि घरेलु हिंसापछि सबैभन्दा बढी सामाजिक हिंसा भएको पाइएको छ । सङ्कलन गरिएको तथ्याङ्क हेर्दा १३ प्रतिशत (२४० जना) महिलामाथि सामाजिक हिंसा भएको पाइएको छ । त्यसमा ४१ प्रतिशत (९८ जना) छिमेकीबाट, २१ प्रतिशत (५० जना) महिलाले आत्मीय र नजिक ठानेका साथीबाट, ११ प्रतिशत (२६ जना) समुदायका सदस्यबाट हिंसामा परेका छन् । यसैगरी १० प्रतिशत (२४ जना) परिवारका सदस्यबाट, ७ प्रतिशत (१७ जना) सेवा प्रदायक संस्थाका अधिकारीबाट, ४ प्रतिशत (९ जना) साथीबाट, ३ प्रतिशत (६ जना) अविवाहित तर सँगै बसेका व्यक्तिबाट, २ प्रतिशत (४ जना) महिलामाथि कुनै पनि सम्बन्ध नभएको अपरिचित व्यक्तिबाट र ०.४ प्रतिशत (१ जना) शिक्षकबाट सामाजिक हिंसा भएको पाइएको छ । आर्थिक वर्ष २०७७/७८ मा नेपाल प्रहरीको यस वर्षको तथ्याङ्कअनुसार ५२ वटा उजुरी बालविवाह विरुद्धमा परेका छन् । त्यस्तै बोक्सीको आरोपमा महिलालाई यातना दिइएका ४९ वटा उजुरी प्रहरीमा आए । यस वर्ष ८ सय ९ वटा बहुविवाहका उजुरी प्रहरीमा दर्ता भएका छन् ।

### ग) बलात्कार

प्राप्त तथ्याङ्कअनुसार यसवर्ष ६ प्रतिशत (१०९ जना) महिलामाथि बलात्कार, २ प्रतिशत (३४ जना) महिलामाथि बलात्कारको प्रयास, ०.८ प्रतिशत (१४ जना) सामुहिक बलात्कार र १.२ प्रतिशत (२२ जना) वैवाहिक बलात्कार भएको पाइएको छ । ३५ प्रतिशत (६२ जना) महिलामाथि छिमेकीबाट, १३ प्रतिशत (२४ जना) परिवारका सदस्यबाट, १२ प्रतिशत (२२ जना) श्रीमानबाट बलात्कार भएको छ । यसैगरि ९ प्रतिशत (१७ जना) महिलामाथि प्रेमीबाट, ७ प्रतिशत (१३ जना) समुदाय सदस्यबाट, ६ प्रतिशत (१० जना) सेवा प्रदायक संस्थाका अधिकारीबाट, ४ प्रतिशत (८ जना) महिला आफूले आत्मीय ठानेका साथीबाट, १ प्रतिशत (२ जना) अविवाहित तर सँगै बसेका साथीबाट, १ प्रतिशत (१ जना) शिक्षकबाट र ९ प्रतिशत (१७ जना) महिला अपरिचित व्यक्तिवाट बलात्कार भएको तथ्याङ्कले देखाएको छ । प्रभावित महिलामध्ये सबैभन्दा बढी ४५ प्रतिशत (८० जना) बलात्कारका घटना १८ वर्षमुनिका बालिकामाथि भएको तथ्याङ्कमा उल्लेख छ । तथ्याङ्कले बालिकाहरू बलात्कारको जोखिममा धेरै रहेको औंल्याएको छ । आर्थिक वर्ष २०७७/७८ मा नेपाल

प्रहरीमा जबरजस्ती करणीका २ हजार १४४ वटा उजुरी दर्ता भएका छन् । कतिपय घटनामा बलात्कारपछि अपराध खुल्ने डरले हत्या समेत गर्ने गरिएको छ । यी त प्रहरीकहाँ दर्ता भएका र बाहिर आएका घटना हुन् । त्यसबाहेक आफन्त र परिवारले आफ्नो इज्जत र प्रतिष्ठाका कारण यस्ता  घटनालाई लुकाउने वा समाज मै चुपचाप मेलमिलाप गराउने परम्परा छ । जसका कारण बलात्कारको यथार्थ संख्या यति नै हो भनेर किटान गर्न सकिने अवस्था छैन ।

**घ) यौन हिंसा**

यस वर्ष ६ प्रतिशत (११५ जना) महिलामाथि यौन हिंसा भएको पाइएको छ, जसमध्ये सबैभन्दा बढी ४५ प्रतिशत (५२ जना) यौन हिंसा महिलाले आत्मीय ठानेका साथीबाट भएको पाइएको छ । त्यसैगरी १५ प्रतिशत (१७ जना) परिवारका सदस्यवाट, १४ प्रतिशत (१६ जना) छिमेकीबाट, ७ प्रतिशत (८ जना) अविवाहित तर सँगै बसेका साथीबाट यौन हिंसामा परेका छन् । यसैगरि ६ प्रतिशत (७ जना) श्रीमान, ५ प्रतिशत (६ जना) साथीबाट, २ प्रतिशत (२ जना) सेवा प्रदायक संस्थाका सदस्यबाट, २ प्रतिशत (२ जना) समुदायका सदस्यबाट, १ प्रतिशत (१ जना) शिक्षकबाट र २ प्रतिशत (२ जना) महिलामाथि अपरिचित व्यक्तिबाट यौन हिंसा भएको पाइएको छ । घटनालाई हेर्दा साक्षर महिलाहरूमाथि ८३ प्रतिशत (९६ जना) र १८-२५ वर्ष उमेर समूहका ५० प्रतिशत (५७ जना) महिलामाथि यौन हिंसा धेरै भएको पाइएको छ ।

**ङ) हत्या**

यस वर्ष संकलन गरिएको  तथ्याङ्क अनुसार १.१ प्रतिशत (२० जना) महिलाको हत्या भएको छ भने ०.७ प्रतिशत (१२ जना) महिलामाथि हत्याको प्रयास भएको पाइएको छ । हत्याका घटनामध्ये ४० प्रतिशत (८ जना) परिवारका सदस्यबाट, २५ प्रतिशत (५ जना) श्रीमानबाट, १० प्रतिशत (२ जना) साथीबाट र १५ प्रतिशत (३ जना) को छिमेकीबाट हत्या भएको पाइएको छ ।  यसैगरि हत्या हुने मध्ये ८० प्रतिशत (१६ जना) साक्षर महिला रहेका छन् भने, १८-२५ बर्ष उमेर समूहका ३५ प्रतिशत (७ जना), २६ देखि ३५ वर्ष उमेर समूहका २० प्रतिशत (४ जना), १८ वर्षभन्दा कम उमेरका  बालिका २० प्रतिशत (४ जना), ३६ वर्ष माथि उमेरका २५ प्रतिशत (५ जना) महिलाको हत्या भएको पाइएको छ ।

**च) बेचबिखन**

संस्थामा संकलित तथ्यांकलाई आधार मान्दा एक प्रतिशत (२५ जना) महिला यसवर्ष बेचबिखनमा परेको तथ्याङ्क छ । जसमध्ये सबैभन्दा बढी २४ प्रतिशत (६ जना) समुदायका सदस्यबाट, २० प्रतिशत (५ जना) परिवारका सदस्यबाट, १२–१२–१२ प्रतिशत (३,३,३ जना) छिमेकीबाट, साथीबाट र अपरिचितबाट, ८–८ प्रतिशत (२,२ जना) श्रीमान र आफूले आत्मीय ठानेको साथीबाट, ४ प्रतिशत (१ जना) अन्यबाट महिला तथा बालिका बेचबिखन भएको पाइएको छ । महिलाको साक्षरता र बेचविखनलाई विश्लेषण गर्दा ७६ प्रतिशत (१९ जना) साक्षर महिला बेचबिखनमा परेका छन् । उमेरको हिसावले सवैभन्दा बढी १८ वर्षभन्दा कम उमेरका ५२ प्रतिशत (१३ जना), १८ देखि २५ वर्ष उमेरका ३२ प्रतिशत (८ जना) बालिका तथा महिला र २६ देखि माथिका १६ प्रतिशत (४ जना) बेचबिखनमा परेको पाइएको छ । यसवर्ष संस्थाको पहलमा नेपाल प्रहरीमा संस्थामा आएका २५ बेचविखनका घटनामध्ये २३ वटा घटनाको उजुरी दर्ता भई न्यायिक प्रक्रियामा अघि बढेका छन् ।

**छ) आत्महत्या**

यस वर्ष संस्थामा अभिलिखित महिलामाथि हुने हिंसा र आत्महत्याका कारणलाई विश्लेषण गर्दा ९ जना (०.५ प्रतिशत) महिलाले चरित्रहत्या गरिएका कारण, दाइजो कम ल्याएको भन्दै दैनिक रूपमा यातना, जबरजस्ती विवाह जस्ता कारणले आत्महत्या गर्न बाध्य भएको र २ जना (०.१ प्रतिशत) महिलाले आत्महत्याको प्रयास गरेका घटना अभिलेखीकरण भएको छ । आत्महत्या गरेका मध्ये अविवाहित ७८ प्रतिशत (१० जना) रहेका छन् ।

**ज) साइवर अपराध**

महिलामाथि अनलाइन तथा सामाजिक सञ्जालमार्फत भएका हिंसालाई साइबर अपराधका घटनाभित्र समेटिएको छ । यस वर्ष संस्थामा अभिलेखीकरण भएका हिंसाका घटनामध्ये ०.५ प्रतिशत (९ जना) साइबर अपराधका घटना छन् ।

**झ) अन्य**

महिलामाथि भएका हिंसा तर थोरै सङ्ख्यामा अभिलेख भएका घटनाहरूलाई अन्य समूहमा राखी विश्लेषण गरिएको छ। यस समूहका घटनाहरूमा अपहरणमा परेका, ठगीमा परेका, महिलालाई बेपत्ता बनाइएका तथा अलपत्र पारिएका घटना राखिएको छ। यस वर्ष २० जना महिला अलपत्र अवस्थामा फेला पारिएको, ४ जना अपहरणमा परेका र ३ जना ठगीमा परेका तथ्याङ्क प्राप्त भएको छ ।

## ३. उमेर समूह र महिलामाथि हुने हिंसा

यस वर्ष सबैभन्दा बढी २६-३५ वर्ष उमेर समूहका महिला हिंसामा परेको पाइएको छ। कुल हिंसा प्रभावितहरूमध्ये ३५ प्रतिशत (६३४ जना) हिंसा यो उमेर समूहका महिलामाथि हिंसा भएको पाइएको छ। यस्तैगरी १८ देखि २५ वर्ष उमेर समूहमा ३० प्रतिशत (५४७ जना), ३६ देखि ४५ वर्ष उमेर समूहमा १४ प्रतिशत (२५६ जना), १८ वर्षभन्दा कम उमेरका १३ प्रतिशत (२४० जना), ४६ देखि ५५ वर्ष उमेर समूहका महिलामा ५ प्रतिशत (९६ जना) र ५६ वर्षभन्दा बढी उमेर समूहका महिलाहरूमा २ प्रतिशत (४० जना) मा कुनै न कुनै प्रकारको हिंसा भएको पाइएको छ।

## ४. शिक्षा र महिलामाथि हुने हिंसा

महिलामाथि हुने हिंसा र प्रभावितको शिक्षाको स्तरलाई विश्लेषण गर्दा ८० प्रतिशत (१४५२ जना) साक्षर महिलामाथि सबैभन्दा बढी हिंसा भएको पाइयो । हिंसा प्रभावित महिलामध्ये २० प्रतिशत निरक्षर (३६१ जना) रहेको पाइयो । साक्षरताको अवस्थालाई समेत विश्लेषण गरी हेर्दा ५५ प्रतिशत (७९४ जना) महिलाले आधारभूत शिक्षा (१ देखि ८ कक्षा) सम्म अध्ययन गरेका, ३९ प्रतिशत (५६० जना) माध्यमिक तहसम्मको अध्ययन गरेका, ६ प्रतिशत (८५ जना) स्नातक तहसम्म अध्ययन गरेका, १ प्रतिशत (१० जना) स्नातकोत्तर तथा ०.२ प्रतिशत (३ जना) प्राविधिक शिक्षा अध्ययन गरेका महिलामाथि हिंसा भएको पाइयो । यो तथ्याङ्कले शिक्षित वा साक्षर महिलामा अन्यायविरुद्ध बोल्नुपर्छ भन्ने चेतनाको विकास हुँदै गएको र उनीहरूले आफूमाथि भएको हिंसाविरुद्ध आवाज उठाएको बुझिन्छ। त्यसैगरी समुदायमा साक्षर महिलाहरू बढी हिंसाको जोखिममा रहको तथ्य पनि प्रष्ट हुन्छ।

### ५. वैवाहिक अवस्था र महिलामाथि हुने हिंसा

महिलामाथि भएका हिंसा र महिलाको वैवाहिक अवस्थालाई विश्लेषण गर्दा सबैभन्दा बढी ७७ प्रतिशत (१,३९३ जना ) विवाहित महिलामाथि हिंसा भएको पाइएको छ । १९ प्रतिशत (३५१ जना) अविवाहित, २ प्रतिशत (३३ जना) एकल, १ प्रतिशत (११ जना) विवाहित तर पारिवारिक मनमुटावका कारणले अलग बस्दै आएका महिलामाथि हिंसा भएको छ । यसैगरी १ प्रतिशत (१७ जना) कानुनी र सामाजिक रीति रिबाजअनुरूप विवाह नगरेका तर विवाहितसरह बस्दै आएका र ०.४ प्रतिशत (८ जना) पारपाचुके गरेर बसेका महिलामाथि हिंसा भएको पाइयो । महिलाहरू बढी घरेलु हिंसाबाट प्रभावित छन् र सबैभन्दा बढी महिलामाथि विवाहपछि श्रीमानद्वारा हिंसा भएको पाइएकाले पनि विवाहित महिलाहरूमाथि भएको हिंसाको सङ्ख्या बढी अभिलेखीकरण भएको हुन सक्छ । यसले गर्दा विवाह जस्तो सामाजिक संस्थाप्रति नै प्रश्न खडा भएको छ ।

### ६. पेसा र महिलामाथि हुने हिंसा

कुन पेसामा संलग्न कति महिलामाथि हिंसा भएको छ भनी यस वर्ष प्राप्त तथ्याङ्कका आधारमा विश्लेषण गर्दा आफ्नै घरको काममा संलग्न हुने ४७ प्रतिशत (८५८ जना) महिलामाथि सबैभन्दा बढी हिंसा भएको पाइएको छ । यस्तैगरी हिंसा प्रभावित महिलाहरूमध्ये १६ प्रतिशत (२९८ जना) कृषिमा संलग्न रहेका, १६ प्रतिशत (२९५ जना) विद्यार्थी, १० प्रतिशत (१७३ जना) महिला दैनिक ज्यालामजदुरीमा संलग्न रहेको पाइएको छ । यस्तै ५ प्रतिशत (८६ जना) व्यापार-व्यवसायमा संलग्न, १ प्रतिशत (१२ जना) जागिर खोज्दै गरेका, २ प्रतिशत (४२ जना) गैरसरकारी क्षेत्रमा कार्यरत र १ प्रतिशत (१३ जना) जना सरकारी सेवामा कार्यरत महिलामाथि हिंसा भएको तथ्याङ्कले देखाएको छ । यसले के देखाउँछ भने कुनै पनि पेसा तथा व्यवसायमा रहेका महिलाहरू हिंसाबाट अछुतो नरहेको देखिन्छ साथै महिलालाई हेर्ने विभेदकारी दृष्टिकोण नै मुख्य कारणको रूपमा आएको पाइन्छ ।

### ७. महिलामाथि हुने हिंसाका असर

हिंसाका कारण महिलामाथि परेको असरलाई यस पुस्तकमा ५ समूहमा विभाजन गरी विश्लेषण गरिएको छ । महिलाहरूमाथि जुनसुकै प्रकारको हिंसा भए पनि सबैभन्दा बढी ५० प्रतिशत (९०७ जना) लाई हिंसाका कारण मानसिक असर परेको पाइएको छ । ३३ प्रतिशत (६०३ जना)

महिलालाई शारीरिक असर, ५ प्रतिशत (८८ जना) महिलालाई सामाजिक, ५ प्रतिशत (९० जना) महिलालाई आर्थिक असर परेको पाइएको छ भने १७ प्रतिशत (३०० जना) महिलामाथि हिंसाका कारण शारीरिक, मानसिक, आर्थिकलगायत सबैखाले असर परेको तथ्याङ्कले देखाएको छ ।

## ८. जातीयताका आधारमा महिलामाथि हुने हिंसा

महिलामाथि हुने हिंसाका विभिन्न प्रकारहरू र महिलाको जातीयताका आधारमा विश्लेषण गर्दा यस वर्ष सबैभन्दा बढी तराईका आदिवासी जनजाति महिलामाथि हिंसा भएको पाइएको छ। हिंसा प्रभावित कुल महिलामध्ये २४ प्रतिशत (४३५ जना) तराईका आदिवासी जनजाति, २३ प्रतिशत (४२३ जना) पहाडे ब्राह्मण/क्षेत्री, १२ प्रतिशत (२१० जना) पहाडे आदिवासी जनजाति, १० प्रतिशत (१७७ जना) तराईका दलित, १३ प्रतिशत (२४२ जना) पहाडे दलित, ७ प्रतिशत (१२९ जना) तराईका ब्राह्मण/क्षेत्री, ५ प्रतिशत (९६ जना) मुस्लिम र १ प्रतिशत (१९ जना) अन्य जातिका महिलामाथि हिंसा भएको तथ्याङ्क अभिलेख भएको छ ।

## ९. पीडक र प्रभावितको सम्बन्ध

महिलाको पीडकसँग रहेको सम्बन्धका आधारमा विश्लेषण गर्दा महिलामाथि सबैभन्दा धेरै हिंसा श्रीमानबाट भएको छ। महिलामाथि हिंसा गर्ने ५३ प्रतिशत (९५८ जना) श्रीमान रहेको तथ्याङ्कले देखाएको छ । त्यसैगरी १९ प्रतिशत (३५२ जना) महिला आफ्नै परिवारका सदस्यबाट, १० प्रतिशत (१८६ जना) महिला छिमेकीबाट, ७ प्रतिशत (१३४ जना) महिला आफूले आत्मीय ठानेका व्यक्तिबाट हिंसामा परेका छन् । यसैगरी २ प्रतिशत (३२ जना) साथीबाट, २ प्रतिशत (२९ जना) सेवा प्रदायक जस्तै : प्रहरी, स्वास्थ्यकर्मीबाट, १ प्रतिशत (१७ जना) अविवाहित तर सँगै बसेकाबाट, ०.२ प्रतिशत (३ जना) शिक्षकबाट, २ प्रतिशत (३३ जना) अपरिचित व्यक्तिबाट महिलामाथि हिंसा भएको पाइएको छ ।

# परिच्छेद ३

## महिलामाथि हुने हिंसा अन्त्यका लागि भएका प्रयास तथा प्रावधानहरू

हिंसाका कारण विश्वभरिका महिलाहरूले पुरुषसरह आफ्ना अधिकार र स्वतन्त्रताको निर्धक्क उपभोग गर्न सक्ने अवस्था छैन । महिलाविरुद्धको हिंसा उन्मूलनसम्बन्धी घोषणापत्र, १९९३ का अनुसार महिलाविरुद्ध हिंसालाई सार्वजनिक वा निजी जीवनमा लिङ्गका आधारमा हुने हिंसाजन्य कार्य, जसले महिलालाई शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुऱ्याउँछ वा पुऱ्याउने सम्भावना हुन्छ, जसअन्तर्गत त्यस्ता कार्यहरूमा धम्की, दबाव र स्वेच्छाचारी रूपमा महिलाका स्वतन्त्रतामा बन्देजसमेत पर्दछ भनी परिभाषित गरेको छ । नेपालको पुरुष प्रधान सामाजिक संरचना, मूल्य, मान्यता तथा सोचका कारण अन्य लिङ्गको तुलनामा पुरुषबाट महिला, बालिका तथा किशोरीमाथि हुने हिंसाको सङ्ख्या बढी रहेको तथ्याङ्कले देखाएको छ । नेपाल सरकार महिलामाथि हुने हिंसा अन्त्यका लागि प्रतिबद्ध छ र त्यसैअनुसारका नीति-नियम र कानुन पनि बनाएको छ । देशको मूल कानुन संविधानले नै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरेको पाइन्छ ।

यसैगरी मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद १० मा भेदभाव तथा अन्य अपमानजन्य व्यवहारसम्बन्धी कसुरअन्तर्गत दफा १६० ले भेदभावपूर्ण व्यवहारलाई पूर्ण रूपमा प्रतिबन्ध लगाएको छ । यस दफामा भएको व्यवस्थाअनुसार कानुनमा अन्यथा व्यवस्था भएकोमा बाहेक कानुनबमोजिम अधिकार प्रयोग गर्ने अधिकारीले त्यस्तो अधिकार वा सामान्य कानुनको प्रयोग गर्दा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा कुनै पनि नागरिकमाथि जानीजानी भेदभावपूर्ण व्यवहार गर्न हुँदैन । (२) उपदफा (१) बमोजिमको कसुर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद ३२ हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय

हुनेछ । मुलुकी देवानी संहिता, २०७४ को दफा १५ ले कानुन विपरीतका प्रथा वा परम्परालाई मान्यता दिने छैन भनिएको छ। कानुनले प्रथा तथा परम्परालाई दुरुत्साहन गरेको छ। साथै सोही ऐनको परिच्छेद ३ को दफा १७, १८ र १९ ले सबै नागरिक कानुनको दृष्टिकोणमा समान हुने र कसैलाई पनि भेदभाव गर्न नपाइने भनी गरेको व्यवस्थाले सबैका लागि समानताको अवसर सिर्जना गरेको छ। दफा १९ मा विशेष व्यवस्था भएकोमा भेदभाव गरेको नमानिने, दफा १७ र १८ मा जुनसुकै कुरा लेखिएको भए तापनि सामाजिक वा सांस्कृतिक दृष्टिले पछाडि पारिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस-आर्यलगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनबमोजिम विशेष व्यवस्था गरेकोमा भेदभाव गरेको मानिने छैन भनिएको छ । जसले स्पष्ट रूपमा माथि उल्लिखित समूदायलाई आरक्षणको व्यवस्था कानुनी रूपमा सुनिश्चित गरिएको छ र यसले महिला र विशेषगरी सदियौँदेखि पछाडि पारिएका समुदायको समान रूपमा बाँच्न पाउने अधिकार कानुनी रूपमा नै सुनिश्चित गरेको छ।

महिलाको आर्थिक, सामाजिक, सांस्कृतिकलगायत समग्र सवाल सम्बोधन गर्न महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सङ्घमा, महिला बालबालिका वा सामाजिक विकास मन्त्रालय प्रदेशमा र महिला बालबालिका शाखा स्थानीय तहमा गरी तीन तहको सरकारी संरचना स्थापना गरिएको छ। संविधानले राष्ट्रिय महिला आयोगलाई संवैधानिक आयोग बनाई महिला अधिकारको सुनिश्चितताका लागि आयोगलाई अझ धेरै अधिकार प्रदान गरेको छ।

देशको नयाँ संविधान, २०७२ अनुसार भाद्र ३१, २०७५ (सेप्टेम्बर १६ २०१८) सम्ममा संसदले १०५ वटा भन्दा बढी कानुन बनाएको छ । जसअन्तर्गत १६ वटा कानुन संविधानको मौलिक हकको कार्यान्वयनका लागि बनाइएको छ। नेपालको सबैभन्दा पुरानो कानुन मुलुकी ऐन, २०२० लाई मुलुकी अपराध संहिता २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता २०७४, फौजदारी कसुर सजाय निर्धारण तथा कार्यान्वयन ऐन, २०७४ साथै मुलुकी देवानी संहिता, २०७४ र मुलुकी देवानी कार्यविधि संहिता, २०७४ द्वारा २०७५ भदौमा प्रतिस्थापन गरिएको छ । जसले सबै प्रकारका भेदभाव, हिंसा, सामाजिक कुरीतिजन्य अभ्यास/महिलाविरुद्ध हुने हानिकारक परम्परागत अभ्यासलाई अपराधिक कार्यभित्र राखी सजाय र क्षतिपूर्ती दिने व्यवस्था गरेको छ।

नेपालमा महिला तथा बालिकामाथि हुने सबै प्रकारका हिंसा उन्मूलन गर्ने प्रतिबद्धतालाई पुनः पुष्टी गर्नका लागि प्रतिनिधि सभाबाट पारित भएको यौन हिंसाविरुद्धका केही ऐन संशोधन गर्न बनेको विधेयकमा बलात्कारका घटनामा हदम्याद बढाएर २ वर्ष बनाउने र बालबालिका, अपाङ्गता भएका व्यक्ति, अशक्त, मानसिक अवस्था कमजोर भएकाको हकमा ३ वर्षको हदम्याद राख्ने, बलात्कारमा परेका नाबालिगले बालिग भएको ३ वर्षसम्म उजुरी गर्न सक्ने र यौन हिंसामा परेका हिंसा प्रभावितहरूलाई राज्यकोषबाट क्षतिपूर्ति दिलाउने व्यवस्था भएको छ। यस्तै वैवाहिक बलात्कारलाई अपराध मानेर त्यस्तो जबर्जस्ती करणीमा ५ वर्षसम्म कैद सजायको व्यवस्था तोकेको छ।

संविधानमा रहेको समानुपातिक समावेशी प्रावधानले महिला, दलित, आदिवासी/जनजाति र अल्पसङ्ख्यकको राजनीतिक सहभागिता र प्रतिनिधित्व बढ्दै गएको छ। महिलामाथिको हिंसा कानुनी रूपमा दण्डनीय अपराध हो। महिला हिंसा गर्नेलाई हिंसाको कसुरअनुसारको सजाय हुने स्पष्ट कानुनी व्यवस्था छ। हुनत महिलामाथि हुने सबैखाले हिंसा नियन्त्रण र न्यूनीकरण गर्न नेपालमा विगतमा कानुनहरू पर्याप्त नभएका कारण सरकारले थप कानुनहरू पनि बनाएको छ र त्यसको प्रभावकारी कार्यान्वयनमा जोडसमेत दिएको पाइन्छ। मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१, बोक्सी आरोपविरुद्धको (कसुर र सजाय) ऐन, २०७२, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५, एकल महिला सुरक्षा कोष नियमावली, २०७०, लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली २०६७, महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना, २०६० लैङ्गिक समानता तथा महिला सशक्तीकरण राष्ट्रिय कार्ययोजना २०६१, ज्येष्ठ नागरिक राष्ट्रिय कार्ययोजना, २०६२, मानव बेचबिखन विशेषगरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८ र यसको कार्यान्वयन योजना, २०७१, छाउपडी प्रथा उन्मूलन निर्देशिका, २०६४, पुनःस्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८, पुनर्स्थापना कोष सञ्चालन निर्देशिका, २०६८, मानव बेचबिखन विरुद्धको अभियानमा संलग्न सरोकारहरूका लागि मनोसामाजिक, मनोविमर्श निर्देशिका, २०६८, मानव बेचबिखन तथा ओसारपसारबाट पीडित र प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्ड, २०६४ लगायतका कानुनी व्यवस्थाहरू महिला हिंसा न्यूनीकरण र नियन्त्रणका लागि कार्यान्वनमा रहेका छन्। त्यस्तै सर्वोच्च अदालतबाट विभिन्न समयमा भएका निर्णयहरू तथा आदेशहरू पनि रहेका छन्।

हिंसा नियन्त्रण गर्न केही वर्ष यता सरकारीस्तरबाट लैङ्गिक हिंसा न्यूनीकरणका लागि राष्ट्रिय कार्ययोजना तयार गरी स्थानीय तहदेखि राष्ट्रियस्तरसम्म विभिन्न कार्यक्रमसमेत सञ्चालन हुँदै आएका छन् । त्यसबाहेक महिलालाई आत्मनिर्भर, आर्थिक स्वनिर्भर गराउन विभिन्न सङ्घ/संस्थाले सञ्चालन गरेका सशक्तीकरणका कार्यक्रम र अभियानमार्फत प्रयास भइरहेको छ । साथै योजनाबद्ध विकासमा लैङ्गिक हिंसा नियन्त्रण गर्नका लागि अन्तर्राष्ट्रिय प्रावधानहरूको कार्यान्वयन गर्न राष्ट्रियस्तरमा विविध कानुनी प्रावधानहरूको व्यवस्था गरिएका छन् । साथै नेपाल प्रहरीले सवारी साधनमा लेखिएका अश्लील, अपाच्य, गाली, कानुनविपरीत तथा सामाजमा विकृति ल्याउने खालका सायरी, कविता, गजल तथा विभिन्न भनाइहरू हटाउने वा मेट्न लगाउने अभियान सञ्चालन गरेको छ ।


तर सरकार तथा निजी पक्षबाट यति धेरै सकारात्मक पहल भए तापनि कानुनी र नीतिगत व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन हुन नसक्दा महिलाविरुद्ध हुने हिंसा नियन्त्रण हुन सकेको छैन, साथै हिंसा प्रभावितले निर्माण भएका संयन्त्रबाट प्रभावकारी रूपमा सहज र सरल तरिकाले सेवा लिन सकेको अवस्था देखिंदैन । तर लैङ्गिक हिंसा रोकथाम तथा हालको विभेदकारी सामाजिक संरचनामा परिवर्तन आवश्यक देखिए तापनि संरचनागत परिवर्तनका लागि अभियानमूलक गतिविधिहरूमा केन्द्रित योजना तथा कार्यक्रमहरू निर्माण हुन सकेका छैनन् । महिलाविरुद्ध हुने हिंसा अन्त्यका लागि बहुपक्षीय भूमिका महत्वपूर्ण हुन्छ । संविधान र कानुनप्रदत्त हक-अधिकारलाई व्यवहारमा लागू गर्नका लागि राज्यको संयन्त्रमा सुदृढीकरण, संवेदनशीलता सहितको प्रतिबद्धता र सबै सरोकारवालाको सामूहिक ऐक्यबद्धता आवश्यक छ ।

# परिच्छेद ४

## ४.१ महिलामाथि भएको हिंसाको अवस्था र विश्लेषण

### ४.१.१ भौगोलिक क्षेत्रअनुसार महिलामाथि भएका हिंसाको अवस्था

महिलामाथि महिलामाथि हुने हिंसा कुनै विशिष्ट भौगोलिक क्षेत्रमा मात्र सीमित हुँदैन र छैन । यो हरेक क्षेत्र/स्थानमा हुने गर्दछ । संस्थामा अभिलेखीकरण भएका तथ्याङ्कअनुसार पनि मुलुकका सातवटै प्रदेशबाट महिला हिंसाका घटना अभिलेख भएका छन् । यो वर्ष २०२१ जुलाइदेखि २०२२ जुनसम्मको समयावधिमा ओरेक नेपालले ७ वटै प्रदेशमा गरी जम्मा १८१३ जना महिलामाथि भएका हिंसाका घटनाको अभिलेखीकरण गरेको छ ।




**चार्ट नं. १.** प्रदेशअनुसार महिलामाथि भएको हिंसाको स्थिति


यस वर्ष सङ्कलित तथ्याङ्कअनुसार अघिल्लो वर्ष जस्तै, प्रदेश नं. १ बाट सबैभन्दा धेरै हिंसाका घटना अभिलेखीकरण भएका छन् । प्रदेश नं. १ मा ३० प्रतिशत (५३९ जना), मधेस प्रदेशमा २७ प्रतिशत (४८१ जना), बागमती प्रदेशमा चार प्रतिशत (७७ जना), गण्डकी प्रदेशमा जम्मा ०.२८ प्रतिशत (५ जना), लुम्बिनी प्रदेशमा १० प्रतिशत (१७५ जना), कर्णाली प्रदेशमा २० प्रतिशत (३७१ जना), र सुदूरपश्चिम प्रदेशमा ९ प्रतिशत (१६५ जना) महिलामाथि भएका विभिन्न प्रकारका हिंसाका घटना ओरेकमा अभिलेख गरिएको छ ।

ओरेकको सम्पर्कमा आएका र संस्थाको पहुँचमा रहेका स्थान र क्षेत्रमा धेरै घटनाहरू अभिलेख भएका छन् । यही आधारमा यसको वर्गीकृत तथ्याङ्क निकालिएको हुँदा, बागमती र गण्डकी प्रदेशमा महिला हिंसा कम हुन्छन् र प्रदेश नं. १ मा बढी हुन्छन् भन्ने किटान यसले गर्दैन । प्रदेश नं. १ को मोरङ र उदयपुरमा ओरेकले लामो समयदेखि काम गरिरहेको छ । यसैगरी प्रदेश नं. १ को मोरङ, सुनसरी र उदयपुर, प्रदेश नं. २ को धनुषा, सुदूरपश्चिम प्रदेशको कैलाली, प्रदेश नं. ५ को दाङ र प्रदेश नं. ३ को काठमाडौंमा सुरक्षित आवाससमेत सञ्चालन गरिरहेको छ । यसैले ओरेक सक्रिय रहेका स्थानमा महिलामाथि हुने हिंसाका घटना धेरै अभिलेख हुनु निकै नै सकारात्मक हो । हिंसा हुनु कुनै पनि कोणबाट राम्रो होइन तर हिंसा भएर रिपोर्टिङ हुनु सकारात्मक हो किनकि घटना बाहिर आउनु भनेको न्यायिक प्रक्रियामा जानु हो । महिलाका लागि सहयोगी संयन्त्रहरूको विकास, सूचनाको पहुँच र महिलाहरूका सशक्तीकरणको अवस्था राम्रो भएका स्थानमा महिलामाथि हुने हिंसाका घटनाहरू बढी रिपोर्टिङ हुने गरेका छन् । भौगोलिक विकटता, सूचनाको पहुँचको कमी, हिंसा प्रभावित महिलाहरूका लागि सहयोगी संयन्त्रहरूको अभाव र यी संयन्त्रसम्मको पहुँच नभएका ठाउँहरूमा हिंसाका घटनाहरू कमै रिपोर्टिङ हुने गरेका छन् । फलस्वरूप, बागमती र गण्डकी प्रदेशबाट हिंसाको रिपोर्टिङ कम भएको हुन सक्दछ अथवा संस्थाले काम गर्ने कार्यक्षेत्र नभएका कारण कम घटना मात्रै रिपोर्टिङ भएको हुन सक्छ भन्ने संस्थाको विश्लेषण रहेको छ ।



### ४.१.२ महिला हिंसाका प्रकार

महिलामाथि हुने हिंसाका स्वरूप तथा प्रकार विभिन्न खालका छन् । यस वर्ष प्राप्त तथ्याङ्कका आधारमा महिलामाथि भएका हिंसालाई (चार्ट नं. २) १४ भागमा वर्गीकरण गरी विश्लेषण गरिएको छ ।




**चार्ट नं २.** महिलामाथि भएका हिंसाका प्रकारको अवस्था

यसवर्ष अभिलेख गरिएको तथ्याङ्कको विश्लेषण गर्दा सबैभन्दा बढी ६५ प्रतिशत (११७५ जना) महिलामाथि घरेलु हिंसा भएको पाइएको छ । त्यस्तैगरी १३ प्रतिशत (२४० जना) महिला सामाजिक हिंसाबाट, ६ प्रतिशत (१०९ जना) महिला, किशोरी तथा बालिकामाथि बलात्का, १ प्रतिशत (१४ जना) माथि सामुहिक बलात्कार, ०.८ प्रतिशत (३४) माथि बलात्कारको प्रयास, १ प्रतिशत (२२ जना) माथि वैवाहिक बलात्कार भएको पाइएको छ । त्यसैगरी ६ प्रतिशत (११५ जना) यौनजन्य दुर्व्यवहार, १.१ प्रतिशत (२० जना) महिलाको हत्या, ०.६६ प्रतिशत (१२ जना) महिलाको हत्या प्रयास गरिएका घटना अभिलेख भएका छन् ।

यसरी नै १.३८ प्रतिशत (२५ जना)  बेचबिखनमा परेका छन् भने ०.५  प्रतिशत (९ जना) ले आत्महत्या गरेको तथ्याङ्कमा उल्लेख छ । २ प्रतिशत (२९ जना) अनलाइनमार्फत भएका (साइबर अपराधका) घटना र ०.५ प्रतिशत (९ जना) माथि अन्य हिंसा भएको पाइएको छ । तथ्याङ्क अनुसार १ प्रतिशत

(२० जना) महिलालाई अलपत्र बनाइएको थियो भने अन्य हिंसाअन्तर्गत चार जना अपहरणमा परेको, तीन जना ठगीमा परेको तथा तीन जनालाई बेपत्ता बनाइएको छ ।

महिलामाथि हुने गरेका हिंसाका विभिन्न स्वरूपलाई हेर्दा यस वर्ष पनि अघिल्लो वर्षझैं महिलाहरू सबैभन्दा बढी घरेलु हिंसाबाट प्रभावित भएका छन् । घरेलु हिंसामा महिलामाथि सबैभन्दा बढी आफ्नै श्रीमानबाट ७७ प्रतिशत (९०८ जना) र २३ प्रतिशत (२६७ जना) परिवारका सदस्यहरूबाट हिंसा भएको पाइन्छ । राष्ट्रिय महिला आयोगको २०७९ मा प्रकाशित एक प्रतिवेदनले ६५ प्रतिशत महिलाहरू आफ्नै श्रीमान र ७ प्रतिशत आफ्नै परिवारका सदस्यहरूबाट सबैभन्दा बढी हिंसा भएको पाइएको थियो । यस तथ्याङ्कलाई विश्लेषण गर्दा महिलाहरू सबैभन्दा बढी घरभित्रै र आफ्ना भनिएका व्यक्तिहरूबाट नै असुरक्षित छन् भन्ने कुराको पुनः पुष्टि भएको छ । समाजमा महिला तथा किशोरी र बालिकालाई हेर्ने विभेदकारी दृष्टिकोण कायमै रहँदा महिलाहरूमाथि हुने हिंसा विशेषगरी घरेलु हिंसालाई निजी र नितान्त घरभित्रको मामिलाको रूपमा मात्र लिइएको छ, हालसम्म पनि गम्भीर सवालको रूपमा घरेलु हिंसा स्थापित हुन सकेको छैन ।


विवाहपूर्व छोरी परिवारको अधिनमा र विवाहपश्चात् महिलामाथि श्रीमानको अधिकार रहने पितृसत्तात्मक सोच समाजमा जरो गाडेर रहेको छ । यही सोचअनुरूप महिलालाई घरपरिवार र श्रीमानको सम्पत्तिको रूपमा लिइन्छ र विभिन्न बहानामा उनीहरूको गतिशीलतामा नियन्त्रण गर्ने गरिन्छ । साथै घरको इज्जत धान्ने मूल आधारको रूपमा चित्रित गरिन्छ । उनीहरूलाई घरपरिवार र श्रीमानको निर्णयमा चल्न बाध्य पारिन्छ । उनीहरूको न त सम्पत्तिमाथि अधिकार हुन्छ, न त आफ्नै स्व आर्जनमा । यस्तो अवस्थामा महिलाले आफ्नो हक-अधिकारको खोजी गर्ने, वकालत गर्ने गर्दा उनीहरूमाथि हिंसाको जोखिम बढ्ने गर्दछ । सुरक्षाका लागि घर सबैभन्दा महत्वपूर्ण रूपमा लिइन्छ तर महिलाका लागि घर र घरपरिवारका व्यक्तिहरूबाट नै बढी जोखिम हुनु सोचनीय र गम्भीर विषय छ ।

महिलामाथि हुने घरेलु हिंसा र उनीहरुको विवाह गर्दाको उमेरलाई हेर्दा कुल ११२६ विवाहित महिला मध्ये ७१ प्रतिशत (८००) महिलाहरुको विवाह २० वर्षभन्दा कम उमेरमा भएको पाइएको छ भने २९ प्रतिशत (३२६) को मात्र २० वर्ष पछि विवाह भएको देखिन्छ । महिलाहरू शारीरिक तथा मानसिक रूपमा परिपक्व नहुँदै विवाह बन्धनमा बाधिंदा महिलाहरू घरेलु हिंसा सहन बाध्य भएको तथ्याङ्कले देखाउँछ । कम उमेरमा विवाह हुँदा उनीहरूको व्यक्तित्व विकासमा समेत प्रभाव परेको छ । यसैगरी सानो उमेरमा हुने विवाहका कारण महिलाहरूको उच्चस्तर सम्मको शिक्षा हासिल गर्ने र आर्थिक रूपमा

आफैं सशक्त भएर निर्णय प्रक्रियामा सहभागी हुने, नेतृत्व विकास गर्ने अवसरहरूबाट समेत वञ्चित भएका छन् ।

घरपरिवारका सदस्यहरू नै हिंसाका लागि जिम्मेवार हुने र घरभित्र हुने हिंसालाई निजी मामिलाको रूपमा हेर्ने प्रचलन अझै पनि कायमै छ । यस्ता हिंसालाई मानव अधिकार हनन्को सवालको रूपमा कमै मात्र हेरिन्छ । जसले गर्दा पनि धेरै घटनाहरू हालसम्म पनि बाहिर आउन सकेका छैनन् ।

### ४.१.३ महिलामाथि हुने हिंसा र उमेर




**चार्ट नं. ३.** महिला हिंसा र उमेर समूह


यस अध्ययनमा महिलाको उमेरलाई ६ समूहमा विभाजन गरी प्राप्त तथ्याङ्कलाई कुन उमेर समूहका महिलामाथि बढी हिंसा भएको छ भनी विश्लेषण गरिएको छ । प्राप्त तथ्याङ्कको आधारमा यस वर्ष सबैभन्दा बढी ३५ प्रतिशत (६३४ जना) २६ देखि ३५ वर्ष उमेर समूहका महिलामाथि हिंसा भएको पाइएको छ । यस्तैगरी १८ देखि २५ वर्ष उमेर समूहका ३० प्रतिशत (५४७ जना), ३६ देखि ४५ वर्ष उमेर समूहका १४ प्रतिशत (२५६ जना), १८ वर्षभन्दा कम उमेर समूहका बालिका १३ प्रतिशत (२४० जना), ४६ देखि ५५ वर्ष उमेर समूहका ५ प्रतिशत

[६]https://nwc.gov.np/wp-content/uploads/2022/10/NWC-factsheet-Bhadra-2079.pdf


(९६ जना) र ५६ वर्षभन्दा माथिका उमेर समूहका २ प्रतिशत (४० जना) महिला कुनै न कुनै प्रकारको हिंसामा परेको पाइएको छ । उमेरको हिसाबले १८ देखि २५ वर्ष र २६ देखि ३५ वर्ष उमेर समूहका महिलाहरू बढी हिंसाको जोखिममा रहेका तथ्याङ्कले देखाएको छ। राष्ट्रिय महिला आयोगको २०२१ मा प्रकाशित तथ्याङ्कअनुसार ५९ प्रतिशत २६ देखि ४० वर्ष उमेर समूहका महिलाहरू सबैभन्दा बढी लैङ्गिक हिंसाको जोखिममा रहेका पाइएको थियो । यस तथ्याङ्कलाई विशलेषण गर्दा २६ देखि ३५ वर्ष उमेर समूहका महिलाहरू प्रजनन् र उत्पादनमूलक कामका लागि सक्रिय हुन्छन् तर यही उमेरका महिला हिंसाको जोखिममा सबैभन्दा धेरै रहेका छन् । यसैगरी दोस्रो १८ देखि २५ वर्ष उमेर समूहका महिलाहरूमाथि बढी हिंसा हुनुका कारण भनेको यस उमेर समूहका महिलाहरू विवाह बन्धनमा बाँधिइसकेका हुन्छन् । समाजले महिलालाई हेर्ने विभेदकारी दृष्टिकोणका कारण कतिपय पुरुषहरूले महिलालाई नियन्त्रणमा राख्नुपर्छ भन्ने सोचाइले गर्दा पनि महिलाहरूमाथि हिंसा गर्ने गरेको पाइन्छ। यसैगरी १८ वर्षभन्दा कम उमेर समूहका बालिकाहरू धेरैजसो बलात्कार र यौन हिंसाको उच्च जोखिममा रहेका पाइएको छ। हिंसाको उमेर समूहलाई हेर्दा हरेक समूहका महिलाहरू हिंसावाट प्रभावित हुने गरेको तथ्याङ्कले देखाएको छ। यस वर्ष प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा ८४ वर्षीया बृद्धादेखि १ वर्षीय नाबालिकासमेत हिंसाबाट प्रभावित भएको पाइएको छ ।

### ४.१.४ महिला हिंसा र शिक्षा

महिलामाथि हुने हिंसा र शैक्षिक स्थितिको विश्लेषण चार्ट नं. ४ र ५ मार्फत प्रस्तुत गरिएको छ। हिंसामा परेकामध्ये ८० प्रतिशत (१४५२ जना) महिला साक्षर रहेका छन् । ती साक्षर महिलामध्ये ५५ प्रतिशत (७९४ जना) महिलाले आधारभूत शिक्षा (कक्षा १ देखि ८ सम्म) अध्ययन गरेका, ३९ प्रतिशत (५६० जना) ले माध्यमिक तहसम्म अध्ययन गरेका, ६ प्रतिशत (८५ जना) ले स्नातक तह, १ प्रतिशत (१० जना) ले स्नातकोत्तर तहसम्म तथा ०.२१ प्रतिशत (३ जना) ले प्राविधिक शिक्षा अध्ययन गरेका छन् ।




**चार्ट नं.४** महिलाको शैक्षिक अवस्थाका आधारमा हिंसाको परिणाम




**चार्ट नं. ५** महिलाको साक्षरताको अवस्थाका आधारमा हिंसाको परिणाम




यसवर्ष यस वर्ष सङ्कलन भएका तथ्याङ्कलाई विश्लेषण गर्दा अघिल्ला वर्षहरूभैंं निरक्षर महिलाहरूमा भन्दा साक्षर महिलाहरूमाथि बढी मात्रामा हिंसा भएको देखाएको छ । यसले के पनि देखाउँछ भने, निरक्षर महिलाहरू आफू हिंसामा परे पनि परम्परागत सोच र मान्यताका कारणले उनीहरूले आफूमाथि भएको हिंसाको महसुस हुँदाहुँदै पनि हिंसा स्वीकारेर बस्नुपरेको बाध्यात्मक स्थिति छ, अर्कोतिर साक्षर महिलाहरूले आफूमाथि भएको हिंसाका घटनालाई बाहिर ल्याउँदा उनीहरू झन् बढी जोखिममा रहेका, न्याय प्राप्त गर्न नसकेका, सहयोगी संयन्त्रहरू अझै पनि प्रभावितमैत्री

हुन नसकेको देखेका हुनाले पनि निरक्षर महिलाहरू हतोत्साहित भएर आफूमाथि भएको हिंसालाई बाहिर ल्याउन नचाहेका कारण पनि उनीहरूमाथि भएको हिंसाका घटनाहरू कम रिपोर्टिङ भएको हुन सक्ने देखिन्छ । त्यसैले हिंसा प्रभावितले अझै पनि खुलेर आफूमाथि भएको हिंसालाई भन्न सक्ने बातावरण निर्माण हुन सकेको छैन ।

### ४.१.५ वैवाहिक स्थिति र महिलामाथि हुने हिंसा

महिलामाथि भएको हिंसा र महिलाको वैवाहिक स्थितिलाई विश्लेषण गर्दा सबैभन्दा बढी ७७ प्रतिशत (१३९३ जना) विवाहित महिलाहरूमाथि हिंसा भएको तथ्याङ्कले देखाएको छ । यसैगरी १९ प्रतिशत (३५१ जना) अविवाहित महिला, २ प्रतिशत (३३ जना) एकल महिला, १ प्रतिशत (११ जना) विवाहित तर पारिवारिक मनमुटावका कारण अलग-अलग बस्दै आएका, ०.४४ प्रतिशत (८ जना) सम्बन्ध विच्छेद गरेका र १ प्रतिशत (१७ जना) कानुनी र सामाजिक रीति रिबाजअनुरूप विवाह नगरेका तर विवाहितसरह सँगै बस्दै आएका महिलामाथि हिंसा भएको पाइएको छ । यसले हिंसाको परम्परागत प्रवृत्तिलाई चुनौती दिएको छ ।





**चार्ट नं. ६.** महिलाको वैवाहिक स्थिति र हिंसाको परिणाम

नेपालको पितृसत्तात्मक सामाजिक संरचना, विभेदकारी मूल्य-मान्यता तथा सोचका कारण महिलाहरू दोस्रो दर्जाको नागरिक भएर जिउन बाध्य छन् । विशेषगरी विवाहपश्चात् श्रीमानको घरमा जानुपर्ने संस्कारले महिलालाई दोस्रो दर्जाको नागरिकका रूपमा राखेको छ । जसले गर्दा पुरुषहरूले महिलाको तुलनामा आफूलाई शक्तिशाली, स्रोतसम्पन्न वर्गको रूपमा लिएका छन् र महिलामाथि हिंसा गर्नका लागि उनीहरूलाई यसले प्रोत्साहन गरेको छ । सामाजिक रूपले मान्यता प्राप्त विवाह संस्थाभित्र आधाभन्दा बढी महिलाहरू आफ्नै जीवनसाथीबाट हिंसाको बढी मारमा पर्ने गर्दछन् । विवाहित महिलाहरूमाथि बढी हिंसा भएको तथ्याङ्कले विवाह संस्थाप्रतिको विश्वास र मर्यादामाथि नै प्रश्नचिह्न खडा गरेको छ । विवाहपश्चात् महिला र पुरुष एकअर्काका सहयात्री भन्दा पनि महिलालाई दासका रूपमा हेरिन्छ । महिला विवाहपछि स्वतन्त्र नागरिक होइन बरु अरूको अधिनमा बस्नुपर्ने सामाजिक, धार्मिक र सांस्कृतिक मान्यता छन् । जसले महिलालाई दिने पीडा तथा हिंसा हुनका लागि थप बढावा दिएको छ ।

यस वर्ष सङ्कलन भएका तथ्याङ्कलाई हेर्दा अहिले समाजमा कानुनी र सामाजिक रूपमा विवाह नभएका तर विवाहित सरह सँगैसँगै बस्दै आएका महिलामाथि हिंसा भएका केही घटनाहरू बाहिर आउन थालेका छन् । अघिल्लो वर्ष ओरेकमा यस सम्बन्धमा रहेका ८ जना महिलाहरूमाथि भएका हिंसाका घटना सङ्कलन भएकोमा यस वर्ष ९ वटा घटनाको सङ्ख्यामा वृद्धि भई १७ पुगेको छ । तर लिभिङ रिलेसनमा भएको  हिंसाका घटनालाई समेट्ने खालको कानुनी प्रावधान नहुँदा यस्ता घटनाहरू बाहिर ल्याउन निकै गाऱ्हो भएको प्रभावितहरूले प्रत्यक्ष कुराकानीका क्रममा बताएका छन् । तसर्थ बदलिँदो स्वरूपमा आएका महिलाविरुद्धको हिंसालाई सम्बोधन गर्न र यस किसिमका हिंसाबाट हुने थप जोखिमलाई कम गर्न यस्ता प्रवृत्तिका हिंसालाई  सम्बोधन गर्ने कानुन तथा नीति-निर्माणमा राज्यको ध्यान जान आवश्यक छ ।

### ४.१.६ प्रभावितको जात/जातीयता

यस वर्ष सङ्कलन गरिएको तथ्याङ्कले सबैभन्दा बढी तराईका आदिवासी जनजाति समुदायका महिलाहरूमाथि हिंसा भएको देखाएको छ । हिंसा प्रभावित कुल महिलामध्ये २४ प्रतिशत (४३५ जना) तराई आदिवासी जनजाति, २३ प्रतिशत (४२३ जना) पहाडे ब्राह्मण/क्षेत्री, १२ प्रतिशत (२१० जना) पहाडे आदिवासी जनजाति रहेका छन् । १० प्रतिशत (१७७ जना) तराई दलित, १३ प्रतिशत (२४२ जना) पहाडे दलित, ७ प्रतिशत (१२९ जना) तराई ब्राह्मण/क्षेत्री, ५ प्रतिशत मुस्लिम (९६ जना), ५ प्रतिशत (८२) तराई/मधेसी अन्य जातिका र १ प्रतिशत (१९ जना) अन्य जातिका महिलामाथि हिंसा भएको पाइएको छ ।





**चार्ट नं. ७.** हिंसा प्रभावित महिलाको जात/जातीयता र हिंसाको परिणाम

संकलन गरिएका तथ्याङ्कको आधारमा विश्लेषण गर्दा हिंसा कुनै एक जात जातिमा मात्र सीमित नभएर सबै जात जातिमा विद्यमान रहेको देख्न सकिन्छ । तर जातीय, वर्गीय, क्षेत्रीय, लैङ्गिक, यौनिक, धार्मिक, भौगोलिक लगायतका सामाजिक अवस्था र व्यवस्थाहरूले महिलाको अन्तरविविधतालाई निर्धारण गरेको हुन्छ । महिलामाथि हुने हिंसाको तहहरूलाई पनि यिनै तत्वहरूले प्रभाव पार्ने हुँदा संरचनागत रूपमा पछाडि पारिएका समुदाय वा जातिका महिलामाथि बढी हिंसा भएको अनुमान लगाउन सकिन्छ । तर यो चार्टमा जति पनि महिलाहरूमाथि भएका हिंसाको तथ्याङ्क बाहिर आयो उनीहरू कुनै न कुनै हिसाबले सेवाको पहुँचमा

(अभिलेखनकर्तासँग सम्पर्क) भएका कारणले अभिलेखिकरण भएका हुन सक्छन । यी भन्दाबाहेक धेरै घटनाहरू अभिलेखीकरणमा नआएका सहजै अनुमान लगाउन सकिन्छ ।

### ४.१.७ प्रभावित र आरोपितसँगको सम्बन्ध

संकलन गरिएका तथ्याङ्कमा सबैभन्दा बढी ५३ प्रतिशत (९५८ जना) महिलामाथि श्रीमानबाट हिंसा भएको पाइएको छ । त्यसैगरी २० प्रतिशत (३५४ जना) परिवारका सदस्यबाट, १० प्रतिशत (१८६ जना) छिमेकीबाट, ९ प्रतिशत (१६६ जना) महिलाले आत्मीय ठानेका साथी वा प्रेमीबाट, ३ प्रतिशत (४९ जना) समुदायका सदस्यबाट महिलामाथि हिंसा भएको छ । २ प्रतिशत (२९ जना) सेवा प्रदायक जस्तै : स्थानीय तहका प्रतिनिधि, प्रहरी, स्वास्थ्यकर्मीहरू र मुख्य हेरचाहकर्ताबाट हिंसामा परेको पाइयो । यसैगरी दुई प्रतिशत (३३ जना) अपरिचित व्यक्तिबाट, एक प्रतिशत १७ जना अविवाहित तर सँगै बसेका व्यक्तिबाट र तीन जना शिक्षकबाट महिलामाथि हिंसा भएको पाइएको छ ।





**चार्ट नं. ८.** हिंसा प्रभावित महिलाको पीडकसँगको सम्बन्ध

यसरी तथ्याङ्कको आधारमा हेर्दा महिलाहरू अन्जानबाट भन्दा घरपरिवार, छिमेक र चिनेजानेका व्यक्तिबाट नै बढी हिंसाको जोखिममा रहेका देखिन्छ। माथि प्रस्तुत गरिएका तथ्याङ्कको आधारमा के विश्लेषण गर्न सकिन्छ भने महिलाहरू बढी मात्रामा चिनजान नभएका वा सम्बन्ध नभएका व्यक्तिहरूबाट हिंसामा पर्छन् भन्ने मान्यतालाई यसले गलत साबित गरेको छ । महिलाहरूको जोसँग नजिकको सम्बन्ध छ वा जसले बढी माया गर्छ भन्ने महिलाहरूले सोच्दछन् त्यही व्यक्तिबाट उनीहरूमाथि बढी हिंसा भएको यस तथ्याङ्कले पुष्टि गर्दछ ।

### ४.१.८ महिलामाथि हुने हिंसा र पेसा/व्यवसाय

महिलामाथि हुने हिंसा र उनीहरूको पेसागत अवस्थालाई विश्लेषण गर्दा यस वर्ष सबैभन्दा बढी आफ्नै घरको काममा संलग्न भएका ४७ प्रतिशत (८५८ जना) महिलामाथि हिंसा भएको पाइएको छ । यस्तैगरी हिंसा प्रभावित महिलाहरूमध्ये १६ प्रतिशत (२९८ जना) कृषि पेसामा संलग्न रहेका, १६ प्रतिशत (२९५ जना) विद्यार्थी, १० प्रतिशत (१७३ जना) महिला दैनिक ज्यालामजदुरीमा संलग्न रहेको पाइएको छ । त्यस्तै ५ प्रतिशत (८६ जना) व्यापार-व्यावसायमा संलग्न, २ प्रतिशत (२९ जना) निजी क्षेत्र, एक प्रतिशत (१२ जना) जागिर खोज्दै गरेका, दुई प्रतिशत (४२ जना) गैरसरकारी क्षेत्रमा कार्यरत र एक प्रतिशत (१३ जना) सरकारी सेवामा कार्यरत महिलामाथि हिंसा भएको तथ्याङ्कले देखाएको छ । त्यसैले महिला, बालिका तथा किशोरीहरू घर, कार्यस्थल तथा सार्वजनिक स्थल सबै स्थानमा असुरक्षित रहेका छन् । राज्य यी सबै स्थल सुरक्षित बनाउने अभियानमा लाग्नुपर्ने देखिएको छ ।





**चार्ट नं. ९.** महिलामाथि हुने हिंसा र पेसागत अवस्था

तथ्याङ्कको आधारमा हेर्दा महिलाहरू १८ घण्टाभन्दा बढी सेवामूलक निःशुल्क काममा संलग्न रहन्छन् तर महिलाले घरमा गर्ने सेवामूलक कामको मूल्याङ्कन छैन, यसलाई राज्यले पनि मान्यता नदिएको अवस्था छ । जसले गर्दा आर्थिक रूपमा श्रीमान तथा परिवारमा नै पूर्ण निर्भर बनाइएका छन् । यस्तो स्थितिले उनीहरूमाथि हिंसा हुने र हिंसाका लागि वातावरण तयार गरेको छ । त्यस्तैगरी हिंसा भएपश्चात् पनि आफूमाथि भएको हिंसालाई बाहिर ल्याउँदा असुरक्षित भविष्य, बालबच्चाको पालनपोषण, शिक्षादिक्षा र उनीहरूको भविष्य के हुन्छ भन्ने चिन्ताका कारणले पनि आफूमाथि भएको हिंसालाई दबाएर राख्ने गरेको पाइएको छ ।

### ४.१.९ हिंसाका कारण महिलामा परेका असरहरू

हिंसाले प्रभावित महिलालाई मात्रै हैन परिवार, समाज र अन्ततः देशलाई नै बहुआयामिक प्रभाव पारेको पाइएको छ । यसरी हिंसाका कारण महिलामाथि समग्ररूपमा पर्ने प्रभावलाई ५ भागमा वर्गीकरण गरी विश्लेषण गरिएको छ । यस वर्ष प्राप्त तथ्याङ्कका आधारमा हिंसाका कारण महिलाहरूलाई सबैभन्दा बढी ५० प्रतिशत (९०७ जना) मानसिक असर परेको पाइयो । यसैगरी ३३ प्रतिशत (६०३ जना) महिलालाई शारीरिक असर, ५ प्रतिशत (८८ जना) महिलालाई सामाजिक असर र ५ प्रतिशत (९० जना) महिलालाई आर्थिक असर परेको पाइएको छ भने १७ प्रतिशत (३०० जना) महिलामाथि एकभन्दा बढी वा यी सबै खालका असर परेको तथ्याङ्कले देखाएको छ ।




**चार्ट नं. १०.** महिलामाथि हुने हिंसाका कारण महिलामा परेको असर

यसवर्ष साथै यस वर्षको ओरेकको अभिलेखीकरणले प्रभावितमाथि सबैभन्दा बढी मानसिक असर परेको देखाएको छ । सबैभन्दा बढी महिलामाथि हिंसा श्रीमान र परिवारका सदस्यबाट हुने गरेको छ। साथै जो महिलाले आफ्नो जीवनमा हिंसा भोग्नु पर्दछ उही महिला घरवारविहीन हुनपर्ने अवस्था र न्याय पाउनका लागि लामो सङ्घर्ष गर्नुपरेको अनुभव उनीहरूको रहेको छ । यसले के देखाउँछ भने हिंसा गर्ने व्यक्तिको स्थान समाजमा हिंसा प्रभावित महिलाको भन्दा उच्च रहेको छ। आफूमाथि भएका हिंसाको बारेमा थाहा पाएमा समाज तथा परिवारबाट असहयोग हुने डरले हिंसालाई आफूभित्रै दबाएर राख्दा महिलाहरूमा बढी मानसिक असर परेको र यसले पछि गएर मानसिक रोगकै रूप लिएको देखिएको छ। महिलाहरूमा हिंसापश्चात् प्रत्यक्ष रूपमा एउटा समस्या देखिए तापनि त्यसको सम्बन्ध अनेक पक्षहरूसँग हुने गर्दछ। यसरी हिंसाले महिलाको प्रत्यक्ष जीवनमा विभिन्न किसिमका असर पुऱ्याउने गरेको यस वर्षको तथ्याङ्कले देखाएको छ। वास्तवमा शारीरिक असरलाई कम गर्न हामीकहाँ केही उपायहरू अवलम्बन गर्ने गरिएका छन्। तर मानसिक असरप्रति परिवार, समाज र राज्यको खासै ध्यान पुगेको पाइएको छैन। त्यसैले शारीरिक सँगसँगै मानसिक असरको पहिचान र व्यवस्थापन तथा समाधान गर्नतर्फ ध्यान पुऱ्याउनु आजको आवश्यकता रहेको छ।

[४] https://asiafoundation.org/resources/pdfs/OPMCMGECUGBVResearchFinal.pdf

# परिच्छेद ५

## ५.१ महिला र घरेलु हिंसा

“घरेलु हिंसा” भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनुपर्छ। घरेलु हिंसाका प्रकारलाई शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक गरी ४ प्रकारमा विभाजन गरीएको छ । घरेलु हिंसा प्रभावितका रूपमा महिला, बालबालिका, पुरुष एवं यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक र सहयोगीका रूपमा घरको कामका लागि राखिएका कामदार जो कोही पनि हुन सक्छ। विशेषगरी घरेलु हिंसाबाट महिलाहरू नै बढी प्रभावित भइरहेको पाइन्छ । घरेलु हिंसा कुनै राष्ट्र वा क्षेत्र विशेषको मात्र नभएर यो विश्वव्यापी रूपमा सबैभन्दा धेरै हुने महिलामाथिको हिंसाको रूपमै रहेको छ । नेपालमा पनि यो प्रमुख चुनौती रहेको छ। कानुनमा कुनै पनि घरेलु सम्बन्ध भएका व्यक्तिले घरेलु हिंसा गर्न, गराउन नहुने स्पष्ट उल्लेख छ भने कुनै पनि व्यक्तिले घरेलु हिंसा गरेको अवस्थामा उजुरी गर्नका लागि स्थानीय तह, प्रहरी कार्यालय, राष्ट्रिय महिला आयोग, र अदालत गरी ४ निकायमा जान सक्ने व्यवस्था गरेको छ ।

घरेलु हिंसा (कसुर र सजाय) ऐन २०६६ अनुसार कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, आर्थिक तथा यौनजन्य यातना नै ‘घरेलु हिंसा’ हो । यसले व्यक्तिलाई शारीरिक तथा भावनात्मक चोट पुऱ्याउँछ । ‘घरेलु सम्बन्ध’ भन्नाले वंशज, विवाह, धर्मपुत्र वा धर्मपुत्री भएको वा संयुक्त परिवारको सदस्य, आश्रित वा कामदारको रूपमा एकै परिवारमा बसेका व्यक्तिहरूबीच भएको सम्बन्ध सम्झनुपर्छ । सो शब्दले सँगै बसेका जोडी वा अंश नलिई भिन्न बसेका पति वा पत्नीको सम्बन्ध समेतलाई जनाउँछ ।[1] नेपालमा २०६६ साल वैशाख १४ गतेदेखि घरेलु हिंसा (कसुर र सजाय) ऐन लागू भएको छ। प्रत्येक व्यक्तिको सुरक्षित र सम्मानजनक तबरले बाँच्न पाउने अधिकारको सम्मान गर्दै घरपरिवारभित्र हुने हिंसाजन्य कार्यलाई

[1]घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ तथा घरेलु हिंसा (कसूर र सजाय) नियमावली, २

दण्डनीय बनाई त्यस्तो कार्य नियन्त्रण गर्नु तथा घरेलु हिंसाबाट पीडित व्यक्तिलाई संरक्षण गरी न्याय प्रदान गर्नु यस ऐनको मुख्य उद्देश्य रहेको छ ।

नेपाली समाजमा महिला हिंसामा पनि घरेलु हिंसाका घटनाको सङ्ख्या अझ धेरै देखिन्छ । नेपाल प्रहरीमा दर्ता भएका उजुरीलाई मात्र आधार मान्दा वर्सेनी घरेलु हिंसाको ग्राफ बढ्दो अवस्थामा देखिन्छ । आर्थिक वर्ष २०६९/०७० देखि २०७८/०७९ सम्मको १० वर्षको अवधिमा ९५,००० वटा घरेलु हिंसाको घटना प्रहरीमा दर्ता भएको देखिन्छ । आर्थिक वर्ष २०७७/०७८ मा १४,२३२ वटा घरेलु हिंसाका घटना दर्ता भएकामा यस आर्थिक वर्ष २०७८/०७९ मा २,७६८ ले वृद्धि भई १७, ००० वटा घरेलु हिंसाका घटना प्रहरीमा दर्ता भएको देखिन्छ ।[२] यो महिलामाथि हुने हिंसाको निकै डरलाग्दो तथ्याङ्क हो । घरेलु हिंसासम्बन्धी ऐन, कानुन, नजिर हुँदाहुँदै प्रभावित महिलाले घर, परिवारको इज्जत, सन्तानको भविष्य, सामाजिक बन्धन, आर्थिक परनिर्भरता जस्ता धेरै विविध कारणहरूले गर्दा बाहिर आउन नसकेका कति घटना छन् भनेर अझ अनुमान गर्न गाह्रो

छ । विभेदकारी सामाजिक मूल्य मान्यताका कारण महिलालाई दोस्रो दर्जाका नागरिकको रूपमा हेरिनु, महिलालाई समान अवसरबाट वञ्चित गराइनु, महिलाको स्वतन्त्रता, गतिशीलता र शरीरमाथि अरूले नियन्त्रण गर्ने प्रवृत्तिका कारण पनि महिलामाथि हिंसा र घरेलु हिंसाले निरन्तरता पाउँदै गइरहेको छ ।

## ५.२. घरेलु हिंसाभित्रका स्वरूपहरू

घरेलु हिंसाका स्वरूपहरू व्यापक छन् । यस वर्ष गरिएको अभिलेखीकरणका आधारमा घरेलु हिंसाका निम्न स्वरूपलाई विश्लेषण गरी यस पुस्तकमा समावेश गरिएको छ ।

### क) शारीरिक हिंसा

श्रीमान र घरपरिवारका सदस्यले हातहतियार अथवा आफ्नो बलको प्रयोग गरेर जबरजस्ती कुटपिट गर्नु, अङ्गभङ्ग गराउनु, शारीरिक दण्ड-सजाय दिनु, दाइजोको निहुँमा र चारित्रिक आरोप लगाई कुटपिट गर्नु आदिलाई शारीरिक हिंसाभित्र समेटिएको छ ।

[२] https://cid.nepalpolice.gov.np/cid-wings/women-children-and-senior-citizen-service-directorate/

**ख) मानसिक हिंसा**


शारीरिक यातनाको डर देखाउने, गाली गलौज गर्ने, चारित्रिक आरोप लगाउने, अपशब्द प्रयोग गर्ने, उपेक्षा वा बेवास्ता गर्ने, अपशब्द बोल्ने, हेला-तिरस्कार गर्ने, भावनात्मक रूपमा दुर्व्यवहार गर्ने, डर, धम्की देखाउने जस्ता कार्यहरूलाई मानसिक हिंसाभित्र समेटिएको छ ।

**ग) स्रोत-साधनको वञ्चितीकरण**

खान, लगाउन नदिने, घर निकाला गर्ने, सम्पत्तिबाट बेदख्खल गर्ने, विवाह दर्ता, जन्म दर्ता, नागरिकता नबनाइदिने, शिक्षाबाट वञ्चित गर्ने, बेवास्ता गर्ने जस्ता हिंसाहरूलाई यसभित्र समेटिएको छ ।

## ५.३ घरेलु हिंसाका प्रकारहरू


महिलामाथि हुने घरेलु हिंसाभित्र पनि सबैभन्दा बढी शारीरिक हिंसा हुने गरेको छ। महिलाहरूमाथि कुटपिटका घटना धेरै भएको तथ्याङ्कले देखाएको छ । महिलामाथि भएका घरेलु हिंसाका घटनामध्ये ४५ प्रतिशत (५२७ जना) महिलामाथि शारीरिक हिंसा भएको पाइएको छ। यसैगरी १३ प्रतिशत (१५८ जना) लाई गालीगलौज तथा ७ प्रतिशत (८३ जना) महिलालाई चारित्रिक आरोप लगाएरहिंसा गरिएको पाइएको छ। साथै ३५ प्रतिशत (४०७ जना) महिलालाई नागरिकता, विवाह दर्ता, जन्म दर्ता, शिक्षा, स्वास्थ्य, खान, लगाउन नदिने, गतिशलितामा रोक लगाउने जस्ता आवश्यक स्रोत-साधन र सुविधाबाट वञ्चित गरिएको तथ्याङ्कले देखाएको छ ।




**चार्ट नं. ११.** महिलामाथि भएका घरेलु हिंसाका प्रकारहरू

## ५.४ घरेलु हिंसा र र पीडकसँगको सम्बन्ध


घरेलु हिंसाबाट प्रभावित महिलामध्ये ७७ प्रतिशत (९०८ जना) महिला आफ्नै श्रीमानबाट र २३ प्रतिशत (२६७ जना) आफ्नै घरपरिवारका सदस्यहरूबाट हिंसामा परेको तथ्याङ्कले देखाएको छ ।




**चार्ट नं. १२.** घरेलु हिंसा प्रभावित महिला र र पीडकसँगको सम्बन्ध

## ५.५ प्रभावितको वैवाहिक अवस्था


घरेलु हिंसाबाट प्रभावितहरूको वैवाहिक अवस्था विश्लेषण गर्दा विवाहित महिला नै सबैभन्दा बढी हिंसाको जोखिममा रहेको तथ्याङ्कले देखाएको छ । यस वर्ष ९३ प्रतिशत (१ हजार ९३ जना) विवाहित महिला र ४ प्रतिशत (४७ जना) अविवाहित, २ प्रतिशत (२१ जना) एकल महिला, ०.३ प्रतिशत (३ जना) पारपाचुके गरेर बसेका र १ प्रतिशत (११ जना) विवाहित तर सँगै नबसेका महिला घरेलु हिंसाबाट प्रभावित भएको पाइयो ।





**चार्ट नं. १३.** घरेलु हिंसा प्रभावित महिलाको वैवाहिक अवस्था

## ५.६ प्रभावितको उमेर र घरेलु हिंसा

प्राप्त तथ्याङ्कका आधारमा विश्लेषण गर्दा घरेलु हिंसाबाट प्रभावितहरूमध्ये सबैभन्दा बढी २६ देखि ३५ वर्ष उमेर समूहका महिला हिंसाबाट प्रभावित भएका छन् । यस उमेर समूहका महिला ४३ प्रतिशत (५०३ जना) रहेका छन् । यसैगरी क्रमशः १८ देखि २५ वर्ष उमेर समूहका ३१ प्रतिशत (३६२ जना) महिला यस वर्ष घरेलु हिंसाबाट प्रभावित भएका छन् । ३६ देखि ४५ वर्ष उमेर समूहका १५ प्रतिशत (१७९ जना),४६ देखि ५५ वर्ष उमेर समूहका ५ प्रतिशत (६४ जना), ५६ र सो वर्षभन्दा माथिका उमेर समूहका महिला दुई प्रतिशत (२८ जना) र १८ वर्षभन्दा कम उमेर समूहका ३ प्रतिशत (३९ जना) महिलामाथि घरेलु हिंसा भएको पाइएको छ । त्यसैगरी घरेलु हिंसा र विवाह गर्दाको उमेरको विश्लेषण गर्दा ११२६ विवाहित महिलामध्ये आधाभन्दा बढी महिला ७१ प्रतिशत (८०० जना) जसले २० वर्षभन्दा अगाडि विवाह गरे उनीहरू घरेलु हिंसाको जोखिममा बढी रहेको पाइएको छ । महिला र पुरुषको बीचमा रहेको असमान शक्ति सम्बन्धका कारण कम उमेरमा विवाह गर्ने महिलाहरूले हिंसा, दुर्व्यवहार र जबरजस्ति यौनसम्बन्ध भोग्नुपरेको अवस्था बढी भएको पाइएको छ ।





**चार्ट नं. १४.** घरेलु हिंसा प्रभावित महिलाहरूको विवाह गर्दाको उमेर





**चार्ट नं. १५.** घरेलु हिंसा प्रभावित महिलाहरूको उमेर

## ५.७ प्रभावितको शिक्षाको स्तर र घरेलु हिंसा

महिलामाथि भएको हिंसा र महिलाको शैक्षिक अवस्थालाई विश्लेषण गर्दा ७८ प्रतिशत (९१७) जना) साक्षर महिलामाथि घरेलु हिंसा भएको पाइयो । यसैगरी साक्षर महिलाभित्र पनि सबैभन्दा बढी आधारभूत शिक्षा (१-८ कक्षासम्म) अध्ययन गरेका ५७ प्रतिशत (५२९ जना) महिला हिंसाबाट बढी प्रभावित भएको पाइएको छ । साथै ३५ प्रतिशत (३२४ जना) माध्यमिक शिक्षा, ६ प्रतिशत (५५ जना) स्नातक तह, ०.९ प्रतिशत (८ जना) स्नातकोत्तर तह र ०.३ प्रतिशत (३ जना) प्राविधिक शिक्षा अध्ययन गरेका महिला हिंसाबाट प्रभावित भएको पाइएको छ ।








**चार्ट नं. १६.** घरेलु हिंसा प्रभावित महिलाको शैक्षिक अवस्था र हिंसाको परिणाम

**चार्ट नं. १७.** घरेलु हिंसा र प्रभावित महिलाको साक्षरताको अवस्था र हिंसाको परिणाम

## ५.८ प्रभावितको जात/जातीयता र घरेलु हिंसा


यस वर्ष प्राप्त तथ्याङ्कका आधारमा विश्लेषण गर्दा घरेलु हिंसा प्रभावित महिलाभित्र पनि सबैभन्दा बढी पहाडे ब्राह्मण/क्षेत्री २५ प्रतिशत (२९८ जना) हिंसामा रहेको पाइएको छ । त्यसपछि तराई आदिवासी जनजाति २५ प्रतिशत (२८८ जना), पहाडे दलित १३ प्रतिशत (१५० जना), पहाडे आदिवासी जनजाति १२ प्रतिशत (१४५ जना), तराई दलित ९ प्रतिशत (१०१ जना), ब्राह्मण/क्षेत्री तराई ७ प्रतिशत (७८ जना), ५ प्रतिशत (६१ जना) मुस्लिम, ४ प्रतिशत (४३ जना) तराई/मधेसी अन्य जातिका महिला हिंसामा परेको पाइएको छ ।




**चार्ट नं. १८.** घरेलु हिंसा प्रभावित महिलाहरूको पेसा र हिंसाको अवस्था

## ५.९ प्रभावितको पेशा र घरेलु हिंसा


घरायसी काममा संलग्न महिलाहरू बढी मात्रामा घरेलु हिंसाबाट प्रभावित रहेको यस वर्षको तथ्याङ्कले देखाएको छ । प्राप्त तथ्याङ्कका आधारमा ५४ प्रतिशत (६३७ जना) घरायसी काम, २० प्रतिशत (२३० जना) कृषि तथा पशुपालन, ११ प्रतिशत (१२५ जना) दैनिक ज्याला-मजदुरीमा संलग्न, पाँच/पाँच प्रतिशत (५९ र ६२ जना) क्रमशः सामान्य व्यापार, व्यावसाय गर्ने र विद्यार्थी, २ प्रतिशत ( २१ जना) गैरसरकारी सेवामा संलग्न, २ प्रतिशत (२२ जना) निजी क्षेत्र, १ प्रतिशत (८ जना) जागिर खोज्दै गरेका, १ प्रतिशत ६ जना वैदेशिक रोजगारबाट आएका र ५ जना सरकारी सेवामा संलग्न रहेका महिलामाथि हिंसा भएको पाइएको छ ।




**चार्ट नं. १९.** घरेलु हिंसाबाट प्रभावित महिलाहरूमा परेको असर प्रतिशतमा

## ५.१० प्रभावितलाई परेको असर

घरेलु हिंसाका कारण सबैभन्दा बढी महिलामा शारीरिक असर परेको पाइएको छ । प्राप्त तथ्याङ्कका आधारमा विश्लेषण गर्दा घरेलु हिंसाका प्रभावित महिलाहरूमध्ये सबैभन्दा बढी ५३ प्रतिशत (६१७ जना) महिलामाथि मानसिक असर परेको पाइएको छ भने ३० प्रतिशत (३५७ जना) महिलामाथि शारीरिक असर, १-६ प्रतिशत (१७ र ७० जना) क्रमशः सामाजिक र आर्थिक असर र १० प्रतिशत (११४ जना) सबैखाले असर परेको पाइएको छ ।




**चार्ट नं. २०.** घरेलु हिंसाबाट प्रभावित महिलाहरूमा परेको असर प्रतिशतमा

## विश्लेषण

यस अध्ययनले समग्र हिंसाको ६५ प्रतिशत घरभित्र हिंसा भएको देखाउँछ। यसले घर परिवार जहाँ महिलाले सबैभन्दा बढी सुरक्षा पाउनुपर्ने हो त्यस ठाउँ नै सबैभन्दा बढी असुरक्षित छ भन्ने कुराको पुष्टि गर्दछ। महिलाहरूले भोग्दै आएका घरेलु हिंसाका अनेक स्वरूप र प्रकारहरू छन्। घरेलु हिंसाका स्वरूपमध्ये महिलामाथि दाइजो नल्याएको वा कम ल्याएको निहुँमा, धेरै छोरी जन्माएको, विवाह भएको लामो समयसम्म बच्चा नजन्माएको दोष महिलालाई नै लगाउने, गालीगलौज गर्ने, अपशब्द प्रयोग गर्ने तथा चारित्रिक आरोप लगाई श्रीमान तथा परिवारका सदस्यबाट दैनिक शारीरिक तथा मानसिक यातना दिने गरेको यस अध्ययनले देखाउँछ। यसैगरी हिंसा प्रभावित ४९ जना महिला तथा बालबालिका नागरिकताबाट वञ्चित हुनुपरेको, ३८ जनाले विवाह दर्ता गर्न नपाएको, ३२ जनाले बच्चाको जन्म दर्ता गर्न नपाएको, १८ जना शिक्षाबाट वञ्चित हुनुपरेको, २२ जनाले स्वास्थ्य सेवा नपाएको र २३३ जनालाई श्रीमान तथा परिवारले खान, लगाउन नदिई घर निकाला गर्ने र महिलाहरूलाई माया, स्नेह, राम्रो हेरचाह र पौष्टिक आहारको नितान्त आवश्यकता

पर्ने विशेष (गर्भवती तथा सुत्केरी) अवस्थामा समेत महिलालाई शारीरिक तथा मानसिक हिंसा गर्ने जसका कारणले गर्भपतनसमेत भएको घटना अभिलेखीकरण भएको छ । साथै स्रोत-साधन र सुविधाबाट वञ्चित गराइएको पाइएको छ । यसले के देखाउँछ भने महिलाहरूको अस्तित्व र स्वपहिचानलाई अझै पनि स्वीकार गर्न नसकी नागरिकता र बच्चाको जन्म दर्ताका लागि अरूको भर पर्नु परेकाले घरेलु हिंसाबाट प्रभावित महिलाहरू संविधानले व्यवस्था गरेको मौलिक हक, अधिकारबाट समेत वञ्चित भई थप जोखिमयुक्त जीवन गुजार्न बाध्य हुनुपरेको अवस्थालाई समेत तथ्याङ्कले उजागर गरेको छ ।

यस वर्षको अभिलेखीकरणले प्रभावितमाथि शारीरिक असरपछि मानसिक असर नै बढी परेको देखाएको छ। घर-परिवारभित्र हुने हिंसाका घटनाहरूलाई भित्रभित्रै सुल्झाउने, ढाकछोप गर्ने वा उल्टै प्रभावितलाई नै दोषी देखाउने प्रवृत्ति, साथै घरेलु हिंसाका घटनामा उजुरी प्रक्रियामा जाँदा पनि सकेसम्म मेलमिलाप गर्नका लागि दबाव दिने गरिन्छ जसले गर्दा महिलाहरू भित्रभित्रै मानसिक रूपमा विक्षिप्त हुने, सधैं अन्यायमा परेको महसुस गर्ने, आत्मविश्वास गुम्ने, नैरास्यताको सिकार भई आत्महत्याको प्रयास वा आत्महत्यासमेत गर्ने गरेको पाइएको छ । शारीरिक असर बाहिरबाट प्रत्यक्ष रूपमा देखिने भए पनि मानसिक असरप्रति खासै ध्यान पुगेको पाइँदैन । तसर्थ शारीरिक असरका साथसाथै मानसिक असरलाई व्यवस्थापन गर्न, समाधान गर्नमा पनि उत्तिकै ध्यान पुऱ्याउन जरुरी छ ।

महिलाहरूमाथि हुने हिंसा व्यक्तिगत सम्बन्ध र घर-परिवारभित्रै निकै झाँगिएर मौलाएको स्पष्ट हुन्छ । महिलाको मानव अधिकारको सम्मान गर्दै घरभित्र वा घर-परिवारसँग जोडिएर हुने हिंसाजन्य कार्यलाई दण्डनीय बनाई त्यस्ता कार्य नियन्त्रण गर्न तथा घरेलु हिंसाबाट प्रभावितलाई संरक्षण गरी न्याय प्रदान गर्ने उद्देश्यले नेपाल सरकारले घरेलु हिंसा तथा कसुर सजाय ऐन, २०६६ र नियमावली, २०६७ समेत निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । तथापि समाजका हरेक संरचनामा स्थापित विभेदपूर्ण सामाजिक सोच र महिलालाई हेर्ने विभेदपूर्ण दृष्टिकोणमा व्यक्तिगतदेखि नीतिगत तहसम्म परिवर्तन हुन नसकेका कारण घरेलु हिंसा तथा महिलामाथि हुने हिंसाले निरन्तरता पाउँदै आएको छ । तसर्थ प्रत्येक नागरिकको हिंसारहित वातावरणमा सुरक्षित र सम्मानित तवरले जीवन जिउन पाउने अधिकार सुनिश्चिततताका लागि राज्य थप संवेदनशील हुनु जरुरी छ ।

## घटना अध्ययन १

### दाइजोका कारण गयो समिरा (परिवर्तित नाम) को ज्यान

समिरा (परिवर्तित नाम) को विवाह एक वर्षअघि भएको हो । विहेको केही दिनमा नै दाइजो कम ल्याएको भन्दै समिराका श्रीमान, सासु र ससुराले उनलाई कुटपिट तथा मानिसक यातना दिन थालेका थिए । खान, लाउन औषधिउपचारमा पनि समस्या भएपछि उनले आफ्नो बुवालाई फोनमा सबै कुरा बताएकी थिइन् । २१ जेठ २०७९ मा उनका बुवा छोरीको घरमा आएर गाउँ-समाजका मानिस राखी छलफल गरी घर फर्किएका थिए । बुवालाई बोलाएको भन्दै त्यो राति पनि समिरामाथि कुटपिट हुँदैगर्दा उनले बुवालाई फोन गरेकी थिइन् । तर कुरा हुन नपाउँदै फोन खोसियो । शङ्का लागेर उनी छोरीको घरमा पुग्दा छलफलमा आएका केटाहरूसँग भागी होली भनेर उल्टै आरोप लगाए । उनी हराएपछि उनको बुवाले प्रहरीमा खोजतलासका लागि निवेदन दिए । त्यसको भोलिपल्ट उनको ससुराले पनि बुहारी घरबाट भागेको भन्दै प्रहरीमा निवेदन दर्ता गराएका थिए । उनले सम्धी र ज्वाइँविरुद्ध किटानी जाहेरी पनि दिएका थिए । तर निवेदन दिएको एक महिनासम्म पनि छोरीको पत्ता नलागेपछि समिराको बुवा महिला अधिकारकर्मीहरूलाई गुहार्न पुगेका थिए । ओरेक लगायतका मानव अधिकारको क्षेत्रमा क्रियाशील सङ्घ-संस्थाहरूले घटनाको स्थलगत अनुगमन पनि गरे । छिमेकीहरूका अनुसार विहेको दिनदेखि नै सम्धीहरूको बीचमा दाइजो लेनदेनको खटपट भएको थियो । छिमेकीहरूले पनि सम्झाउँदा कुरा मिल्न नसकेको र वडा अध्यक्षको भनाइमा त्यो रात बुवा फर्किएपछि उनलाई मुख थुनेर कुटपिट गर्दा रोएको आवाज बाहिर आउँदा रातभरि समिराका घरका मानिसहरू जागेकै र गुनगुन आवाज आएको गाउँले छिमेकीहरूले थाहा पाएका थिए । सबैतिरको दबाबपछि प्रहरीले पनि अनुसन्धानलाई तीव्र बनाउँदा उनको परिवारले अनुसन्धानलाई आलटाल

गर्न खोजेपछि प्रहरीले उनको ससुरा, श्रीमान र देबरलाई पक्राउ गरी सोधपुछ गर्दा बिमारी भएकाले उपचारका लागि भारतको सितामढीमा लगेको र त्यहीं मृत्यु भएको बयान दिए । उनीहरूको बयानमा शङ्का लागेपछि प्रहरीले घरमा थप अनुसन्धान गर्दा, घर पछाडिको खेतमा सडेको अवस्थमा समिराको लास फेला पऱ्यो । लास फेला परेपछि पीडित/प्रभावितको श्रीमानले २२ जेठकै रातिमा मारेर खेतमा गाडी भोलिपल्ट धान रोपाइ गरेर लुकाएको स्वीकार गरे । अहिले प्रहरीले पीडित/प्रभावितको ससुरा, श्रीमान र देबरमाथि कर्तव्य ज्यानमा मुद्दा दर्ता गरी कारबाही प्रक्रिया अगाडि वढाएको छ ।

# परिच्छेद ६

## ६.१ महिला र सामाजिक हिंसा

महिलामाथि हानिकारक सामाजिक मूल्य-मान्यता, संस्कार, परम्परा तथा संस्कृतिका आडमा हुने हिंसालाई सामाजिक हिंसा भन्ने बुझिन्छ । समाजमा महिला, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक तथा पुरुषलाई हेर्ने सामाजिक, सांस्कृतिक मूल्य-मान्यतामा आधारित असमान र पूर्वाग्रही दृष्टिकोणका कारण महिलालाई होच्याउने, आत्मसम्मानमा चोट पुऱ्याउने, कमजोर देखाउने, महिलाको क्षमतामाथि प्रश्न गर्ने, अविश्वास र अवमूल्यन गर्ने, अवसरबाट वञ्चित गराउने, महिलाको स्वतन्त्रतामाथि प्रश्न उठाउने जस्ता विभेदपूर्ण व्यवहार तथा हिंसा घरभित्रदेखि राज्यतहसम्म विद्यमान छ । यस्ता व्यवहारले महिलाको स्वतन्त्रता र आत्मसम्मानपूर्वक बाँच्न पाउने अधिकारलाई समेत चुनौती दिएको छ ।

देश एकात्मक केन्द्रिकृत संरचनाको परिवर्तन गरी स्थापना भएको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा अघि बढिरहेको छ, तापनि नेपाली महिलाहरूले सोको अनुभूति गर्न सकेका छैनन् । नेपालमा अझै पनि महिलाहरूमाथि धर्म, संस्कृति र परम्पराको आडमा विभिन्न हिंसा गरिँदै आएको छ । समाजमा जरो गाडेर बसेको पितृसत्तात्मक सोच र मान्यताका कारण महिलाहरूलाई विभिन्न बहानामा अवसरहरूबाट वञ्चित गराइएको छ । महिलाहरूलाई दोस्रो दर्जाका नागरिकको रूपमा बस्न बाध्य बनाइएको छ । जसले महिलाहरूको स्वतन्त्र, सम्मानित र आत्मसम्मानपूर्वक बाँच्न पाउने महिलाहरूको अधिकार कुण्ठित भएको छ । नेपालको संविधान धारा ३८ (३) महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानुनबमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भनी उल्लेख गरेको छ ।

साथै **महिलामाथि हुने सबै प्रकारका भेदभाव उन्मूलन समितिले (CEDAW Committee) छैठौं आवधिक प्रतिवेदन, २०१८ मा नेपाल सरकारलाई दिएको निश्कर्षात्मक सुझावमा** हानिकारक

[1]Declaration on the Elimination of Violence against Women, Proclaimed by General Assembly resolution 48/104 of 20 December 1993

परम्परागत अभ्यासका आधारमा हुने हिंसाका घटनालाई नियन्त्रण गर्नका लागि कानुनको प्रभावकारी कार्यान्वयन गरी दोषीलाई कडाभन्दा कडा सजाय दिई हिंसा प्रभावितलाई उचित क्षतिपूर्ति प्रदान गर्न, हानिकारक परम्परागत अभ्यासका आधारमा हुने हिंसा प्रभावितहरूले कुनै डर, त्रास, सामाजिक लाञ्छनाविना उजुरी गर्न सक्ने वातावरण सिर्जना गर्न र प्रभावितलाई आवश्यक सुरक्षाबास सहयोग, मनोसामाजिक परामर्श, कानुनी परामर्श तथा सहयोग र स्वास्थ्य उपचारको व्यवस्थाको सुनिश्चितता गर्नका लागि सुझावसमेत प्रदान गरेको छ। यद्यपि हानिकारक परम्परागत अभ्यासका आधारमा गरिने हिंसा यथावतै छ र महिलाहरू विभिन्न स्वरूपमा हिंसाहरू खेप्दै कष्टकर जीवन यापन गर्न बाध्य छन् ।


महिलामाथि हुने सामाजिक हिंसाको मुख्य कारण हानिकारक सामाजिक-सांस्कृतिक मूल्य-मान्यता, यही कारणले महिलालाई हेर्ने विभेदकारी दृष्टिकोण, महिलाले सदियौंदेखि निभाउँदै आएका परम्परागत भूमिकामा मात्रै सीमित देख्न चाहनु यी र यस्तै सङ्कुचित सोच, हानिकारक परम्परागत अभ्यास रहेका छन् । सामाजिक-सांस्कृतिक संरचनाहरूलाई परिवर्तन गर्ने वातावरण तयार गर्न महिलालाई हेर्ने परम्परागत दृष्टिकोण महिलाप्रति गरिने व्यवहार, सामन्ती संस्कारको बाहुल्य भएको समाज तथा धर्म र संस्कृतिको नाममा भइरहेका विभेदको जरैदेखि अन्त्य गर्न जरुरी छ । यस वर्ष महिलामाथि भएका कुल तथ्याङ्कमध्ये १३ प्रतिशत (२४० जना) महिलामाथि सामाजिक हिंसा भएको पाइएको छ ।

## ६.२. सामाजिक हिंसाका परिणाम र विश्लेषण

### महिलामाथि सामाजिक रुपमा भएका हिंसाका स्वरुपहरु

सामाजिक हिंसाका विभिन्न स्वरूपहरू रहेका छन् । यस अध्ययनमा महिलामाथि हुने सामाजिक हिंसाका ५ वटा स्वरूपलाई प्रस्तुत गरिएको छ। यस वर्ष सङ्कलित तथ्याङ्कअनुसार महिलाहरूमाथि सामाजिक रूपमा भएका हिंसामा बढी मात्रामा २९ प्रतिशत (६९ जना) बालिकाहरूको विवाह कम उमेरमा भएको पाइएको छ भने त्यमध्ये १ प्रतिशत (६ जना) माथि जबरजस्ती विवाह भएको तथ्याङ्कले देखाउँछ । एक वर्षको अवधिमा ३० प्रतिशत (७१ जना) महिलामाथि बोक्सीको आरोप लगाएर, चारित्रिक आरोप लगाएर, जातीय भेदभाव/छुवाछुतको आधारमा शारीरिक हिंसा भएको तथ्याङ्कले देखाएको छ ।


यसैगरी यस वर्ष २३ प्रतिशत (५४ जना) लाई गालीगलौज गरी १२ प्रतिशत (२८ जना) लाई चारित्रिक आरोपमा मानसिक यातना दिइएको पाइएको छ । यसैगरी ८ प्रतिशत (१८ जना) लाई नागरिकता प्राप्त गर्ने अवसरबाट वञ्चित गराउने जातीय भेदभाव गरी सामाजिक काममा सहभागी नगराइएको, बोक्सीको आरोपमा चारित्रिक आरोप लगाई गाउँ निकाला गरिएको जस्ता सामाजिक हिंसाका घटना अभिलेख भएका छन् ।




**चार्ट नं. २१.** महिलामाथि हुने सामाजिक हिंसाका स्वरूप

### ६.३ सामाजिक हिंसा र पीडकसँगाको सम्बन्ध


सामाजिक हिंसाबाट प्रभावित महिला र पीडकसँगको सम्बन्धबारे विश्लेषण गर्दा महिलामाथि सबैभन्दा बढी छिमेकीबाट हिंसा भएको पाइयो । महिलामाथि भएका कुल सामाजिक हिंसाको ४१ प्रतिशत (९८ जना) मा छिमेकीबाट र प्रेमीबाट २१ प्रतिशत (५० जना) मा हिंसा भएको छ । त्यसैगरी ११ प्रतिशत (२६ जना) लाई समुदाय सदस्य, १० प्रतिशत (२४ जना) लाई परिवारका सदस्यबाट र ४ प्रतिशत (९ जना) आत्मीय ठानेका साथीले, ७ प्रतिशत (१७ जना) सेवाप्रदायक संस्थाका अधिकारीबाट, १ जना शिक्षक र २ प्रतिशत (४ जना) अपरिचित व्यक्तिबाट महिलामाथि सामाजिक हिंसा भएको पाइएको छ ।




**चार्ट नं. २२.** सामाजिक हिंसा प्रभावितहरूको पीडकसँगको सम्बन्ध

## ६.४ प्रभावितको वैवाहिक अवस्था


सामाजिक हिंसाबाट प्रभावित महिलाहरूको वैवाहिक अवस्थालाई विश्लेषण गर्दा विवाहित महिलामाथि बढी ५८ प्रतिशत (१३९ जना) सामाजिक हिंसा भएको पाइएको छ । त्यसैगरी सामाजिक हिंसाबाट प्रभावितहरूमध्ये ३ प्रतिशत (६ जना) सामाजिक रीति रिबाज अनुरूप विवाह नगरेका तर विवाहितसरह सँगै बसेका र ३६ प्रतिशत (८७ जना) अविवाहित, ३ प्रतिशत (६ जना) एकल महिला र, एक प्रतिशत (२ जना) पारपाचुके गरेका महिला सामाजिक हिंसाबाट प्रभावित भएका छन् ।




**चार्ट नं. २३.** सामजिक हिंसाका प्रभावितहरूको वैवाहिक स्थिति

## ६.५ प्रभावितको उमेर र सामाजिक हिंसा


सामाजिक हिंसाबाट प्रभावित महिलाहरूमा सबैभन्दा बढी १८ वर्षभन्दा कम उमेरका २६ प्रतिशत (६२ जना) रहेका छन् । १८ देखि २५ वर्ष उमेर समूहका १८ प्रतिशत (४३ जना), २६ देखि ३५ वर्ष उमेर समूहका २४ प्रतिशत (५७ जना) महिला सबैभन्दा बढी सामाजिक हिंसामा परेका छन् । यसैगरी २० प्रतिशत (४७ जना) ३६ देखि ४५ वर्ष उमेर समूहका, ४६ देखि ५५ वर्ष उमेर समूहका १० प्रतिशत (२४ जना) र ५६ देखि माथिका ३ प्रतिशत (७ जना) महिला सामाजिक हिंसाबाट प्रभावित भएको यस वर्षको तथ्याङ्कले देखाएको छ ।





**चार्ट नं २४.** उमेरका आधारमा महिलामाथि भएका सामाजिक हिंसाको अवस्था

## ६.६ प्रभावितको शिक्षाको स्तर र सामाजिक हिंसा

सामाजिक हिंसाबाट प्रभावितहरूको शैक्षिकस्तरबारे विश्लेषण गर्दा ७९ प्रतिशत (१९० जना) साक्षर र २१ प्रतिशत (५० जना) निरक्षर महिलामाथि हिंसा भएको पाइएको छ । साक्षर महिलाहरूमा पनि सामान्य आधारभूत शिक्षा अध्ययन गरेका ४५ प्रतिशत (८६ जना), माध्यमिक शिक्षा पूरा गरेका ५० प्रतिशत (९५ जना), स्नातक तह अध्ययन गरेका, ४ प्रतिशत (९ जना) महिलामाथि हिंसा भएको पाइएको छ । यसले के देखाउँछ भने बुझेका वा सामान्य लेखपढ गर्न सक्ने महिलाहरूसमेत सामाजिक हिंसाबाट प्रभावित छन् । शिक्षाको तह बढ्दै जाँदा हिंसाको दर घटेको देखिन्छ ।





**चार्ट नं २५.** सामाजिक हिंसा र शैक्षिक अवस्था **चार्ट नं २६.** सामाजिक हिंसा र साक्षरताको अवस्था

## ६.७ प्रभावितको जात/जातीयता र सामाजिक हिंसा


सामाजिक हिंसाबाट प्रभावित महिलाहरूमध्ये सबैभन्दा बढी २३ प्रतिशत (५५ जना) तराई आदिवासी जनजाति महिला रहेको पाइयो । त्यसैगरी दोस्रो सामाजिक हिंसा प्रभावितमा २१ प्रतिशत (५० जना) ब्राह्मण/क्षेत्री पहाडे, १६ प्रतिशत (३९ जना) पहाडे दलित, १० प्रतिशत (२३ जना) तराई दलित ८ प्रतिशत (१९ जना) ब्राह्मण/क्षेत्री तराई, ७ प्रतिशत (१६ जना) पहाडे आदिवासी जनजाति, ७ प्रतिशत (१६ जना) तराई/मधेसी अन्य जातिका साथै ७ प्रतिशत (१७ जना) मुस्लिम र २ प्रतिशत (५ जना) अन्य जातिका महिलामाथि सामाजिक हिंसा भएको पाइएको छ ।




**चार्ट नं.२७.** जात/जातीय आधारमा महिलामाथि भएको सामाजिक हिंसाको अवस्था

## ६.८ प्रभावितको पेसा र सामाजिक हिंसा


सामाजिक हिंसाबाट पनि घरायसी काममा संलग्न महिलाहरू बढी प्रभावित भएको पाइएको छ। सामाजिक हिंसाबाट प्रभावित ३५ प्रतिशत (८३ जना) महिला घरायसी काममा संलग्न छन्। त्यसैगरी १३ प्रतिशत (३२ जना) कृषि तथा पशुपालनमा संलग्न, ३० प्रतिशत (७३ जना) विद्यार्थी, ७ प्रतिशत (१७ जना) दैनिक ज्यालामजदुरी गरेर जीवनयापन गरिरहेका महिला र ६ प्रतिशत (१४ जना) साना व्यापारमा संलग्न, एक प्रतिशत (३ जना) सरकारी सेवामा संलग्न, पाँच प्रतिशत (१२ जना) गैरसरकारी सेवामा, एक प्रतिशत (२ जना) जागिर खोज्दै गरेका महिलामाथि सामाजिक हिंसा भएको पाइएको छ।




**चार्ट नं. २८.** : सामाजिक हिंसा प्रभावित महिलाहरूको पेसागत अवस्था

## ६.९ सामाजिक हिंसाका कारण प्रभावितमा परेको असर

सामाजिक हिंसाबाट प्रभावितहरूमा सबैभन्दा बढी मानसिक असर परेको पाइएको छ। सबैभन्दा बढी ५४ प्रतिशत (१३० जना) महिलामा मानसिक असर, त्यसपछि २५ प्रतिशत (५९ जना) महिलामा शारीरिक असर, ९ प्रतिशत (२२ जना) मा सामाजिक असर, ८ प्रतिशत (१९ जना) मा आर्थिक असर परेको छ भने ४ प्रतिशत (१० जना) महिलामा सामाजिक हिंसाका कारण सबैखाले असर परेको तथ्याङ्कले देखाएको छ। महिलाहरूमा पर्ने असरको प्रतिशतमा केही भिन्नता भए तापनि सामाजिक हिंसाका कारण महिलाको प्रत्यक्ष जीवनमा सबै प्रकारका असर पर्ने गरेको अध्ययनका क्रममा पाइएको छ।




**चार्ट नं. २९.** सामाजिक हिंसाका कारण प्रभावितमा परेका असरहरू

**विश्लेषण**

महिलाहरूमाथि घरेलु हिंसापछि सबैभन्दा बढी सामाजिक हिंसा भएको पाइएको छ । यस वर्ष सङ्कलन गरिएको तथ्याङ्क हेर्दा १३ प्रतिशत (२४० जना) महिलामाथि सामाजिक हिंसा भएको पाइएको छ । जसमध्ये २९ प्रतिशत बालविवाह (६९ जना), १ प्रतिशत (६ जना) माथि जबर्जस्ती विवाह, ३० प्रतिशत (७१ जना) महिलामाथि बोक्सीको आरोप, चारित्रिक आरोप लगाई, भेदभाव/छुवाछुतको आधारमा शारीरिक हिंसा भएको तथ्याङ्कले देखाएको छ। साथै २३ प्रतिशत (५४ जना) लाई गालीगलौज गरी र १२ प्रतिशत (२८ जना) लाई चारित्रिक आरोप लगाएर मानसिक यातना दिएको पाइएको छ । यसैगरी ८ प्रतिशत (१८ जना) लाई नागरिकता प्राप्त गर्ने अवसरबाट वञ्चित गराउने जातीय भेदभाव गरी सामाजिक काममा सहभागी नगराइएको बोक्सीको आरोपमा चारित्रिक आरोप लगाई गाउँ निकाला गरिएको जस्ता सामाजिक हिंसाका घटना अभिलेख भएका छन् ।

जसमा ४१ प्रतिशत (९८ जना) छिमेकीबाट, २१ प्रतिशत (५० जना) महिलाले आत्मीय र नजिक ठानेका साथीबाट, ११ प्रतिशत (२६ जना) समुदाय सदस्यबाट र १० प्रतिशत (२४ जना) परिवारका सदस्यबाट हिंसामा परेका छन् । यसैगरी ७ प्रतिशत (१७ जना) सेवा प्रदायकबाट, ४ प्रतिशत (९ जना) साथीबाट, २ प्रतिशत (४ जना) अपरिचित व्यक्तिबाट र २ प्रतिशत (५ जना) अन्य व्यक्तिबाट सामाजिक हिंसा भएको पाइएको छ। नेपाल प्रहरीको यस वर्षको तथ्याङ्कअनुसार ५२ वटा उजुरी बालविवाहविरुद्धमा परेका छन् । त्यस्तै बोक्सीको आरोपमा महिलालाई यातना दिइएका ४९ वटा उजुरी प्रहरीमा आए । बालविवाह र बोक्सीको आरोपमा यातना दिएका दुवै थरिका उजुरी अघिल्लो वर्षभन्दा घटेको पाइएको छ । बोक्सीको अरोप जस्ता घटनामा समेत गाउँघरमा नै मेलमिलाप गराउने प्रवृत्ति, हिंसापश्चात् हिंसा प्रभावितलाई उजुरी प्रक्रियामा जाँदा दिइने धम्की, चारित्रिक आरोप तथा लाञ्छनाका कारण पनि घटनाहरू बाहिर नआउने गरेको प्रभावितको अनुभवले देखाएको छ। यसले पनि प्रहरीमा आउने उजुरी घटेको हुन सक्ने सम्भावना रहन्छ ।

महिलामाथि हुने विभिन्न प्रकारका हिंसामध्ये बोक्सीको आरोपमा उनीहरूलाई गरिने हिंसा, यातना र अमानवीय व्यवहार हानिकारक परम्परागत अभ्यासका आडमा हुने हिंसा हो । अझै पनि समाजमा स्थापित हानिकारक परम्परागत अभ्यास, सोही अभ्यासमा आधारित विभेदकारी सामाजिक-सांस्कृतिक मूल्य-मान्यता तथा असन्तुलित शक्ति सम्बन्धका कारण महिलाहरू बोक्सीको आरोपमा विभिन्न स्वरूपमा हिंसा भोग्न बाध्य छन्। महिला भएकै आधारमा उनीहरूमाथि लगाइने बोक्सीको आरोप र दुर्व्यवहारका कारण महिलाहरू सामाजिक, मानसिक, शारीरिक तथा यौनिक हिंसाबाट पीडित/प्रभावित हुनु परेको छ। यही दुर्व्यवहारका कारण कतिले ज्यान गुमाउनु परेको छ भने, कति घरबारविहनि हुनु परिरहेको अवस्था हाम्रो सामू विद्यमान छ । सामाजिक रूपमा कमजोर, एकल महिला जसका लागि बोल्ने व्यक्तिहरू हुँदैनन् उनीहरूलाई बोक्सीको आरोप लगाई कुटपिट गर्ने, अर्धनग्न अवस्था बनाएर मलमूत्र खुवाउनेसम्मको दुर्व्यवहार गर्ने गरेको पाइएको छ। जसमा समाजका हुनेखाने व्यक्ति, शक्ति संरचनाका नजिक भएका तथा राजनैतिक पहुँच भएका व्यक्ति संलग्न हुने गरेको पाइएको छ। नेपाल सरकारबाट 'बोक्सीको आरोप (कसुर र सजाय) ऐन, २०७२' पारित भएको छ । यस ऐन पारित भएको पनि ७ वर्ष बितिसकेको छ । तथापी बोक्सीको आरोपममा महिलामाथि हुने हिंसा नियन्त्रण हुन सकेको छैन। बालविवाह तथा बहुविवाह कानुनी रूपमा बर्जित भए तापनि सामाजिक रूपमा अझै पनि स्वीकारिंदै आएको छ ।

त्यस्तै महिला तथा किशोरीले पितृसत्तात्मक सोचकै कारण एसिड तथा अन्य घातक रासायनिक पदार्थको आक्रमणको सिकार हुनुपरेको छ । प्रेंम प्रस्ताव अस्वीकार गर्दा, दाइजो कम ल्याएको निहुँमा होस् वा पुरुषले भनेको अनुसार नचलेको अवस्थामा महिला तथा किशोरीमाथि एसिड आक्रमण हुने, अङ्गभङ्ग हुने र मृत्युसमेत हुने गरेका घटना अहिले पनि हाम्रो समाजमा विद्यमान रहेको छ । सन् २०१७ मा सङ्गिता मगर र उनकी साथी सीमामाथि भएको एसिड आक्रमणपछि यस्ता घटनाका प्रभावितलाई निःशुल्क स्वास्थ्योपचारको व्यवस्था र मुलुकी देवानी संहितामा पीडकलाई १० वर्षसम्मको जेल सजायको व्यवस्था गरिएको थियो । त्यसपछि वि.सं. २०७८ सालमा तेजाब तथा अन्य घातक रासायनिक पदार्थको नियमनका सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश राष्ट्रपतिबाट पारित गरिएको थियो जसमा एसिड तथा अन्य घातक रासायनिक पदार्थको उत्पादन, निकासी, पैठारी, भण्डारण, ओसारपसार, बिक्री-वितारण, प्रयोग तथा विसर्जन गर्ने कामलाई नियमन गर्ने उद्देश्यले उक्त अध्यादेश जारी गरिएको थियो । तथापी ऐनको रूप पाउन अझै सकेको छैन ।

कतिपय महिलाविरुद्धका हिंसामा नीति, नियम, ऐन, कानुन, व्यवस्था स्पष्ट नहुने र भएका ऐन, कानुन, व्यवस्थाको प्रभावकारी कार्यान्वयन नहुनुले पनि यस्ता घटना अझै समाजमा घटिरहेका छन् । जसमा सेवा प्रदायक निकायका व्यक्तिहरूको घटनाप्रतिको संवेदनशीलता र स्पष्टता नहुनु पनि घटनाको उचित सम्बोधन नहुनुको कारण हो ।

## घटना अध्ययन २ (दाइजोको कारण हिंसा)
## जति शिक्षित भए पनि चेतनशील हुन नसकेपछि ...............

मेरो नाम बबिता (नाम परिवर्तन) हो । म २१ वर्षकी भएँ । म प्लस टु पढ्दै गर्दा २०७९ वैशाखमा सामाजिक परम्पराअनुसार विवाह भयो । मेरो विवाह भएको केटा एमबीबीएस पास गरी काठमाडौंको ग्राण्डी हस्पिटलमा काम गरिरहेको थियो । जसको कारण धेरै दाइजोको माग गरिएको थियो । विहेमा बुवाले ४० लाख नगद र २० तोला सुन दाइजोको रूपमा दिनुभएको थियो । मलाई गाउँमा राखेर ऊ काठमाडौंमा नै बस्ने गर्थ्यो । महिनामा एक पटक घर आउँदा प्रत्येक पटक नै दाइजो कम भएकाले अब काठमाडौंमा घर बनाइदिनका लागि माइतीलाई भन् भनेर तनाब दिने, कुटपिट, गालीगलौज गरेर जान्थ्यो । मलाई आफूसँग काठमाडौं लैजान भन्दा पनि कुट्थ्यो । पछि त उसले मलाई तँ मन पर्दैन मैले घरपरिवारको दबाबमा दाइजोका लागि मात्र विवाह गरेको हो । तँलाई मन पराउन सक्दिन भन्थ्यो । उसले पछि मलाई शारीरिक मात्र नभएर मानसिक यातनासमेत दिन थाल्यो । उसले मलाई विहे गरेको ३ दिनपछि मोबाइलमा ब्लक गऱ्यो र पछि आफ्नो जिन्दगीमा नै नराख्ने गरी ब्लक गरिदिन्छु भन्दै धम्कीहरू दिन थाल्यो । दसैं अगाडि कुटपिट गरेर घाइते बनाएको कारण म अस्पताल भर्ना भएको थिएँ । न्याय पाउनका लागि सहयोग खोज्दै जाँदा ओरेक महोत्तरी आइपुगें । म अहिले माइतीमै बसेर घरेलु हिंसाको मुद्दा हालेको छु भने अब अंशसहितको सम्बन्धविच्छेदको मुद्दा हाल्ने मनसाय बनाएको छु । ओरेकले घरेलु हिंसाको मुद्दा दर्ता गराउन सहयोग गरेको छ भने मनोविमर्श सेवा पनि लिइरहेको छु । विस्तारै आफूलाई भित्रैदेखि बलियो र सक्षम बनाउने कुरामा दृढ छु ।

# परिच्छेद ७

## ७.१ बलात्कार

बलात्कार मानव अधिकार हनन्को जघन्य र निकृष्ट अपराधको स्वरूप हो । पितृसत्तात्मक सामाजिक मान्यताले महिलाको शरीरलाई नियन्त्रण गर्ने एउटा महत्वपूर्ण हतियारको रूपमा बलात्कारलाई लिएको पाइन्छ। महिलाहरूको समान अस्तित्वलाई नस्वीकारी उनीहरूलाई उपभोग्य वस्तुको रूपमा प्रयोग गरिएकै कारण हरेक उमेर समूहका महिला तथा किशोरीहरू दिनप्रतिदिन बलात्कारबाट प्रभावित हुन बाध्य छन् । नेपालको संविधानले बलात्कारलगायत महिलामाथि हुने सबै प्रकारका हिंसालाई कानुनी रूपमा दण्डनीय बनाई प्रभावित/पीडितले कानुनबमोजिम न्याय तथा क्षतिपूर्ति प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ । यद्यपि हिंसाका घटनाहरू नियन्त्रण हुन सकिरहेका छैनन् । महिलाको शरीर महिलाको आफ्नो नियन्त्रणमा नहुनु, परिवारको इज्जत जोगाउने जिम्मा महिलालाई दिइनु, महिलाको पहिचानलाई उनको यौनिकतासँग दाजेर हेर्ने सोच समाजमा विद्यमान बढ्दो "बलात्कार" का घटनाका लागि जिम्मेवार देखिन्छन् ।


बलात्कार कुनै सामान्य अपराध होइन । मुलुकी अपराध संहिता, २०७४ को दफा २ (च) अन्तर्गत यो जघन्य अपराधको कोटिमा पर्छ। यो व्यक्तिविरुद्ध मात्रै नभएर सिंगो समाजविरुद्धकै अपराध हो। यस्तो अपराध घटित हुँदा समाज नै भयभीत र त्रस्त हुन्छ। यसले महिला र बालबालिकामा चरम असुरक्षाको भाव पैदा गर्छ। सर्वोच्च अदालतले वैवाहिक बलात्कारसम्बन्धी आफ्नो आदेश (२०५८ सालको रिट नं. ५५, आदेश मिति : २०५९ वैशाख १९) मा बलात्कार अपराधको गाम्भीर्यतालाई यसरी चित्रित गरेको छ, 'जबर्जस्ती करणी अपराध पीडित महिलाविरुद्धको मात्र नभई सिङ्गो समाजविरुद्धको अपराध हो । हत्याले मानिसको भौतिक शरीर त नष्ट पारिदिन्छ, तर जबर्जस्ती करणीको अपराधले पीडित महिलाको शारीरिक, आध्यात्मिक र मानसिक स्थितिलाई नै क्षत-विक्षत गर्दछ ।' बलात्कारको जघन्य प्रकृतिकै कारण यस्ता मुद्दामा क्षमादान, माफी, मुद्दा फिर्तासमेत वर्जित छन् ।

नेपाल प्रहरीमा चालु आर्थिक वर्षमा उजुरीमा आएका २३ सय ८० वटा बलात्कारका घटनालाई हेर्दा दैनिक रूपमा औसत ६ जना महिला तथा बालिका बलात्कृत भएको देखिन्छ। यसैगरी ओरेकमा पनि यस वर्ष १०९ वटा बलात्कार, १४ वटा सामूहिक बलात्कार, ३४ वटा बलात्कार प्रयास र २२ वटा वैवाहिक बलात्कारको घटनाका तथ्याङ्क सङ्कलन भएको छ। बलात्कारका घटनामध्ये ३ जनाको बलात्कारपछि हत्या गरिएको पाइएको छ। बलात्कार जस्तो जघन्य अपराधका घटनामा राखिएको हदम्याद, घटनामा मेलमिलाप गराउने प्रवृत्ति, घटनामा हिंसा प्रभावित/पीडितले परिवार र समाजबाट अपहेलित हुनुपर्ने डर तथा पीडकले दिने धम्कीका कारणले अझै पनि घटनाहरू सार्वजनिक हुन सकेका छैनन्।

सञ्चार माध्यममार्फत सार्वजनिक भएका बलात्कारका घटनामा पनि पीडित/प्रभावितले न्यायिक प्रक्रियामा जानका लागि भोग्नुपरेको सास्ती, प्रभावितले भोग्नुपर्ने सामाजिक लाञ्छना, पीडक पक्षको दबाव र प्रभाव आदि कारणले गर्दा घटना बीचैमा छाड्नुपर्ने बाध्यता, बलात्कारका घटनामा हुने राजनीतिक संरक्षणले गर्दा दण्डहीनताले प्रश्रय पाएको छ। समाजमा बलात्कार जस्ता जघन्य अपराधका घटनामा पीडकले पाएको उन्मुक्तिका कारणले आफूमाथि भएको घटनालाई बाहिर ल्याउन हिंसा प्रभावितले कैयौँ पटक सोच्ने गरेको पीडित/प्रभावितले बताएका छन्।

## ७.२ बलात्कार पीडकसँगाको सम्बन्ध


बलात्कार तथा बलात्कार प्रयासका घटनामा अन्जान व्यक्तिहरूभन्दा चिनेजानका र आफ्नै वरिपरिका छिमेकी व्यक्तिहरू नै बढी संलग्न भएको देखिन्छ। यस वर्ष सङ्कलन भएका तथ्याङ्कलाई हेर्दा सबैभन्दा बढी ३५ प्रतिशत (६२ जना) महिला छिमेकीबाट, १३ प्रतिशत (२४ जना) परिवारका सदस्य जस्तै : आफ्नै बाबु, काका, मामा, ससुरा, देबरबाट महिला तथा बालिकाहरू बलात्कृत भएको तथ्याङ्कले देखाउँछ। यसैगरी १२ प्रतिशत (२२ जना) श्रीमानबाट, ९ प्रतिशत (१७ जना) आफूले आत्मीय ठानेका साथीबाट, ७ प्रतिशत (१३ जना) समुदाय सदस्यबाट, ४ प्रतिशत (८ जना) साथीबाट, ६ प्रतिशत (१० जना) सेवा प्रदायक संस्थाका अधिकारीवाट, १ प्रतिशत (२ जना) कानुनी एवं सामाजिक परम्पराअनुरुप विवाह नगरेका तर विवाहितसरह सँगै बसेका साथीबाट र ९ प्रतिशत (१७ जना) अपरिचित व्यक्तिवाट बलात्कृत भएको तथ्याङ्क प्राप्त पाइएको छ।




**चार्ट नं. ३०.** बलात्कार प्रभावित महिलाको पीडकसँगको सम्बन्ध

## ७.३ बलात्कार प्रभावितको उमेर


महिला तथा बालिकामाथि जुनसुकै उमेरमा पनि बलात्कार भएको तथ्याङ्कले देखाउँछ । तर जतिजति उमेर कम हुन्छ त्यति धेरै बलात्कारको जोखिम हुने सम्भावना रहेको सङ्कलित तथ्याङ्कले उजागर गरेको छ। यस वर्ष ओरेकमा अभिलेख भएको तथ्याङ्कलाई विश्लेषण गर्दा १ वर्षकी बालिकादेखि ८४ वर्षीया महिलासमेत बलात्कृत भएको पाइएको छ। ओरेकमा सङ्कलन भएको बलात्कारको तथ्याङ्क अनुसार ४५ प्रतिशत (८० जना) १८ वर्षभन्दा कम उमेरका बालिका बलात्कृत भएका छन्। १८ देखि २५ वर्ष उमेर समूहका २६ प्रतिशत (४७ जना), २६ देखि ३५ वर्ष उमेर समूहका १७ प्रतिशत (३१ जना), ३६ देखि ४५ वर्ष उमेर समूहका ८ प्रतिशत (१५ जना) तथा ४६ वर्षभन्दा माथिका ३ प्रतिशत (६ जना) महिलामाथि बलात्कार भएको छ।





**चार्ट नं. ३१.** बलात्कार प्रभावित महिलाहरूको उमेरका आधारमा हिंसाको परिणाम

## ७.४ बलात्कारबाट प्रभावितको शैक्षिक अवस्था

बलात्कारबाट प्रभावित महिलाको शैक्षिकस्तरबारे विश्लेषण गर्दा निरक्षरको तुलनामा साक्षर महिला नै बलात्कारबाट बढी प्रभावित हुने गरेको पाइएको छ। यस वर्ष प्राप्त तथ्याङ्कका आधारमा १२ प्रतिशत निरक्षर (२२ जना) र ८८ प्रतिशत (१५७ जना) साक्षर महिलामाथि बलात्कार भएको पाइयो। यसैगरी महिलाको शैक्षिक अवस्था हेर्दा ५९ प्रतिशत (९२ जना) आधारभूत तह अध्ययन गरेका, ३८ प्रतिशत (५९ जना) माध्यमिक तहसम्मको अध्ययन गरेका तथा ४ प्रतिशत (६ जना) जना स्नातक तह अध्ययन गरेका महिलामाथि बलात्कार भएको पाइयो। तर अभिलेख गरिएको तथ्याङ्कमा न्याय खोज्न वा उजुरी गर्न  निरक्षर महिलाभन्दा साक्षर र शिक्षित महिला न्यायिक प्रक्रियाबारे बढी अग्रसर र सचेत भएका कारणले पनि साक्षरको धेरै र निरक्षर महिलाको सङ्ख्या थोरै भएको हुन सक्छ।





**चार्ट नं. ३२.** बलात्कार प्रभावितमहिलाको साक्षरताको अवस्था




**चार्ट नं. ३३.** बलात्कार प्रभावित महिलाको शैक्षिक अवस्था

## ७.५ प्रभावितको जात/जातियता


बलात्कारबाट प्रभावित महिलाहरूमध्ये सबैभन्दा बढी २१ प्रतिशत (३८ जना) तराई आदिवासी जनजाति, रहेका छन् । यसैगरी १८/१८ प्रतिशत (३३, ३३ जना) पहाडे ब्राह्मण/क्षेत्री र पहाडे दलित , १३/१३ प्रतिशत (२४, २४ जना) तराई दलित र पहाडे आदिवासी जनजाति रहेका छन् । ७ प्रतिशत (१३ जना) तराई ब्राह्मण/क्षेत्री, ४ प्रतिशत (८ जना) तराई/मधेसी अन्य जातिका र ३ प्रतिशत (६ जना) मुस्लिम महिला प्रभावित भएका छन् ।




**चार्ट नं. ३४.** जात/जाातीय आधारमा महिलामाथि भएको बलात्कारको स्थिति

## ७.६ प्रभावितको पेशा


बलात्कारबाट प्रभावित भएका महिलामध्ये बढी १८ वर्षभन्दा कम उमेरका बालिका र पढ्दै गरेका उमेर समूहका बढी रहेका छन् । ४६ प्रतिशत (८३ जना) छात्रा तथा बालिका धेरै बलात्कृत भएका छन् । त्यसैगरी २७ प्रतिशत (४८ जना) घरायसी काममा संलग्न, १० प्रतिशत (१८ जना) कृषि पेसा, ७ प्रतिशत (१३ जना) दैनिक ज्यालामजदुरी गर्ने, ३ प्रतिशत (६ जना) सामान्य व्यापार व्यवसायमा संलग्न एक/एक प्रतिशत (१, १ जना) क्रमशः निजी क्षेत्र र सरकारी सेवामा रहेका महिलामाथि बलात्कार भएको छ । त्यस्तै ४ प्रतिशत (७ जना) गैरसरकारी सेवामा कार्यरत महिला बलात्कृत भएका छन् ।




**चार्ट नं. ३५.** पेसागत आधारमा महिलामाथि भएको बलात्कारको अवस्था

## ७.७. बलात्कार र आरोपितको उमेर

बलात्कारमा संलग्न पीडक व्यक्तिहरूको उमेरको आधारमा हेर्दा सबैभन्दा बढी १८ देखि २५ र २६ देखि ३५ वर्ष उमेर समूहका युवा बलात्कारमा संलग्न भएको तथ्याङ्कले देखाएको छ। यस उमेर समूहका २९/२६ प्रतिशत (५४, ४९ जना) युवा बलात्कारमा संलग्न रहेको पाइएको छ। यसैगरी २० प्रतिशत (३८ जना) ३६ देखि ४५ वर्ष उमेर समूहका तथा ११ प्रतिशत (२२ जना) ४६ वर्षभन्दा माथिका पुरुष र ५ प्रतिशत (९ जना) १८ वर्षभन्दा कम उमेरका बालक बलात्कारमा संलग्न रहेको देखाएको छ भने ९ प्रतिशत (१७ जना) को अपरिचित व्यक्तिबाट बलात्कार भएको तथ्याङ्कले देखाएको छ।




**चार्ट नं. ३६.** बलात्कार र पीडकको उमेर

**विश्लेषण**

यस वर्ष सङ्कलित तथ्याङ्कलाई विश्लेषण गर्दा १८ वर्षभन्दा कम उमेर समूहका ४५ प्रतिशत बालिकाहरू बलात्कृत भएको पाइएको छ । यसैगरी १० वर्षभन्दा कम उमेरका मात्रै ३१ जना बालिकाहरू बलात्कृत भएको देखिन्छ । नेपाल प्रहरीमा २०७७/०७८ मा दर्ता भएका घटनालाई हेर्दा पनि बलात्कृत हुनेमा १८ वर्षसम्मका ६५ प्रतिशत बालिकाहरू रहेका छन् । यसैगरी ८८ प्रतिशत बलात्कारका घटनाका जिम्मेवार आफ्ना परिवारका सदस्य, आफन्त, नजिकका मानिएका साथी, छिमेकी जस्ता चिरपरिचित व्यक्तिहरू नै रहने गरेको देखिन्छ । यसले के देखाउँछ भने १८ वर्षभन्दा कम उमेरका बालिकाहरूलाई फकाएर, लोभ्याएर र विभिन्न प्रलोभनमा पारेर नियन्त्रणमा लिन सकिन्छ र उनीहरूलाई डर, त्रास र धम्की दिएपछि घटनाहरू बाहिर आउँदैनन् भन्ने पीडकको मानसिकताका कारणले पनि यो उमेर समूह लक्षित हुने गरेको पाइन्छ । महिलाहरू अपरिचित व्यक्तिहरूबाट भन्दा पनि आफन्त र आफ्ना भनिएका चिरपरिचित व्यक्तिहरूबाट नै सबैभन्दा बढी असुरक्षित र जोखिममा रहेको तथ्यलाई पुष्टि गर्न तथ्याङ्कले सहयोग गरेको छ ।

यस वर्ष प्राप्त तथ्याङ्कको आधारमा ४१ प्रतिशत बलात्कारका घटना रातिमा, २४ प्रतिशत दिउँसोको समयमा, २२ प्रतिशत साँझको समयमा र १३ प्रतिशत बिहानको समयमा भएको पाइयो । तथ्याङ्कले बलात्कारका घटना रातिको समयमा मात्र नभई जुनसुकै समयमा पनि हुन सक्छ भन्ने देखाउँछ । रातको समयमा घरबाहिर हिंड्दा मात्र बलात्कार हुन्छ, महिलाले लगाउने पहिरनका कारणले पनि बलात्कार हुन्छ भन्ने जस्ता भ्रामक र अवैज्ञानिक तर्कहरू सरासर गलत हुन् भन्ने कुरालाई तथ्याङ्कले पुष्टि गरेको

यसैगरी आफ्नै श्रीमानबाट हुने वैवाहिक बलात्कारका घटनाको रिपोर्टिङ बढेको समेत यस वर्षको तथ्याङ्कले देखाउँछ । ओरेकमा अघिल्लो वर्ष १६ जना महिलाहरूमाथि भएका बैवाहिक बलात्कारका घटना सङ्कलन भएकामा यस वर्ष ६ वटा घटना वृद्धि भई २२ जना महिलामाथि आफ्नै श्रीमानबाट भएको बैवाहिक बलात्कारका घटना सङ्कलन भएका छन् । यसैगरी नेपाल प्रहरीमा आर्थिक वर्ष २०७७/०७८ मा ४७ वटा बैवाहिक बलात्कारका घटनामा उजुरी परेको देखिन्छ । तर अझै पनि पारिवारिक सम्बन्ध सुमधुर राख्न र विवाहपछि श्रीमान/श्रीमतीबीच जुनसुकै परिस्थितिमा हुने यौन सम्बन्धलाई समाजले सामान्य रूपमा हेर्ने प्रवृत्तिले गर्दा आफूलाई परेको पीडा कसैलाई नभनी सहेर बस्ने गरेको र पीडा असह्य भएपछि धेरै पटक सोचेर मात्र हिंसा बाहिर ल्याउने गरेको प्रभावितले बताउने गरेका छन् । यसरी आफूमाथि भएका घटनालाई

बाहिर ल्याई प्रहरीमा उजुरी दिँदा विवाह भनेको यौन सम्बन्धका लागि हो र विवाहपछिको यौन सम्बन्धका लागि सहमति चाहिँदैन भन्ने हानिकारक सोच सेवा प्रदायकमा समेत हुँदा वैवाहिक बलात्कारका घटना उजुरी प्रक्रियामा जाँदासमेत घटना दर्ताका लागि धेरै प्रयास गर्नुपरेको बताएका छन् । महिला र पुरुषबीचको असमान शक्तिसम्बन्धका कारणले विवाहपश्चात् महिलाको शरीरलाई जसरी प्रयोग गरे पनि हुन्छ भन्ने सोचाइका कारणले श्रीमती बिरामी भएको समयमा, महिनावारी भएका बेला, गर्भवति र सुत्केरी अवस्थामा समेत श्रीमानबाट जबरजस्ती करणीमा धेरै पर्ने गरेको तथ्याङ्कले देखाएको छ ।

## घटना अध्ययन नं ३
## वैवाहिक बलात्कार

काठमाडौंमा बस्ने माया (परिवर्तित नाम) को ७ वर्ष पहिले विहे भएको थियो । विहेको अर्को वर्ष उनले छोरालाई जन्म दिएपछि उनको संसार झनै रमाइलो भएको थियो । तर छोरा जन्मेको अर्को वर्षदेखि पेसाले चालक उनका श्रीमानले मायामाथि हिंसा गर्न सुरु गर्न थाले । गालीगलौज र सामान्य कुटपिटबाट सुरु भएको हिंसाले विस्तारै विकराल रूप लिँदै मानसिक र यौनहिंसासम्म पुगेको मायाले सुरक्षित आवासमा बस्न आएपछि बताइन् । अन्य महिलासँग पनि शारीरिक सम्पर्क राखेको कुरा गर्वका साथ सुनाएर मायालाई मानसिक तनाव दिनुका साथै, पोर्न चलचित्रहरू हेरेर त्यही अनुसारले मुख मैथुनका साथै प्राकृतिक र अप्राकृतिक यौन सम्बन्ध राख्नका लागि उनले दबाब दिन थाले । मायाले नमान्दा उनलाई कुटपिट गर्ने यौनाङ्गमा हात हालेरसमेत दुःख दिन थाले । श्रीमान हो भन्दै उसको सबै कुरा सहेर बस्दा पनि सम्बन्धविच्छेद गर भनेरसमेत श्रीमानले धम्क्याएपछि मायालाई मानसिक तनाब निकै बढेर गएको थियो । त्यहीबेला मायाले सामान्य कस्मेटिक सामान बेच्ने पसल पनि राखेकी थिइन् । त्यहीबेला उनको आफन्त एक जना बिहानै सामान चाहियो भनेर घरमा आएको बेला उनको श्रीमानले सामान लिन आएका पुरुषलाई कुटपिट गरी मायासँग एउटै कोठामा थुनिदिए । त्यसपछि नाङ्गै देखेको भन्दै छिमेकीहरूलाई बोलाएर माया र ती पुरुषलाई प्रहरी कार्यालयमा

पुऱ्याएका थिए । प्रहरीले दुवै पक्षलाई सम्झाएर आआफ्नो परिवारलाई जिम्मा लगाइदिएको थियो । त्योबेला मायाको ६ वर्षको छोरालाई मायासँगै राख्न पनि सहमति गरिएको थियो । तर बाटोबाटै ५, ७ जनाको समूहले उनको छोरालाई तानेर लगी १५ दिनसम्म बेपत्ता पारिदिएका थिए । त्यसपछि प्रहरीले सो मुद्दालाई अदालती प्रक्रियामा अगाडि बढेको थियो । २०७९ वैशाख १९ गते उच्च अदालतले बच्चालाई मायासँगै राख्न आदेश दिए पनि उनको अपहरण भने नभएको फैसला गरेको थियो । सुरक्षित आवासमा बसेर मायाले अहिले सर्वोच्च अदालत जाने प्रक्रियालाई अगाडि बढाएकी छिन् ।

# परिच्छेद ८

## ८.१ यौन हिंसा

नेपालको संविधानले यौन हिंसा (यौन दुर्व्यवहार) लाई कानुनी अपराधको रूपमा स्वीकार गरी दण्डनीय बनाएको छ । 'कसैले कुनै महिलाको मञ्जुरीविना संवेदनशील अङ्ग छोएमा वा छुने प्रयास गरेमा, निजको भित्री पोशाक खोलेमा वा खोल्ने प्रयास गरेमा, निजलाई अस्वाभाविक रूपमा एकान्त ठाउँमा लगेमा, आफ्नो यौनाङ्ग छुन लगाएमा वा अश्लील वा अन्य त्यस्तै प्रकारको शब्द, सङ्केत प्रयोग गरेमा वा चित्र, तस्बिर देखाएमा यस्ता गतिविधिलाई यौन हिंसाको रूपमा कानुनले व्याख्या गरेको छ ।

मुलुकी अपराध संहिता, २०७४ को दफा २२४ ले महिला वा कसैलाई निजको मञ्जुरीविना करणीको आशयले समातेमा वा निजको संवेदनशील अङ्ग छोएमा वा छुन प्रयास गरेमा, निजको भित्री पोशाक खोलेमा वा खोल्ने प्रयास गरेमा, निजले लगाउने भित्री पोशाक लगाउन वा फुकाल्न कुनै किसिमले बाधा अवरोध गरेमा वा निजलाई अस्वाभाविक रूपमा कुनै एकान्त ठाउँमा लगेमा, यौनसम्बन्धी आफ्नो अङ्ग निजलाई छुन, समाउन लगाएमा, निजसँग अश्लील वा अन्य त्यस्तै प्रकारको शब्द मौखिक, लिखित वा साङ्केतिक रूपमा वा विद्युतीय माध्यमबाट प्रयोग गरेमा, अश्लील चित्र वा तस्बिर देखाएमा, यौनका आशयले जिस्क्याएमा वा हैरानी दिएमा वा निजसँग अस्भाविक, अवाञ्छित वा अमर्यादित व्यवहार गरेमा निजले यौन दुर्व्यवहार गरेको मानिनेछ भनी उल्लेख भएको छ । तर उक्त दफामा गरेका कार्यहरू भने पति वा पत्नीलाई लागू हुने छैन । त्यसैगरी यसरी उक्त दफाबमोजिम कसुर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रूपैयाँसम्म जरिबाना हुने व्यवस्था गरेको छ ।



नेपालमा यौन हिंसाविरुद्ध कानुनी व्यवस्था भए पनि कानुनी प्रक्रियामा जान अत्यन्तै कठिन वा असम्भव प्राय छ । न्यायका लागि जाहेरी दर्ता प्रक्रियादेखि नै कानुनले प्रमाण खोज्छ । तर यौन हिंसा प्रभावितले मानसिक रूपमा परेको असरको प्रमाण कसरी देखाउने वा पीडकको आशय

करणी, सङ्केत लगायतका कुरालाई कसरी प्रमाणका रूपमा पेश गर्ने ? यस्ता थुप्रै जटिलताले यौन हिंसाबाट प्रभावित महिलाले न्याय पाउन सकिरहेका छैनन् । त्यसैले बलात्कारमा जस्तै यौन हिंसा प्रभावितहरूको पनि बयानलाई मुख्य प्रमाण मानी न्याय दिने व्यवस्था राज्यले गर्नुपर्दछ ।

विश्वमा महिलामाथि हुने हिंसाका स्वरूपहरूमध्ये यौन हिंसा व्यापक छ । यौन हिंसा एक जटिल र चुनौतीपूर्ण सवालको रूपमा रहेको छ । यसले महिलाको शारीरिक, मानसिक, मनोसामाजिक स्वास्थ्यमा नकारात्मक र गम्भीर असर पार्दछ । संसारभर कम्तीमा तीन जनामध्ये एक महिलाले आफ्नो जीवनकालमा चिनेका व्यक्तिबाट यौन हिंसा भोगका हुन्छन् भन्ने तथ्य बाहिर आइसकेको छ । ३५ प्रतिशत महिलाले शारीरिक या यौन हिंसा भोगेका हुन्छन् ।[1] नेपालमा ६६ प्रतिशत महिलाले आफूमाथि भएको शारीरिक तथा यौनिक हिंसाविरुद्ध उजुरी तथा सहयोगको खोजी गर्ने गर्दैनन् । ३४ प्रतिशत महिलाले पतिबाटै यौनिक हिंसा भोगेका हुन्छन् ।[2] पति या आत्मीय साथीबाट हुने शारीरिक हिंसा व्याप्त भएको देशमध्ये नेपाल १४ औं स्थानमा पर्छ । चिनजान र नजिकका विश्वास गरेका व्यक्तिहरू नै विशेषगरी यौन हिंसाका घटनाका पीडकहरू हुने गरेका छन् । यस वर्ष ओरेकमा सङ्कलन भएका तथ्याङ्कले पनि यस तथ्यलाई अझ पुष्टि गरेको छ ।


यस वर्ष प्राप्त तथ्याङ्कअनुसार महिलामाथि भएका १८१३ हिंसामध्ये ६ प्रतिशत (११५ जना) महिलामाथि यौन हिंसा भएको छ । विद्यालय, कार्यालय, समुदाय, बाटो, जङ्गल, सामाजिक सञ्जाल जस्ता ठाउँहरूमा भएका यौन आशयले गरिएका दुर्व्यवहारहरूलाई यसमा राखेर विश्लेषण गरिएको छ । यस्ता कतिपय घटनामा प्रमाणको अभाव हुने भएकाले उजुरी प्रक्रियामा जान कठिन देखिएको छ । यौनिक हिंसाभित्र पर्ने बलात्कार, बलात्कारको प्रयास, सामूहिक बलात्कार, वैवाहिक बलात्कार र यौन दुर्व्यवहारमध्ये यस परिच्छेदमा यौन दुर्व्यहारको विश्लेषण गरिएको छ ।

## ८.२. प्रभावितको उमेर र यौन हिंसा

यस वर्ष जम्मा ६ प्रतिशत (११५ जना) महिलामाथि यौन हिंसा भएका घटना अभिलेखीकरण गरिएको छ । जसमध्ये सबैभन्दा बढी १८ देखि २५ वर्ष उमेर समूहका ५० प्रतिशत (५७ जना) महिला यौन हिंसाबाट प्रभावित छन् । यसैगरी २१ प्रतिशत (२४ जना) २६ देखि ३५ वर्ष उमेर समूहका र ९ प्रतिशत (१० जना) ३६ वर्षदेखि माथिका महिलामा यौन हिंसा भएको छ । साथै १८ वर्षभन्दा कम उमेरका बालिका तथा किशोरीहरू २१ प्रतिशत (२४ जना) मा यौन हिंसा भएको

[1] https://www.unwomen.org/en/what-we-do/ending-violence-against-women/facts-and-figures
[2] नेपाल स्वास्थ्य जनसांख्यिक सर्वेक्षण २०१६ अनुसार ।


अभिलेख गरिएको छ। वास्तवमा हाम्रो समाजमा यौनिक हिंसा धेरै भए तापनि यसका समाचारहरू कम प्रकाशमा आउँछन् । यस्ता घटनाहरू बाहिर गएरभन्दा अरूले के के सोच्लान् भन्ने डरले पनि यता घटनाहरू बढी बाहिर आउँदैनन् । चाहे त्यो सार्वजनिक स्थलमा होस् या घरभित्र होस् महिलाहरू यौनिक हिंसाको पीडामा बारम्बार परिराखेका हुन्छन् । सङ्कलित तथ्याङ्कलाई हेर्दा पनि १८ देखि २५ वर्षको उमेर युवा अवस्थाको उमेर हो र यस्तो बेला यौन हिंसाको कुरा बाहिर ल्याउँदा परिवार तथा समाजबाटै बहिष्कृत हुने डरले पनि उनीहरू मौनताको संस्कृति अँगाल्न बाध्य भएको पाइएको छ ।




**चार्ट नं. ३७.** उमेरका आधारमा महिलामाथि भएको यौन हिंसाको अवस्था

## ८.३ यौन हिंसाका आरोपितसँगको सम्बन्ध


यस वर्षको तथ्याङ्कको आधारमा आफूले आत्मीय ठानेका व्यक्तिबाट महिलाहरू बढी मात्रामा यौन हिंसामा परेको पाइएको छ। ४५ प्रतिशत (५२ जना) महिला प्रेमीबाट, १४ प्रतिशत (१६ जना) छिमेकीबाट, १५ प्रतिशत (१७ जना) परिवारका सदस्यबाट, ६ प्रतिशत (७ जना) श्रीमानबाट, ५ प्रतिशत (६ जना) साथीबाट र ७ प्रतिशत (८ जना) कानुनी एवं सामाजिक रीति रिबाजअनुरूप विवाह नगरेका तर विवाहितसरह सँगै बसेकाबाट हिंसा भएको पाइयो । साथै २/२/२ प्रतिशत (२, २, २ जना) समुदाय सदस्य, अपरिचित व्यक्ति र सेवा प्रदायक संस्थाका अधिकारीबाट, १ प्रतिशत (१ जना) शिक्षकबाट र अन्यमा घरबेटीको छोराबाट, गाडी चालकहरूबाट यौन हिंसा भएको पाइएको छ ।





**चार्ट नं. ३८.** यौन हिंसाका पीडकसँगको सम्बन्ध

## ८.४ प्रभावितको शैक्षिक योग्यता

यौन हिंसाबाट प्रभावित महिलाको शैक्षिक अवस्था विश्लेषण गर्दा ८३ प्रतिशत (९६ जना) साक्षर र १७ प्रतिशत (१९ जना) निरक्षर महिलामाथि यौन हिंसा भएको पाइएको छ। साक्षर महिलामध्ये ४६ प्रतिशत (४४ जना) ले माध्यमिक शिक्षा अध्ययन गरेका, ४४ प्रतिशत (४२ जना) ले आधार भूत शिक्षा अध्ययन गरेका, नौ प्रतिशत (९ जना) ले स्नातक तह अध्ययन गरेका, १ प्रतिशत (१ जना) ले स्नातकोत्तर तह अध्ययन गरेका महिलामाथि यौन हिंसा भएको पाइएको छ।





**चार्ट नं. ३९.** प्रभावितहरूको शैक्षिक अवस्था




**चार्ट नं. ४०.** यौन हिंसा र प्रभावितहरूको साक्षरताको अवस्था

## ८.५. प्रभावितको जात/जातीयता

यौन हिंसाबाट प्रभावित महिलामध्ये सबैभन्दा बढी २८ प्रतिशत (३२ जना) तराई आदिवासी जनजाति महिला प्रभावित रहेको यस वर्षको तथ्याङ्कले देखाएको छ । १४ प्रतिशत (१६ जना) तराई दलित, १३/१३ प्रतिशत (१५, १५ जना) पहाडे आदिवासी जनजाति र पहाडे ब्राह्मण/क्षेत्री, १० प्रतिशत (१२ जना) पहाडे दलित, १० प्रतिशत (११ जना) तराई ब्राह्मण/क्षेत्री, ८ प्रतिशत (९ जना) तराई/मधेसी अन्य जाति, २ प्रतिशत (२ जना) मुस्लिम महिलामाथि यौन हिंसा भएको पाइएको छ ।





**चार्ट नं. ४१.** प्रभावितको जात/जातीयता र यौन हिंसा

## ८.६ प्रभावितको पेसा

यौन हिंसाबाट प्रभावित रहेका महिलाको पेसाका आधारमा ४२ प्रतिशत (४८ जना) घरायसी काममा संलग्न प्रभावित भएका छन् । ३२ प्रतिशत (३७ जना) विद्यालयमा पढ्दै गरेका छात्राहरू, ७ प्रतिशत (८ जना) कृषि तथा पशुपालन गर्ने, १० प्रतिशत (११ जना) दैनिक ज्यालामजदुरी, ३ प्रतिशत (४ जना) सामान्य व्यापार व्यवसाय, २/२/२ प्रतिशत (२, २, २ जना) गैरसरकारी सेवामा, सरकारी सेवामा र निजी क्षेत्रमा संलग्न र १ प्रतिशत (१ जना) जागिर खोज्दै गरेकी


महिलामाथि यौन हिंसा भएको पाइएको छ । यसले के देखाउँछ भने एकातिर घरायसी काममा संलग्न महिलाहरू आफ्नै घरपरिवारका सदस्यहरूबाट घरेलु हिंसाका साथसाथै यौन हिंसा भोग्न बाध्य रहेको देखाउँछ भने त्यसपश्चात् अर्कोतिर बाहिरी क्रियाकलापमा संलग्न जस्तै : विद्यार्थी, दैनिक ज्यालामजदुरी गर्ने महिला तथा किशोरीहरू यौन हिंसाको जोखिममा बढी हुने गरेको तथ्याङ्कले देखाएको छ ।




**चार्ट नं.** ४२. प्रभावितको पेसा र यौन हिंसा

## ८.७. प्रभावितलाई परेको असर

यौन हिंसाबाट प्रभावितमा सबैभन्दा बढी मानसिक असर परेको पाइएको छ । सबैभन्दा बढी ४६ प्रतिशत (५३ जना) मा मानसिक असर, २१ प्रतिशत (२४ जना) मा शारीरिक असर, १७ प्रतिशत (१९ जना) मनोसामाजिक असर, २ प्रतिशत (२ जना) आर्थिक असर तथा १५ प्रतिशत (१७ जना) मा यौन हिंसाका कारण सबैखाले असर परेको तथ्याङ्कले देखाएको छ । महिलामा पर्ने असरको प्रतिशतमा केही फरक भए तापनि यौन हिंसाका कारण महिलाको जीवनमा लामो समयसम्म मानसिक असर पर्ने गरेको अध्ययनले देखाएको छ ।




**चार्ट नं. ४३.** यौन हिंसाबाट प्रभावितलाई परेको असर विश्लेषण

**विश्लेषण**

यौन हिंसाबाट प्रभावित महिलाहरूमध्ये सबैभन्दा बढी १८ देखि २५ वर्ष उमेर समूहका रहेका छन्। यस हिंसाबाट बढी प्रभावित अर्को उमेर समूह १८ वर्षभन्दा कम उमेरका र २६ देखि ३५ वर्षका महिलाको रहेको छ। यी उमेर समूहका महिलामध्ये विद्यार्थी र घरायसी काममा संलग्नहरू हिंसाबाट बढी प्रभावित रहेको पाइएको छ। जसमा ११५ मध्ये ९० जनालाई यौन हिंसा घरभित्र नै भएको तथ्याङ्कले देखाउँछ। हामी घरबाहिरका अपरिचित व्यक्तिबाट हुन सक्ने यौन हिंसाबाट बच्नुपर्छ भनेर धेरै कुराकानी गर्छौं। बालिका तथा महिलाहरूलाई समयमै घर आइपुग्नुपर्छ भनेर नियममा बाँध्न खोजिन्छ आखिर धेरै हिंसा त घरभित्रै र चिनेजानेकाबाटै हुने रहेछ।

यौन हिंसाबाट प्रभावित महिलाहरूमध्ये ४५ प्रतिशत उनीहरूले आत्मीय ठानेका प्रेमी र १४ प्रतिशतले छिमेकीबाट हिंसा भोगेको पाइएको छ। अभिलेखीकरणका आधारमा यौनहिंसा भएको जानकारी दिनेहरूमा बढी साक्षर महिला छन्, जसले आधारभूत र माध्यमिक तहको शिक्षा हाँसिल गरेका छन्।



यौनसँग सम्बन्धित कुरालाई अझै पनि परिवार तथा समाजमा खुलेर छलफल गर्ने र भन्ने वातावरण छैन। आफूमाथि भएको हिंसालाई बाहिर ल्याउँदा परिवार तथा समाजले आफूलाई नै दोष लगाउने, सामाजिक लाञ्छना सहनुपर्ने डर उनीहरूमा हुन्छ। जसले गर्दा आफूमाथि यौन हिंसा हुँदासमेत महिलाहरूले कसैलाई नभनी, प्रतिकार नगरी बस्न बाध्य हुन्छन्। यही कारणले उनीहरूको आत्मविश्वासमा कमी हुने, हीनताबोध हुने र आफैंप्रति घृणा गर्न थाल्दछन्। यसले उनीहरूमा मानसिक असर पार्दै जान्छ। यस अध्ययनले पनि यौन हिंसाका कारण ४६ प्रतिशत महिलालाई सबैभन्दा बढी मानसिक असर र २१ प्रतिशतलाई शारीरिक असर परेको पाइएको छ।

## घटना अध्ययन नं ४. यौन दुर्व्यवहार

१४ वर्षीया रिसा (परिवर्तित नाम) कक्षा ६ मा अध्ययन गर्छिन् । आमा सानैमा बितेकाले उनको अभिभावक उनका ५५ वर्षीय बुवा मात्र घरमा हुनुहुन्छ । रिसा कक्षा ५ मा पढ्दादेखि विद्यालयका शिक्षकले उनलाई यौन दुर्व्यवहार गर्दै आए पनि उनले कसैलाइ भन्न सकेकी थिइनन् । कक्षा ६ मा पुगेपछि ती शिक्षकले रिसालाइ पछाडि बेञ्चमा बस्न लगाई शरीर मसार्ने र स्तनसमेत समात्न थालेपछि रिसाले आफ्नो एक जना साथीलाई यो सबै कुरा बताइन् । दुवै जना बालसञ्जालको सदस्यसमेत भएकाले यस्तो कुरा लुकाउनु हुँदैन भन्ने बुझेका थिए । विद्यालयमा यो बिषयमा छलफल हुँदा ती शिक्षकले पढाउँदा भूलवश हात लागेको भनेपछि कुरा विद्यालयमै मिलाइयो । यो कुरा रिसालाई चित्त बुझेको थिएन । त्यही दिन साँझ पीडक शिक्षक रिसाको घरमा आएर उनको बुवालाई समेत अगाडि राखेर यो कुरा कसैलाई नभन्नु, दुवै जनाको बदनाम हुन्छ बरु बढी अङ्क दिएर पास गराइदिने आश्वासन दिएर गए । उनको यो व्यवहारले झनै रिसालाई भविष्यमा जोखिममा पर्न सक्ने आशङ्का लागेपछि उनले महिला अधिकारको क्षेत्रमा काम गर्ने दिदीसँग सल्लाह लिन गइन् । दिदीको सल्लाहअनुसार उनले इलाका प्रहरी कार्यालयमा मुद्दा दर्ता गरिन् । रिसाको बुवाले अरूको कुरा नसुनी रिसाको निर्णयमा साथ दिए । पीडक शिक्षकलाई प्रहरीले पक्राउ गरिसकेकाले न्याय पाउने कुरामा रिसा आशावादी छिन् । तर सबै घटनाक्रमले उनले आफूलाई असुरक्षित महसुस गरेकाले ओरेकको सुरक्षावासमा उनलाई केही दिन राखियो । सुरक्षावासमा उनले मनोविमर्श सेवा, आवास, खानपिन र उपचारको सेवा पाएकी छिन् । साथै कानुनका बारेमा पनि धेरै कुरा बुझ्न पाएकाले उनको आत्मबल बढेको छ ।

# परिच्छेद ९

## ९ हत्या

### ९.१ हत्याको अवस्था


हत्या एक जघन्य अपराध हो । महिलामाथि हुने हिंसामध्ये हत्याका घटनाहरू बढ्दो क्रममा रिपोर्टिङ भइरहेको छ । महिलामाथि हुने हिंसालाई अहिले पनि परिवार तथा समाजले सामान्य अवस्थामा स्वीकार गर्दछ । जसको परिणाम महिलाहरूले आफ्नो जीवन गुमाउन बाध्य भइरहेका छन् । ओरेकमा सङ्कलन भएका तथा दैनिक राष्ट्रिय पत्रपत्रिकामा प्रकाशित समाचारअनुसार यस वर्ष १४१ हत्या र २१ वटा हत्या प्रयास भएको पाइएको छ । यसमध्ये २० वटा हत्या र १२ वटा हत्या प्रयासका घटना यस वर्ष ओरेकमा अभिलेखीकरण भएको छ । सङ्कलित घटनालाई हेर्दा अघिल्लो वर्षको तुलनामा केही सङ्ख्यामा विभिन्न बहानामा महिलाहरूको हत्या गर्ने क्रम बढेको देखिन्छ ।

चरम शारीरिक तथा मानसिक यातनापश्चात् त्यस्ता घटनाहरू बाहिर आउने डरका कारण पीडकले महिलाको हत्या गर्ने गरेका धेरै घटनाहरू छन् । श्रीमान तथा परिवारका सदस्यबाट हत्या भएका घटनाहरूको विश्लेषण गर्ने हो भने, कतिपय घटनाहरू घरेलु हिंसाको उजुरी भएर मेलमिलाप भएका, पीडकले भविष्यमा यस्ता घटना नदोहोऱ्याउने प्रतिबद्धता गरेका र महिलाहरूले पनि एक दिन आफ्नो श्रीमान तथा परिवारका सदस्य सुध्रने आशा गरेको अवस्थामा हुने गरेको पाइन्छ । यसले के देखाउँछ भने, यदि कुनै पनि हिंसाका घटनाहरूमा शून्य सहनशीलता कायम गर्न सकेमा, र पीडकले गर्ने अपराधको सुरुमा नै उजुरी गर्न सक्ने वातावरण बनेमा महिलाहरूले विनाकारण ज्यान गुमाउनुपर्ने छैन । विवाहित महिलाको शरीरलाई श्रीमानको सम्पत्ति ठान्ने सामाजिक मूल्य-मान्यताका कारण पनि मेलमिलापमा बढी जोड दिइन्छ, जसले गर्दा महिलाले आफ्नो ज्यानै गुमाउनुपर्ने अवस्थासमेत सिर्जना हुन्छ ।

महिलाहरूलाई श्रीमान श्रीमतीबीच सामान्य विवाद हुँदा, बलात्कारपछि अपराध खुल्ने डरले, दाइजो नल्याएको वा घरपरिवारको चाहना र मागभन्दा कम ल्याएको निहुँमा, विभिन्न चारित्रिक

[1]२२ मार्च २०२० देखि २९ सेप्टेम्वर २०२० (नेपाल मनिटर)


आरोप तथा लाञ्छना लगाई हत्या गर्ने गरेको पाइएको छ । जुनसुकै कारणले हत्या हुने गरेको भए तापनि यो मानव अधिकारको गम्भीर अपराध हो । यस्तो अपराधका कारण महिलाको बाँच्न पाउने अधिकारको हनन् भएको छ ।




**चार्ट नं. ४४.** हत्या र हत्या प्रयासका घटना (प्रतिशतमा)

## ९.२ प्रभावितको उमेर र हत्या


हत्या गरिएका महिलाहरूको उमेरका आधारमा विश्लेषण गर्दा १८ देखि २५ वर्ष उमेर समूहका महिलाको हत्या धेरै भएको छ । यो उमेरका ३५ प्रतिशत (७ जना) महिलाको हत्या भएको छ । २६ देखि ३५ वर्ष उमेर समूहका २० प्रतिशत (४ जना), ३६ देखि माथिको उमेरका २५ प्रतिशत (५ जना) र १८ वर्षभन्दा कम उमेरका २० प्रतिशत (४ जना) महिला तथा बालिकाको हत्या भएको छ ।




**चार्ट नं. ४५.** :प्रभावितको उमेर र हत्या

## ९.३ हत्या र पिडकसँगको सम्बन्ध


महिलाको हत्यामा संलग्न पीडकहरू वा अदालतले अपराधी प्रमाणित गरेकाहरूमध्ये विशेषगरी परिवारका सदस्यको संलग्नता नै धेरै रहेको पाइएको छ। ४० प्रतिशत (८ जना) महिलाको हत्या परिवारका सदस्यबाट भएको छ भने २५ प्रतिशत (५ जना) को श्रीमानबाट, १५ प्रतिशत (३ जना) महिलाको हत्या छिमेकी, १० प्रतिशत (२ जना) साथीबाट र ५/५ प्रतिशत (१, १ जना) समुदाय सदस्य र अपरिचित व्यक्तिबाट हत्या भएको तथ्याङ्क यस वर्ष प्राप्त भएको छ।





**चार्ट नं. ४६.** हत्या र पिडकसँगको सम्बन्ध

### ९.४.प्रभावितको शैक्षिकस्तर र हत्या

महिलामाथि हुने सबै प्रकारका हिंसा निरक्षरभन्दा बढी साक्षर महिलाहरूमाथि नै भएको यस वर्ष सङ्कलित तथ्याङ्कले पुष्टि गरेको छ। यस वर्ष ८० प्रतिशत (१६ जना) साक्षर महिला तथा २० प्रतिशत (४ जना) निरक्षर महिलाको हत्या भएको पाइएको छ भने साक्षर महिलाहरूमा पनि ६२.५ प्रतिशत (१० जना) आधारभूत शिक्षा अध्ययन गरेका तथा ३७.५ प्रतिशत (६ जना) माध्यमिक शिक्षा अध्ययन गरेका महिलाको हत्या भएको छ। तर साक्षर र शिक्षित महिलाहरूले आफूमाथि भएको हिंसाको प्रतिकार गर्दा पीडकमा झन् धेरै आक्रोश बढ्ने र हत्यासम्मको अपराध गर्न पछि नपर्ने कारणले उनीहरू नै धेरै लक्षित भएको हुन सक्छ।





**चार्ट नं. ४७.** :हत्या र महिलाको शैक्षिक अवस्था




**चार्ट नं. ४८.** हत्या र महिलाको साक्षरताको अवस्था

## ९.५ प्रभावितको जात/जातियता र हत्या


यस वर्षको तथ्याङ्कअनुसार सबैभन्दा बढी हत्या हुनेमा तराई आदिवासी जनजाति महिला रहेका छन् जुन ३५ प्रतिशत (७ जना) रहेको छ । त्यसपछि २५ प्रतिशत (५ जना) पहाडे आदिवासी जनजाति महिलाको हत्या भएको देखाएको छ । कुल हत्या सङ्ख्यामध्ये १५/१५ प्रतिशत (३, ३ जना) ब्राह्मण/क्षेत्री पहाडे र ब्राह्मण/क्षेत्री तराइ महिलाको हत्या भएको छ भने ५/-५ प्रतिशतका दरले (१, १ जना) तराई/मधेसी अन्य जाति र मुस्लिम महिलाको यस वर्ष हत्या भएको पाइयो ।




**चार्ट नं. ४९.** हत्या र जात/जातीय अवस्था

## ९.६. प्रभावितको वैवाहिक अवस्था र हत्या


यस वर्षको तथ्याङ्कका आधारमा ७५ प्रतिशत (१५ जना) विवाहित तथा २५ प्रतिशत (५ जना) अविवाहित महिलाको हत्या भएको छ ।




**चार्ट नं. ५०.** हत्या प्रभावित र वैवाहिक अवस्था

## ९.७. प्रभावितको हत्या र पेसागत अवस्था

अभिलेख गरिएको तथ्याङ्कका आधारमा यस वर्ष हत्या भएका महिलामध्ये ६० प्रतिशत (१२ जना) घरायसी काममा संलग्न, २५ प्रतिशत (५ जना) विद्यार्थी, १० प्रतिशत दैनिक ज्यालामजदुरी गर्ने महिला, ५ प्रतिशत (१ जना) कृषि पेसामा संलग्न र १ जना नाबालिकाको हत्या भएको पाइएको छ ।




**चार्ट नं. ५१.** हत्या र प्रभावितको पेसागत अवस्था

**विश्लेषण**

संस्थामा अभिलेखीकरण गरिएका घटनालाई विश्लेषण गर्दा विभिन्न प्रकारका यातना, शोषण र पीडाको बाबजुद अनेक बहानामा महिलाको हत्या भएको छ। यस्ता घटनाहरू दाइजो, बोक्सीको आरोप, चारित्रिक आरोप, विभिन्न शङ्का-उपशङ्काको भरमा महिलाहरूको विभत्स तवरले हत्या भएको पाइएको छ । धेरै जसो हत्याका घटना पीडकले आफू सुरक्षित हुने वा आफ्नो अपराध लुकाउने प्रयासमा वा आवेसमा आएर पनि महिलाको हत्या गर्ने गरिएको पाइन्छ । पीडित वा प्रभावितसँग पीडकको सम्बन्धमा आउने फाटो, तनाव वा मनमुटावले अन्ततः हत्या प्रयास वा हत्यासम्म डोऱ्याएको तथ्यहरू बढी जसो बाहिर आएका छन्। ओरेकको यस वर्षको तथ्याङ्कअनुसार महिला हिंसाका प्रभावितमध्ये ६२.५ प्रतिशत महिलाको त्यसमाथि पनि बढी जसो विवाहितहरूको हत्या भएको र ३७.५० प्रतिशत महिलाको हत्याको प्रयास गरिएको छ। त्यसरी १८-२५ वर्ष उमेर समूहका ३५ प्रतिशत महिलाहरूको सबैभन्दा बढी हत्या भएको थियो। हत्याका घटनामा संलग्न हुनेमा सबैभन्दा बढी ४० प्रतिशत परिवारका सदस्यहरू र २५ प्रतिशत श्रीमान रहेका छन्। यसरी हत्या गरिएका महिलाहरू पनि अधिकांश तराई र पहाडे भेगका आदिवासी जनजाति समुदायका महिलाहरू रहेका छन्। यस तथ्याङ्कले महिलाहरू आफ्नै श्रीमान र परिवारका सदस्यबाट नै सबैभन्दा बढी असुरक्षित रहेको र विभिन्न बहानामा आफ्नो ज्यान गुमाउन बाध्य भएका प्रष्ट देखाउँछ।

## घटना अध्ययन नं ५ (हत्या)

विमला (परिवर्तित नाम) १ वर्षअघि भारतबाट नेपाल फर्किएकी थिइन् । तीन सन्तानकी आमा उनी रोजगारीका लागि श्रीमानसँग लामो समय भारत बसेकी थिइन् । भारतबाट फर्केपछि उनीहरू विमलाको माइतमा बस्थे । माइतीमा उनकी ६५ बर्षीय आमा मात्रै थिइन् । बाहिर राम्रै व्यवहार गरे पनि उनका श्रीमानले विमलालाई परपुरुषसँग सम्बन्ध रहेको आरोप लगाउँदै शारीरिक तथा मानसिक तनाब दिंदै आएका छिमेकीले थाहा पाएका थिए । गत श्रावणमा बोलबम भन्ने धार्मिक कार्यक्रमबाट फर्केपछि उनका श्रीमनले विमला र उनकी आमाको शरीरमा पेट्रोल छर्केर आगो लगाई कोठाभित्र थुनिदिए । विमला र उनकी आमा पीडाले कराएपछि छिमेकीहरू आउँदा उनले ढोकाको प्वालबाट हेरिरहेको भेटिएका थिए । छिमेकीहरूले उद्दार गरी अस्पताल पुऱ्याउँदा विमलाको मृत्यु भयो भने उनकी आमा ७५ प्रतिसत जलेर अपाङ्ग भएकी छिन् । छिमेकीहरूका अनुसार विमलाका श्रीमालने उनलाई परपुरुषसँग सम्बन्ध भएको आशंकामा आगो लगाएका हुन् । घटनापछि उनलाई प्रहरीले थुनामा राखेर अनुसन्धानको प्रक्रिया अगाडि बढाएको छ ।

# परिच्छेद १०

## १०.१ बेचबिखन तथा ओसारपसार

कुनै न कुनै रूपमा शोषण गर्ने वा नाफा कमाउने उद्देश्यले प्रलोभनमा पारी, झुक्क्याई, डर, त्रास देखाई कुनै पनि व्यक्तिलाई उसको इच्छाविपरीत जबरजस्ती कुनै पनि कार्य गर्न बाध्य तुल्याइने अवस्थालाई मानव बेचबिखन भनिन्छ । मानव बेचबिखन तथा ओसारपसार एक बहुआयामिक, बहुक्षेत्रगत एवम् विश्वव्यापी समस्याको रूपमा रहेको छ । त्यसमा पनि महिला तथा बालबालिकाको बेचबिखन तथा ओसारपसार बढी मात्रामा हुने गरेको छ। मानव बेचबिखन तथा ओसारपसारको कार्यलाई समाजको एक जघन्य अपराधको रूपमा लिने गरिन्छ। नेपालमा पनि सदियौंदेखि यस्ता बेचबिखनका कार्यहरू हुँदै आएको पाइन्छ र समयक्रम र प्रविधिको विकाससँगै यस्ता घटनाहरूसमेत विभिन्न स्वरूपमा हुने गरेको छ।

मानव बेचबिखन तथा ओसारपसारबारे आधिकारिक सूचना तथा तथ्याङ्क प्राप्त गर्न निकै कठिन छ । तथापि अन्तर्राष्ट्रिय श्रम बजारमा सस्तो श्रमको बढ्दो मागसँगै मानव बेचबिखन तथा ओसारपसारका घटनाहरू विश्वव्यापीरूपमै भइरहेको पाइन्छ। Walk Free Foundation को Global Slavery Index 2018 ले विश्वभरि ४ करोडभन्दा बढी मान्छेहरू कुनै न कुनै रूपमा आधुनिक युगको दासतामा बाँच्न बाध्य भएको तथ्याङ्क सार्वजनिक गरेको छ। तिनीहरूमध्ये ७० प्रतिशत महिला तथा बालबालिकाको सङ्ख्या रहेको देखिन्छ। उक्त प्रतिवेदनअनुसार नेपालमा १,७१,००० जना (कुल जनसङ्ख्याको झन्डै ६ प्रतिशत) मानिसहरू आधुनिक युगको दासत्वमा बाँच्नु परेको तथ्याङ्क छ।

नेपालमा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ कार्यान्वयनमा छ। नेपाल सरकारले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयअन्तर्गत मानव बेचबिखन तथा ओसारपोसार नियन्त्रणका लागि राष्ट्रिय समितिसमेत गठन गरेको छ। नेपालको संविधान, २०७२

[१]राष्ट्रिय मानवअधिकार आयोगको मानव बेचविखन प्रतिवेदन २०७६

ले मानव बेचबिखनलाई संवैधानिक रूपमा निषेध र दण्डनीय बनाएको छ । महिलाको हक, रोजगारीको हक, शोषणविरुद्धको हक, न्यायको हक, यातनाविरुद्धको हक, स्वतन्त्रताको हक तथा बालबालिकाको हकलाई मौलिक हकका रूपमा राखेर यी कार्यलाई निषेधित गरिएको छ ।


संयुक्त राष्ट्रसङ्घले पारित गरेका प्रमुख ९ वटा मानव अधिकार महासन्धिहरूमध्ये नेपाल ७ वटा अन्तर्राष्ट्रिय महासन्धि र आईएलओ महासन्धिको पक्ष राष्ट्र रहेको छ । नेपाल अन्तर्देशीय सङ्गठित अपराध नियन्त्रण गर्ने संयुक्त राष्ट्रसङ्घीय महासन्धि (२०००) को पक्ष राष्ट्र रहेको छ। हालै नेपाल सरकारले मानव बेचबिखन विशेषगरी महिला र बालबालिकाको बेचबिखन रोकथाम, नियन्त्रण र सजाय गर्ने प्रलेख (पालेर्मो प्रोटोकल २०००) अनुमोदन गरेको छ । यद्यपि नेपालले मानव बेचबिखन अन्त्य तथा न्यूनीकरण गर्न पर्याप्त प्रयास गरेको भए तापनि बेचबिखनको सबै क्षेत्र र जोखिमलाई सम्बोधन गर्न सकेको छैन । कानुनी कारबाहीमा पर्याप्त सुधार हुन नसक्नु, बेचबिखनका नयाँ स्वरूपलाई कानुनले सम्बोधन गर्न नसक्नु र प्रभावितहरूको उद्धार तथा संरक्षणमा गरेको न्यून लगानीका कारण नेपालमा बेचबिखनका घटना दिनप्रतिदिन विभिन्न स्वरूपमा बाहिर आइरहेका छन् ।

महिला तथा बालबालिका बेचबिखनमा पर्नुको मुख्य कारकका रूपमा गरिबी हो भन्ने मानिए तापनि यसलाई मात्र प्रमुख कारण मान्न सकिन्न । मानिसलाई गरीब बनाउने तत्वहरू जस्तै : सामाजिक, लैङ्गिक विभेद, जीविकोपार्जनको अभाव, संरचनागत विभेदहरू जस्ता कारणहरूलाई मानव बेचबिखन/ओसारपसारको पनि प्रमुख कारक तत्वको रूपमा लिन सकिन्छ। एयखभचतथ च्भमगअतष्यल क्तचबतभनथ एबउभचक का अनुसार, नेपालका ३८% जनसङ्ख्या गरिबीको रेखामुनि रहेका छन् । बेचबिखन तथा ओसारपसारका लागि सामाजिक तथा लैङ्गिक विभेद, जीविकोपार्जनको अभाव, समाजमा विद्यमान संरचनागत भेदभाव, प्राकृतिक प्रकोपहरू, सशस्त्र सङ्घर्ष/गृहयुद्धले मानव बेचबिखन तथा ओसारपसारको जोखिम वृद्धि गराउन प्रमुख तत्वहरूको रूपमा भूमिका खेल्छ । गरिबी र रोजगारीको अवसरको अभावमा कुनै पनि खालका अवसर प्राप्त हुने आशाका कारण वा धेरै घटनाहरूमा घरेलु हिंसा अथवा सामाजिक विभेदबाट मुक्त हुन पाउने अपेक्षामा विशेषरूपमा महिला र बालबालिकाहरूलाई आफू बसेको स्थानबाट सहरी स्थानमा स्थानान्तरण गर्न दबाब सिर्जना गर्दछ । त्यसले महिला र बालबालिकामाथि बेचबिखन हुने जोखिम बढाएको छ ।

यस वर्ष ओरकमा २५ जना महिला बेचबिखन तथा ओसारपसारबाट प्रभावित भएका घटना अभिलेखीकरण भएका छन् । जसमध्ये १४ जनाको बेचबिखन तथा ११ जना महिलालाई बेचबिखनको प्रयास भएको पाइएको छ ।

## १०.२ बेचबिखन र प्रभावितको उमेर


बेचबिखनमा परेका महिला तथा बालिकाहरूमा १८ वर्षभन्दा कम उमेरका ५२ प्रतिशत (१३ जना) बालिका अधिक मात्रामा बेचबिखनमा परेको पाइएको छ । यसैगरी १८ देखि २५ वर्ष उमेरका ३२ प्रतिशत (८ जना) र २६ देखि माथिका १६ प्रतिशत (४ जना) महिला बेचबिखनमा परेको पाइएको छ ।




**चार्ट नं. ५२.** बेचबिखनमा परेका महिलाको उमेर

## १०.३ बेचबिखन र पीडकसँगाको सम्बन्ध


बेचबिखनमा परेका पीडित र बेचबिखन गर्ने व्यक्ति तथा समूहसँगको सम्बन्ध तथा नाताको अवस्था विश्लेषण गर्दा २४ प्रतिशत (६ जना) समुदाय सदस्यबाट, २० प्रतिशत (५ जना) परिवारको सदस्यबाट, १२/१२/१२ प्रतिशत (३, ३, ३ जना) साथी, छिमेकी र अपरिचितबाट बेचबिखनमा परेका पाइएको छ भने ८/८ प्रतिशत (२, २ जना) श्रीमान र प्रेमीबाट बेचबिखन भएको पाइएको छ ।




**चार्ट नं. ५३.** बेचबिखन प्रभावित र पीडकसँगको सम्बन्ध

## १०.४ बेचबिखन र प्रभावितको वैवाहिक अवस्था


बेचबिखन र प्रभावितको वैवाहिक अवस्थाको बारेमा विश्लेषण गर्दा बेचबिखन तथा ओसार पसारबाट प्रभावित महिलामध्ये ६४ प्रतिशत (१६ जना) अविवाहित महिला रहेको पाइएको छ । त्यसैगरी २८ प्रतिशत (७ जना) विवाहित र ८ प्रतिशत (२ जना) पारपाचुके गरेका महिला बेचबिखन तथा ओसारपसारबाट प्रभावित भएको तथ्याङ्क यस वर्ष सङ्कलन भएको छ ।




**चार्ट नं. ५४.** बेचबिखन प्रभावित र वैवाहिक अवस्था

## १०.५ बेचबिखन र प्रभावितको पेसागत अवस्था

अभिलेख गरिएको तथ्याङ्कका आधारमा यस वर्ष बेचबिखन तथा ओसारपसारबाट प्रभावित महिलामध्ये ४० प्रतिशत (१० जना) घरायसी काममा संलग्न, ३६ प्रतिशत (९ जना) विद्यार्थी, ८/८/८ प्रतिशत (२, २, २ जना) दैनिक ज्यालामजदुरी गर्ने महिला, कृषि पेसामा संलग्न र व्यावसाय गरिरहेका महिला बेचबिखन तथा ओसारपसारबाट प्रभावित भएको तथ्याङ्क सङ्कलन भएको छ ।




**चार्ट नं. ५५.** बेचबिखन र प्रभावितको पेसागत अवस्था

**विश्लेषण**

सङकलित तथ्याङ्कहरूलाई विश्लेषण गर्दा बेचविखनका घटनामध्ये सबैभन्दा बढी १८ वर्षभन्दा कम उमेर समूहका ५२ प्रतिशत बालिका र त्यसपछि ३२ प्रतिशत १८ देखि २५ वर्ष उमेर समूहका महिलाहरू बेचविखन र बेचविखनको प्रयास गरिएको पाइएको छ। बेचबिखन विभिन्न प्रयोजनका लागि हुने गरेको भए तापनि हाम्रो देशमा महिलाहरूको बेचबिखन मुख्यतया दासपूर्ण श्रम, यौन शोषण एवम् विवाहका लागि मुख्य रूपमा हुने गरेको तथ्याङ्कले देखाउँछ। यसरी १८ वर्षभन्दा कम उमेरका बालिका र उत्पादनशील उमेर समूहका महिला तथा किशोरीहरू बेचबिखनबाट प्रभावित भएको तथ्यले महिला तथा किशोरीहरूमाथि उनीहरूको श्रम, शरीर र यौनिकतामाथि नियन्त्रण गर्ने गरिएको छ भन्ने प्रष्ट हुन्छ। यस प्रकारको शोषण तथा व्यवहारले उनीहरूको यातना तथा शोषणमूक्त बाँच्न पाउने जस्तो आधारभूत अधिकारसमेत हनन् भएको छ।

बेचबिखनमा पर्नेहरू सबैभन्दा बढी आफ्नै परिवारका सदस्यहरू र समुदायका सदस्यहरूबाट नै जोखिममा रहेको तथ्याङ्कले देखाएको छ। यसैगरी छिमेकी, श्रीमान र प्रेमी पनि पनि त्यस्तो कार्यमा संलग्न रहेको तथ्य पनि आएको छ। जात/जातीय रूपमा हेर्ने हो भने हरेक जात र जातीय समूह र समुदायका व्यक्तिहरू बेचबिखन कार्यमा संलग्न रहेका छन्। यस हिसाबले बालिका तथा महिलाहरू, सेवा प्रदायक, साथी, छिमेकी र श्रीमानका लागि समेत बिक्री गरिनुपर्ने वस्तुको रूपमा रहँदै आएको कुरालाई यी तथ्याङ्कहरूले पुष्टि गरेका छन्।

## घटना अध्ययन नं ६
## बेचबिखनबाट जोगिएकी सिवा (परिवर्तित नाम )

ललितपुर जिल्लाकी १४ वर्षीया सिवाको बुवा शसस्त्र प्रहरीमा कार्यरत छन् । उनकी आमा पनि पस्मिना पसलमा काम गर्ने भएकाले घरमा उनको हजुरबा हजुरआमा मात्र हुन्छन् । उनीहरूको घरमा १ वर्षदेखि भारतीय नागरिक प्रविनकुमार डेरामा बस्ने गर्थे । घरमा आमा बुवा नभएको देखेर उनीहरूले सिवालाई माया देखाएर बोल्ने गरेका थिए । लामो समयदेखि डेरामा बसेकाले सिवालाई पनि उनीसँग बोल्न असजिलो लाग्थेन । सिवाकी आमाले बेलाबेला सिवालाई कुटपिट गरेको बेला त झनै रेशम (परिवर्तित नाम) उनलाई माया देखाउने गर्थे । ०७९ साल भाद्र १९ गते प्रविनले सिवालाई स्कुलबाटै ललाइफकाइ माया गर्छु भनेर प्रभावमा पारी भारततर्फ लगे । नातिनी घर नफर्किएपछि हजुरबा, आमाले उनको खोजी गरे, कतै नभेटिएपछि उनीहरूले प्रहरीमा पनि निवेदन दिए । डेरामा बस्ने मान्छे (प्रविन) पनि त्यही दिनदेखि हराएकाले उनीसँग काम गर्नेहरूमार्फत खोजी गर्दै प्रहरीले सबै नाकाहरू (बोर्डर) मा खबर गरेको थियो । लगभग ५, ६ दिनपछि सिवालाई भारतमा पुर्‍याएको खबर प्रहरीले पायो र सङ्घ-संस्थाको सहयोगमा भारतबाट उद्धार गरेर ल्याइएको थियो । पीडकले आफ्नो काकाको घरमा निजलाई राखेको र आफू फरार रहेको अवस्थामा फेला पारेको थियो । नेपाल ल्याएपछि प्रहरीले सिवालाई मामाको जिम्मा लगाएर पठाएको थियो । नेपाल फर्किदा उनको शारीरिक अवस्था कमजोर भएकाले अस्पतालमा उपचार गरिएको थियो । अहिले उनी शारीरिक रूपमा त तंग्रिदै छिन् । तर बेचबिखनको मुखैमा पुगेर फर्किएकाले उनलाई मनोसामाजिक र समाजमा घुलमिल हुन समस्या भइरहेको छ । त्यसैले उनी स्कुल पनि जान सकेकी छैनन । साथीहरूले के भन्लान्, कसरी स्कुलमा जाने, के भन्ने भनी अब स्कुलमा पनि जाने कुराले उनलाई पिरोलेको छ ।

# परिच्छेद ११


## ११.१ आत्महत्याको अवस्था

विश्व स्वास्थ्य सङ्गठनको तथ्याङ्कअनुसार वर्षेनी करिब १० लाख मानिसले आत्महत्या गर्छन् । यो सङ्ख्या समस्त प्राकृतिक तथा मानव निर्मित प्रकोप, युद्ध, आतङ्ककारी हमला, हत्या र हिंसाबाट हुने वार्षिक मृत्यु दरभन्दा बढी हो । नेपालमा समेत दैनिक औसत १६ जनाले आत्महत्या गर्ने गरेको नेपाल प्रहरीले जनाएको छ । १५ देखि १९ वर्ष उमेर समूहका व्यक्तिहरूको मृत्युको कारणमध्ये आत्महत्या तेस्रो प्रमुख कारण रहेको छ ।  प्रहरीको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०७८/०७९ मा ६ हजार ८ सय ३० जनाले आत्महत्या गरेका छन् । विश्व स्वास्थ्य सङ्गठनका अनुसार व्यक्ति स्वस्थ हुनु शारीरिक मात्र नभई मानसिक र सामाजिक स्वास्थ्य पनि उत्तिकै महत्वपूर्ण रहन्छ । महिला तथा बालिकाहरूमाथि बढ्दो मनोसामाजिक समस्याको प्रमुख कारण उनीहरूमाथिको विभेद र हिंसा रहेको छ । ओरेकले यस वर्ष सङ्कलन गरेका कुल घटनामध्ये ०.५ प्रतिशत (९ जना) महिलाले लैङ्गिक हिंसाका कारण आत्महत्या गरेका छन् । यसैगरी ०.१ प्रतिशत (२ जना) ले आत्महत्याको प्रयास गरेको पाइएको छ । अभिलेख गरिएका घटनालाई हेर्दा महिलाहरूमाथि दाइजोको कारण दैनिक रूपमा दिइने शारीरिक तथा मानसिक यातना, चरित्र हत्या, जबरजस्ती विवाह, बलात्कार जस्ता कारणले आत्महत्या गर्न बाध्य भएको देखिन्छ । हिंसा प्रभावितको न्यायमा पहुँच सुनिश्चित नभएका कारण महिलाहरूले आत्महत्यालाई विकल्पको रूपमा छान्ने गरेको पाइएको छ ।

## ११.२ आत्महत्या र उमेर

आत्महत्या गरेका महिलाको उमेर समूह हेर्दा सबैभन्दा बढी ४४/४४ प्रतिशत (४, ४ जना) १८ वर्षभन्दा कम र १८ देखि २५ वर्ष उमेरका रहेका छन् । साथै ११ प्रतिशत (१ जना) २६ देखि ३५ वर्ष उमेर समूहका महिलाले हिंसाका कारण शारीरिक तथा मानसिक यातना सहन नसकी आत्महत्या गरेको पाइएको छ ।


[१] https://www.who.int/news-room/fact-sheets/detail/suicide.




**चार्ट नं. ५६.** आत्महत्या र प्रभावितको उमेर

## ११.३ आत्महत्या र वैवाहिक अवस्था


यस वर्ष विभिन्न कारणले ७८ प्रतिशत (७ जना) अविवाहित र २२ प्रतिशत (२ जना) विवाहित महिलाले आत्महत्या गरेका घटना अभिलेखीकरण गरिएको छ ।




**चार्ट नं. ५७.** आत्महत्या र वैवाहिक स्थिति

## ११.४ आत्महत्या र शैक्षिक अवस्था


यस वर्ष भएका १०० प्रतिशत (९ जना) साक्षर महिलाले आत्महत्या गरेको पाइएको छ । साक्षर महिलाहरूको शैक्षिक अवस्थालाई हेर्दा ५६ प्रतिशत (५ जना) ले माध्यमिक शिक्षा अध्ययन गरेका, ३३ प्रतिशत (३ जना) ले आधारभूत शिक्षा अध्ययन गरेका र ११ प्रतिशत (१ जना) ले स्नातक तह गरेको तथ्याङ्कले देखाउँछ ।




**चार्ट नं. ५८.** आत्महत्या र प्रभावितको साक्षरताको अवस्था विश्लेषण

## ११.५ आत्महत्या र पेसागत अवस्था

सङ्कलन भएका आत्महत्याका घटनाहरूमा महिलाको पेसागत अवस्था हेर्दा ६७ प्रतिशत (६ जना) विद्यार्थी र ३३ प्रतिशत (३ जना) कृषि तथा पशुपालनमा संलग्न रहेको देखियो ।




**चार्ट नं. ५९.** आत्महत्या र प्रभावितको पेसागत अवस्था विश्लेषण

**विश्लेषण**

अन्य हिंसामा झैं आत्महत्या गर्नेहरूमा साक्षर महिलाहरूको बाहूल्यता रहेको छ । पेसागत हिसाबले हेर्दा विद्यार्थी जीवनमा रहेकाहरूले बढी आत्महत्या गरेको देखिन्छ । आत्महत्याका घटनाहरूका कारण बारेमा यस अध्ययनले पर्याप्त मात्रामा खोजी नगरेको हुनाले त्यसको यकिन कारणहरू किटान गर्न गाह्रो छ । यद्यपि महिलामाथि हुने हिंसाका घटनाहरूको अभिलेखीकरणसँगै आत्महत्याका घटना पनि गाँसिएको हुँदा मूलतः दाइजो, घरेलु हिंसा र मानसिक तनावका कारण बालिका एवं महिलाहरूले आत्महत्या गर्ने गरेको देखिन्छ ।

## घटना अध्ययन नं ७
## मिलापत्रकै कारण आत्महत्या गर्न बाध्य

१४ वर्षीया रविना (परिवर्तित नाम) की आमा उनी ३ वर्षकी हुँदा अर्को विहे गरेर गएकी थिइन् । उनको बुवा वैदेशिक रोजगारमा गएका बेला घरमा घरेलु हिंसा सहन नसकेर उनले अर्को विहे गरेकी थिइन् । पछि उनको बुवाले अर्को विहे गरेपछि उनी कान्छी आमासँग बस्दै आएकी थिइन् । कान्छी आमा आएपछि उनलाई खान लगाउन नदिने, विद्यालय जान नदिएर घरको काममा लगाउनेसहित मानसिक यातनासमेत दिने गरेकी थिइन् । एक वर्ष अगाडि रविनालाई गाउँकै ६५ वर्षका पुरुषले ललाई फकाई घरकै पछाडि लगी बलात्कार गरिरहेको अवस्थामा उनकी आमाले फेला पारिन् । हजुरआमाले गाउँका मानिस बोलाएपछि रविनाकी आमाले गाउँमै कुरा मिलाउने भने पनि अरूले नमानेर प्रहरीमा जाहेरी दर्ता गराएका थिए । मुद्दा दर्ता हुनेबित्तिकै पीडक गाउँ छोडेर फरार भए पनि कानुनी प्रक्रिया भने अगाडि बढेको थियो । बलात्कारको घटनापछि उनकी आमाले उनलाई झन् हेला गर्ने, कुट्ने, चारित्रिक आरोप लगाई दैनिक मानसिक यातना दिन थालेकी रहिछन् । यही बीचमा उनकी आमा र पीडक व्यक्तिका छोराले २०७९ भाद्र १२ गते एक जना पूर्व वडा अध्यक्ष सहितको संलग्नतामा गोप्य रूपमा गई एक लाख पचास हजार लिई घटनाको मिलापत्र गरेको रविनाले थाहा पाइन् । सोही मिलापत्र भएको १ महिनापछि आफ्नै घरमा सलको पासो लगाएर उनले आत्महत्या गरिन् । आफूमाथि भएको बलात्कार, आमाले गर्ने दुर्व्यवहार र यातना सहन नसकेर रविनाले आत्महत्या गरेको छिमेकीहरूले दावी गरेका छन् । घटना अनुसन्धानको प्रक्रियामा छ ।

# परिच्छेद १२

## हिंसा प्रभावित महिलाहरूको न्यायको पहुँचमा देखिएको कानुनी तथा वस्तुगत अवस्था

### १२.१. न्यायमा पहुँचको परिचय

न्यायमा पहुँच भन्नाले उपयुक्त निकायमार्फत न्याय खोज्न र प्राप्त गर्न सकिने अवस्था नै न्यायमा पहुँच हो । न्यायमा पहुँचका लागि आफ्नो हक अधिकारका बारेमा जानकारी हुने र आफूलाई अन्याय हुँदा न्यायको खोजी गर्न सक्ने क्षमता व्यक्तिमा हुन आवश्यक छ । त्यसैगरी, न्याय प्रदान गर्ने निकायको सक्षमता, प्रभावकारितालगायत न्यायको खोजी र प्राप्ति गर्ने सन्दर्भमा उपयुक्त वातावरणको सुनिश्चितता र प्रयोग नै न्यायमा पहुँच हो । न्यायमा पहुँचविना कानुनद्वारा संरक्षित अधिकारहरू उल्लङ्घन भएमा तिनको प्रचलन असम्भव हुने भएकाले न्यायमा पहुँचको अधिकारलाई अधिकारहरूको पनि अधिकार मान्न सकिन्छ । नागरिकले जुनसुकै जात, जाति, संस्कृति धर्म, लिङ्ग, वर्ण, उत्पत्ति, भाषा र वैचारिक आस्था भए पनि विना कुनै विभेद न्याय प्राप्तिका लागि सम्बन्धित न्यायिक निकायसमक्ष पुग्न सक्ने परिस्थितिको निर्माण गरिदिनु न्यायमा पहुँचको पूर्वसर्त नै हो ।

औपचारिक प्रत्याभूतिको हिसाबले नेपाली महिलाका अधिकारहरू अन्यत्रका महिलाका भन्दा कम छैनन्, तर व्यवहारिक यथार्थ भने फरक छ । नेपाली समाज आधारभूत रूपले नै पितृसत्तात्मक सोचबाट जकडिएका कारण इतिहासको विभिन्न कालखण्ड हुँदै वर्तमानसम्म आइपुग्दा पनि नेपाली महिलाहरू कुनै न कुनै स्वरूपका हिंसाजन्य कार्यहरूबाट प्रताडित भइरहनुपर्ने अवस्था विद्यमान नै छ । दिनहुँजसो नेपाली सञ्चार जगतमा सम्प्रेषित हुने गरेका महिलाविरुद्धका हिंसाका घटनाहरूले पनि उक्त कुरालाई पुष्टि गर्दछन् ।

ओरेकले आफ्नो स्थापनाकालदेखि नै महिलामाथि लिङ्गका आधारमा हुने विभेद र हिंसाबारे काम गर्दै आइरहेको छ । यस सन्दर्भमा ओरेकले आफ्नो केन्द्रिय कार्यालयसँगै जिल्लाहरूमा हिंसा प्रभावित महिलालाई एकत्रित सहयोग पुऱ्याउने उद्देश्यले कानुनी सहयोग, सहायता र वकिलहरूबाट कानुनी प्रतिनिधित्व गरिरहेको छ। हाल उदयपुर, सिराहा, मोरङ, सुनसरी, जनकपुर, दाङ, कैलाली जिल्लाहरूमा हिंसा पीडित महिलाहरूलाई यस संस्थाले कानुनी सहयोग दिइरहेको छ। कानुनी सहयोगबाट हिंसा पीडित महिलाहरूले केही हदसम्म न्याय पाएको महसुस गरेका छन् भने यसको कार्यान्वयनको सन्दर्भमा विविध चुनौतीहरू रहेका छन् । तिनै चुनौतीहरूको विषयमा यस वार्षिक पुस्तिका तयार गरिएको छ ।

## १२.१.१ न्यायमा पहुँचको अवस्था निर्धारण गर्ने आधारहरू

सामान्यतया न्यायमा पहुँचका पाँचवटा अन्तरवस्तुहरू छन्, जसअन्तर्गत उपयुक्त कानुनी व्यवस्था, कानुनको ज्ञान तथा चेतना, कानुनी परामर्श र प्रतिनिधित्व, न्यायिक संस्थामाथिको पहुँच, स्वच्छ कार्यविधि तथा प्रयोगयोग्य न्यायिक उपचार पर्दछन्। किनकि यी प्रत्येक तत्वहरूले आफ्ना न्यायिक तथा कानुनी समस्याहरू समाधानार्थ न्यायिक प्रक्रियाको प्रयोग गरी हिंसा प्रभावित महिलाहरूका सक्षमतालाई प्रभावित पार्दछन् । अर्थात् आफ्ना अधिकार तथा स्वतन्त्रताको उल्लङ्घनविरुद्ध प्रभावकारी न्यायिक उपचार प्राप्त गर्न सक्ने वा नसक्ने भन्ने कुरा उक्त अन्तरवस्तुहरूमा निर्भर गर्दछ । यी तत्वहरूको यथोचित उपस्थिति नभएमा न्यायमा पहुँचको अवस्था सिर्जना नभएको मानिन्छ र त्यहाँ सुधारको जरुरत पर्दछ ।

न्यायमा पहुँचको अवस्थाको पहिचान गर्न वा न्यायमा पहुँचको समस्याहरूलाई विश्लेषण गर्नका लागि सूचकहरूको आधार लिन सकिन्छ।ियचम ल्भगदभचनभच ले न्यायमा पहुँचका लागि निम्न सर्त उल्लेख गरेका छन् :

- सक्षम, स्वतन्त्र र निष्पक्ष न्यायपालिका
- सर्वसुलभ अदालत
- उचित न्यायप्रशासन
- दक्ष तथा इमानदार कानुन व्यवसाय
- न्यायिक प्रक्रियासम्बन्धी सरल र प्रभावकारी कार्यविधि
- प्रभावकारी कानुनी प्रक्रिया
- धान्न सक्ने दस्तुर आदि

यसैगरी प्रभावितको हितको संरक्षण, कानुनी सहायता, कानुनको कार्यान्वयन, फैसलाको कार्यान्वयन, उत्तरदायी न्याय प्रणाली, सहज उपलब्धता पनि रहेको छन् । यिनै आधारलाई लिएर ओरेकले हिंसा प्रभावित महिलाहरूको न्यायमा पहुँचको अवस्थाका बारेमा विश्लेषण गरेको छ ।

## १२.२ न्यायमा पहुँचसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी प्रबन्धहरू

### १२.२.१ राष्ट्रिय कानुनी व्यवस्था

नेपालमा न्यायमा पहुँच सुनिश्चित गर्न समानताको हक, न्यायसम्बन्धी हक, पीडितको हक, महिलाका हक, बालबालिकाको हक, सामाजिक सुरक्षाको हक, आदि मौलिक हकको संविधानले प्रत्याभूत गर्नुका साथै धारा १८ को प्रतिबन्धात्मक वाक्यांशमा विभिन्न रूपले पछाडि पारिएकाहरूका लागि विशेष व्यवस्था गर्न रोक नलगाउने भनी उल्लेख गरेको छ । साथै संविधानको न्याय र दण्डसम्बन्धी नीतिमा न्यायप्रशासनलाई छिटोछरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष र जनउत्तरदायी बनाउने व्यवस्था छ । त्यसैगरी सामान्य प्रकृतिका विवाद समाधानका लागि मेलमिलाप, मध्यस्थता जस्ता वैपल्पिक उपायहरू अबलम्वन गर्ने नीति लिएको छ । त्यसैगरी धारा २१७ मा न्यायिक समितिसम्बन्धी व्यवस्थासमेत गरिएको छ ।

संविधानप्रदत्त न्यायमा पहुँचको सुनिश्चितताका लागि विभिन्न कानुनहरू जस्तै : कानुनी सहायता ऐन, २०५४ र कानुनी सहायता नियमावली, २०५५, घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६, वैयक्तिक गोपनीयतासम्बन्धी ऐन, २०७५, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अपराध पीडित संरक्षण ऐन, २०७५, बालबालिकासम्बन्धी ऐन, २०७५, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ फौजदारी कसुर) पीडित राहत कोष) नियमावली, २०७७ लगायतका विभिन्न कानुनी व्यवस्थाहरू तटस्थ रूपमा रहेका छन् । न्यायको पहुँचको सन्दर्भमा अदालतबाट वैतानिक कानुन व्यवसायीबाट कानुनी सेवा, स्वेच्छिक (प्रोबोनो), लगातार सुनुवाइसम्बन्धी व्यवस्था, बन्द इजलासबाट कारबाही र किनारा, मुद्दाको प्राथमिकतामा सुविधा, गोपनीयता कायम राख्ने क्षतिपूर्ति भराउनेसम्बन्धी व्यवस्था, परामर्श सेवा, मेलमिलापलाई प्राथमिकता, दोभाषेको सेवा, पीडित साक्षी संरक्षण कोष, नागरिक वडापत्र, समयतालिका पद्दति, मुस्कान सहितको सेवा, गुनासो सुन्ने अधिकारको व्यवस्था लगायतका सेवाहरू उपलब्ध गरिआएको छ । त्यस्तै मिति २०७२।०४।१० मा सर्वसाधारण जनताको न्यायमा पहुँच अभिवृद्धि गर्ने उद्धेश्य राखी सम्मानित सर्वेच्च अदालतमा न्यायमा पहुँच आयोग गठन गरिएको छ । यसका साथै महिलाहरूको र बालबालिकाको हकमा छुट्टै अर्थात् Fast Track Court गठन गर्ने भनी सम्मानित सर्वोच्च अदालतबाट निर्देशनात्मक आदेश भए

तापनि सोको प्रभावकारी कार्यान्वयन नभएको कुरा सर्वोच्च अदालतको २०७७।७८ को वार्षिक प्रतिवेदनको मुद्दा फछ्र्यौट गर्न बाँकी रहेका मुद्दाहरूमध्ये उल्लेख्य मात्रामा सम्बन्ध विच्छेद, जबरजस्ती करणी रहेको तथ्याङ्क समेतले प्रष्ट चित्र देखाउँदछ ।

## १२.२.२ न्यायको पहुँचसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डहरू

**क) मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८,**

कानुनको दृष्टिमा सबै समान छन् र विनाभेदभाव सबैलाई कानुनको समान संरक्षणको हक प्राप्त हुनेछ । सबैलाई संविधान वा कानुनद्वारा प्रदत्त मौलिक हकको उल्लङ्घनविरुद्ध सक्षम राष्ट्रिय अदालतबाट प्रभावकारी उपचार पाउने हक हुनेछ। प्रत्येक व्यक्तिलाई उसको अधिकार र दायित्व निर्धारण गर्न वा फौजदारी अभियोग लागेको अवस्थामा एक स्वतन्त्र र निष्पक्ष अदालतबाट स्वच्छ र सार्वजनिक सुनुवाई गरिने पूर्ण र समान अधिकार हुन्छ ।

**ख) नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६**

यस अनुवन्धले अनुचित ढिलाइविना न्याय पाउने, कानुनी प्रतिनिधित्व सुनिश्चित गनुपर्ने तथा अदालती कारबाहीको भाषा नबुझ्नेका लागि अनुवादकको अधिकार हुने भनी सुनिश्चित गरेको छ ।

**ग) युरोपेली मानव अधिकार महासन्धि, १९५०**

फौजदारी अभियोग सन्दर्भमा वा देवानी अधिकार र दायित्व निर्धारण गर्ने सम्बन्धमा स्वतन्त्र र निष्पक्ष ट्रइबुनलबाट मनासिव समयभित्र स्वच्छ र सार्वजानिक सुनुवाई गर्न पाउने व्यक्तिको अधिकार हुने उल्लेख गरेको छ ।

**घ) महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धि, १९७९,**

यस महासन्धिको धारा २(ख) मा महिला विरुद्धको भेदभाव निषेध गर्ने कानुनी र अन्य उपायहरू एवं उपयुक्त भएका अवस्थामा दण्ड सजायको व्यवस्थासमेत अवलम्वन गर्ने, त्यसैगरी धारा २(ग) मा पुरुषसरह समान आधारमा महिलाका अधिकारहरूको कानुनी संरक्षणको व्यवस्था गर्ने तथा सक्षम राष्ट्रिय न्यायाधीकरण र अन्य सार्वजनिक निकायमार्फत भेदभावको कुनै पनि कार्यविरुद्ध महिलाको प्रभावकारी संरक्षण सुनिश्चित गर्ने, धारा २(च) मा महिलाविरुद्ध भेदभाव गर्ने खालका कानुन, नियम, परम्परा तथा अभ्यासहरू परिवर्तन वा खारेज गर्न कानुन निर्माण

लगायतका उपयुक्त तरिका अबलम्वन गर्ने, धारा १५(२) मा पक्ष राष्ट्रहरूले महिलालाई देवानी विषयहरूमा पुरुषसरहको कानुनी क्षमता प्रदान गरी सो उपयोग गर्न समान अवसर प्रदान गर्नेछन् भनी व्यवस्था गरेको छ । यससँगै बालअधिकारसम्बन्धी महासन्धि, १९८९, अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ , संयुक्त राष्ट्रसङ्घको दिगो विकास लक्ष्यले सबैलाई न्याय प्रणालीसम्मको समान पहुँच गराउने प्रतिवद्धता गरिएको छ ।

कानुनी व्यवस्था तथा कानुनको ज्ञान, न्यायमा पहुँचको धेरै तत्वहरू मध्येका केही तत्वहरू भनी मान्न सकिन्छ । ती तत्वहरू एक-अर्कासँग अन्तरसम्बन्धित रहेको पाइन्छ । यसरी आफ्ना अधिकार तथा स्वतन्त्रताको उल्लङ्घनविरुद्ध प्रभावकारी न्यायिक उपचार प्राप्त गर्न सक्ने वा नसक्ने भन्ने कुरा उक्त अन्तरवस्तुहरूमा निर्भर गर्दछ । यी तत्वहरूको यथोचित उपस्थिति नभएमा न्यायमा पहुँचको अवस्था सिर्जना नभएको मानिन्छ र त्यहाँ सुधारको जरुरत पर्दछ । यस वर्ष हामीले विभिन्न किसिमका हिंसाबाट प्रभावित महिलाहरूलाई दिएको कानुनी परामर्श र उहाँहरूले ओरेकबाट प्राप्त भएका कानुनी उपचारको आधारमा न्यायको पहुँचलाई विशलेषण गरेका छौ ।

## १२.३ हिंसा प्रभावित महिलाहरूको न्यायमा पहुँचको वस्तुगत अवस्था

### १२.३.१ नेपालको सम्बन्धमा न्यायमा पहुँचको अवस्था

नेपालको आधाभन्दा बढी आकाश ढाकेका औसत महिलाहरूको वर्तमान स्थिति अझै पनि दयनीय छ। नेपाल सरकार, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले गरेको अपराधसम्बन्धी बेसलाइन सर्वेक्षण प्रतिवेदन, २०७२ अनुसार अपराधमा ४२.३ प्रतिशत पुरुष संलग्न हुने, अपराधबाट सबैभन्दा बढी महिला ५०.७ प्रतिशत र बालबालिका १२.३ प्रतिशत पीडित हुने गरेको देखिन्छ । तर नेपाल सरकारले उपलब्ध गराएको कानुनी सहायताको सम्बन्धमा ८७.७ प्रतिशतलाई केही जानकारी नभएको, ४.६ प्रतिशतले जिल्ला कानुनी सहायता समिति र वैतनिक वकिलबाट सेवा पायौ भन्ने र ८७.५ प्रतिशतले सेवा पाउन सकिएन भन्ने जवाफ दिएका थिए। तसर्थ यसले नेपालमा अदालतबाट प्रदान हुने सेवा प्राप्त गर्ने क्षमता सबैमा समान छैन भन्ने इङ्गित गर्दछ।

यसैगरी न्यायपालिकाको चौं:थो पञ्चवर्षीय रणनीतिक योजना (२०७६।७७-२०८०।८१) का मुख्यत: ५ वटा लक्ष्यमध्येको एक न्यायमा पहुँच अभिवृद्धि गनुपर्ने रहेको छ। उक्त लक्ष्य अन्तर्गत न्यायमा सहज पहुँचमा रहेका अवरोधको पहिचान गरी सुधार गर्ने नीति लिइएको छ। स्वेच्छिक (प्रेबोनो) कानुनी

सहायता र वैतनिक कानुन व्यवसायीको सेवा विस्तार र सुदृढीकरणलाई पनि समावेश गरिएको छ। हरेक अदालतमा सेवाग्राही परामर्श तथा सहायता कक्ष सुदृढ बनाउने, न्यायिक प्रक्रियासम्बन्धी सूचना सेवा सहजै उपलब्ध गराउने जस्ता कार्यक्रमलाई प्राथमिकता दिइएको छ। संविधान र अपराध संहिताले गरेको परिवर्तित व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि अदालतमा पीडितमैत्री कक्षको व्यवस्थापन, पीडितका लागि प्राथमिक स्वास्थ्य उपचार, मनोसामाजिक परामर्श र सुरक्षाको व्यवस्था, अन्तरिम राहत र क्षतिपूर्तिको उपलब्धता, पीडितलाई मुद्दाको कारबाही र आदेशको जानकारी जस्ता कार्यक्रम योजनामा समावेश छन्। तर उक्त योजना बनेको तीन वर्ष भइसक्दा पनि उल्लिखित योजनाहरूको कार्यान्वयनको अवस्था भने न्यून नै देखिन्छ।

### १२.३.२ अदालत तथा न्यायाधीकरणहरूमा मुद्दा तथा विशेष प्रकृतिका निवेदनको लगत, फछ्र्यौट र बाँकीको स्थिति

आर्थिक वर्ष २०७७/७८ मा नेपालका विभिन्न तहका अदालत र अन्य अदालत तथा न्यायाधीकरणहरूमा मुद्दा, रिट निवेदन, प्रतिवेदन, फुटकर निवेदन तथा विशेष प्रकृतिका निवेदनसमेत गरी कुल जम्मा २९५२०४ वार्षिक लगत कायम हुन आएकोमा सोमध्ये १५०६७७ अर्थात् कुल लगतको ५१.०४ प्रतिशत मुद्दा फछ्र्यौट भई आर्थिक वर्षको अन्त्यमा १४४५२७ मुद्दा बाँकी रहेको देखिन्छ। उक्त मुद्दाहरूमध्ये सबैभन्दा बढी सङ्ख्यामा सम्बन्ध विच्छेद ११.४३ प्रतिशत, त्यसपछि अंशवण्डा ११.३७ प्रतिशत, जालसाजी ५.५३ प्रतिशत, लिखतबदर ४.८० प्रतिशत, जबरजस्ती करणी ३.२३ प्रतिशत र कर्तव्य ज्यान २.०९ गरी कुल बाँकी मुद्दा सङ्ख्यामा ४५.१३ प्रतिशत रहेको छ। माथि उल्लिखित मुद्दाहरूमा बढी मात्रामा हिंसा प्रभावित महिलाहरूको सरोकार निहित रहेको हुन्छ। यसबाट पनि न्यायको पहुँचमा ढिलासुस्ती हुन गई लामो अवधिसम्म प्रभावित महिलाहरूले कानुनी लडाई लडनुपर्ने भई न्यायको पहुँच प्रभावकारी नरहेको र सोका निमित्त लडिरहनुपर्ने जटिल परिस्थितिलाई उजागर गर्दछ।

### १२.३.३ अदालतको फैसला कार्यान्वयनसम्बन्धी विवरण

यस आर्थिक वर्षमा फैसला कार्यान्वयनसम्बन्धी निवेदनहरूको जम्मा लगत ३३८८९ थान रहेकोमा १२८५७ (३७.९४ प्रतिशत) निवेदनहरू फछ्र्यौट भएको देखिन्छ। त्यस्तै, २०७६।७७ मा फैसला कार्यान्वयनसम्बन्धी निवेदनहरूको जम्मा लगत २८१२६ थान रहेकामा १०५३० थान (३७.५५ प्रतिशत) निवेदनहरू फछ्र्यौट भएको थियो। अत : चौथो पञ्चवर्षीय रणनीतिक योजनाको १ वर्ष पार गरी ३ वर्षसम्म आइपुग्दा पनि अपेक्षित नतिजा प्राप्त गर्न सकेको देखिंदैन।

### १२.३.४ वैतनिक कानुन व्यवसायीबाट कानुनी सहायता तथा प्रतिनिधित्वसम्बन्धी विवरण

एकीकृत कानुनी सहायता नीति, २०७६ मा निःशुल्क कानुनी सहायता पाउने मौलिक हकको प्रभावकारी कार्यान्वयन गर्न आर्थिक तथा सामाजिक कारणबाट आफ्नो कानुनी हकहित संरक्षण गर्न असमर्थ पक्षलाई सहज रूपमा गुणस्तरीय कानुनी सहायता उपलब्ध गराउने उद्देश्यअनुरूप आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका व्यक्तिले आफू असमर्थ पक्ष भनी दिएको निवेदनका आधारमा निजको असार्थताको पहिचान गरी निजलाई निःशुल्क कानुनी सहायता उपलब्ध गराउने रणनीति लिइएको छ । न्यायमा पहुँच आयोगको गठन भएपछि प्राप्त कार्यादेशबमोजिम कार्य सञ्चालन गर्नका लागि महिला, विपन्न, असाहाय र असक्षम व्यक्तिहरूलाई लक्षित वर्गहरू भनी पहिचान गरिएको छ ।

तर, आर्थिक वर्ष २०७७।७८ को तथ्याङ्कको विश्लेषण गर्दा वैतनिक कानुन व्यवसायीबाट कानुनी सहायता प्रदान गरिएको मुद्दा सङ्ख्या जम्मा ६३४५ रहेको छ भने अघिल्लो आर्थिक वर्षलाई तुलनात्मक रूपमा हेर्दा १६७५१ वटा मुद्दामा उक्त सहायता प्रदान नगरिएको देखिन्छ । यसर्थ अघिल्लो वर्षभन्दा यस वर्ष निःशुल्क कानुनी सेवा प्रयोग गर्नेको सङ्ख्या ५० प्रतिशत भन्दा बढीले घटेको देखिन्छ ।

### १२.४ हिंसाबाट पीडित महिलाहरूको न्यायमा पहुँचको वस्तुगत अवस्था : ओरेकको दृष्टिकोण

लैङ्गिक हिंसा प्रभावित महिलाहरूको न्यायमा पहुँचको वस्तुगत अवस्थाको आँकलनका लागि आरेकले आफू कार्यरत जिल्लाहरूको तथ्याङ्कलाई महत्वपूर्ण माध्यम बनाएको छ । महिला पुनर्स्थापना केन्द्र (ओरेक) ले महिला अधिकारको सुनिश्चितता तथा महिलाको न्यायमा पहुँचका लागि विभिन्न जिल्लामा आवश्यकताअनुसार कानुनी सहयोग गर्दै आइरहेको छ । यस पहलले हिंसामा परेका महिलाहरूलाई आफ्नो अधिकार प्राप्तिका लागि कानुनी सहयोग गरी महिलाहरूको न्यायमा पहुँचलाई अभिवृद्धि गरेको छ ।



#### १२.४.१ ओरेकले न्यायमा पहुँचको सुनिश्चितताका लागि हस्तक्षेप गरेका क्षेत्रहरू


**क) कानुनको जानकारी अर्थात् चेतना**

न्यायमा पहुँचका लागि कानुनको जानकारी अर्थात् चेतना एक महत्वपूर्ण तत्व हो । महिलाहरूले आफूमाथि हिंसा, अन्याय वा गैरकानुनी क्रियाकलाप भएको वा आफूले प्राप्त गर्नुपर्ने अधिकार

नपाएको विषयमा शिक्षित र सुसूचित हुनु न्यायमा पहुँचको पूर्वसर्त हो । साथै राज्यको कानुनी व्यवस्थाअन्तर्गत संरक्षित अधिकारहरूको उल्लङ्घन भएको खण्डमा के-कसरी उपचार हासिल गर्ने भन्ने कुराको जानकारी हुनु पनि त्यत्तिकै महत्वपूर्ण छ । अन्यथा अन्याय सहने वा अन्याय भएको छ भन्ने थाहै नपाई बस्ने स्थिति पनि सिर्जना हुन सक्छ । ओरेकले विभिन्न जिल्लामा गरेको कानुनी साक्षारता/सचेतनाका कार्यक्रम, घरदैलो कार्यक्रम, स्थानीयस्तरका निकायहरूसँगको सहयोगी/समन्वयको भूमिकाका कारण पनि यस संस्थामा कानुनी सहयोग प्राप्त गर्न सकिन्छ भन्ने विश्वासका साथ हिंसा प्रभावित महिलाहरू स्वयं र विभिन्न सङ्घ-संस्थाबाट सिफारिस भएर पनि आउने गर्नुहुन्छ ।

### ख) कानुनी परामर्श र प्रतिनिधित्व

हिंसा प्रभावित महिलाहरूलाई कानुनी ज्ञान मात्रै पर्याप्त हुँदैन । उपयुक्त कानुनी उपचार के हुने र त्यसको बाटो कसरी अख्तियार गर्ने भन्नेबारे कानुनी सल्लाह तथा परामर्शको आवश्यकता पर्छ । साथै निजको तर्फबाट न्यायिक उपचारको खोजीका लागि प्रतिनिधित्व गर्ने दक्ष कानुन व्यवसायीको पनि जरुरत पर्छ । के-कस्तो कानुनी सहायता र प्रतिनिधित्व जरुरी हुने भन्ने विषय प्रत्येक प्रभावितको समस्याको प्रकृतिमा निर्भर गर्दछ । यदि कोही नागरिकले आर्थिक अवस्थाका कारण त्यस्तो कानुनी सहायता नपाएको अवस्थामा सो उपलब्ध गराउनु राज्यको जिम्मेवारी हो । त्यसमाथि पनि महिलाहरूको आर्थिक परनिर्भरताका कारणले सबैभन्दा ठूलो समस्यमा परेका हुन्छन् । कतिपय अवस्थामा सहयोगी संस्थासम्म आउन सक्ने आर्थिक अवस्था पनि नभएको हुँदा हिंसा सहेरै बसेको अवस्था पनि रहेको पाइएको छ ।




**चार्ट नं. ६०.** प्रभावितहरूको मुद्दाको सङ्ख्या, नयाँ मुद्दा सङ्ख्या, पुरानो मुद्दा सङ्ख्या

प्रभावकारी कानुनी सहायतामा पहुँचको अभाव न्यायमा पहुँचका लागि सबैभन्दा ठूलो व्यवधानको रूपमा रहेको हुन्छ । ओरेकले आफ्नो स्थापनाकालबाट नै निःशुल्क कानुनी परामर्श तथा प्रभावितहरूलाई विभिन्न न्यायिक निकायमा प्रतिनिधित्व गर्दै आएको छ। यस वर्ष जुलाई २०२१ देखि जुन २०२२ सम्म संस्थामा कानुनी परामर्श र सहयोगका लागि उपस्थित भएका जम्मा ११७३ जना हिंसा प्रभावित महिलाहरूलाई व्यक्तिगत कानुनी परामर्श प्रदान गरेको छ भने ३०२ जना प्रभावितहरूका मुद्दाहरू ओरेकका केन्द्र तथा जिल्ला शाखाहरूबाट विभिन्न तहका न्यायिक निकायमा दर्ता गरी सहयोग गरेको र सक्रिय रूपमा चलिरहेको तथ्याङ्कले देखाएको छ।




काठमाडौं, उदयपुर, मोरङ, सुन्सरी, दाङ, कैलाली, धनुषा, रुकुम, सुर्खेत र सिराहाका कार्यालयबाट कानुनी सहयोग प्रदान गर्दै आएको छ । उक्त तथ्याङ्कलाई हेर्दा ओरेकमा ३९९ वटा मुद्दा रहेको देखिन्छ। त्यसमा उदयपुर जिल्लाको कार्यालयबाट धेरै कानुनी सहयोग प्रदान गर्ने कार्य भएको देखिन्छ भने क्रमशः मोरङ काठमाडौं, धनुषा कैलालीबाट भएको देखिन्छ । त्यस्तैगरी

कम सङ्ख्यामा सुनसरीको कार्यालय र क्रमशः सिराहा, सुनसरी र दाङले विगत एक वर्षमा मुद्दाहरूको हकमा कानुनी सहयोग प्रदान गरेको देखिन्छ। त्यस्तैगरी यस वर्ष ओरेकको रूपन्देही र कपिलवस्तुको कार्यालका सुरक्षित आवासमा बस्दै संस्थाकै सिफारिसमा कदम नेपालको कानुनी सहयोगमा ४ वटा मुद्दाहरू चलिरहेका छन्। यद्यपि यी सबै मुद्दाहरू सन् २०२१ मै दर्ता भएका भने होइनन् यसमा केही मुद्दाहरू पहिलेदेखिको अदालती प्रक्रियामा रहेका मुद्दा हुन् र विगत एक वर्षमा ती मुद्दाहरूको कारबाहीमा समेत कानुनी सहयोग प्रदान गरिँदै आएको छ भने माथि उल्लेख भएअनुसार यस वर्ष १३३ वटा मात्र नयाँ मुद्दा दायर भई कारबाहीको क्रममा रहेको देखिन्छ।

**ग) न्यायिक संस्थाहरू र अदालतसम्मको पहुँचको अवस्था**

कतिपय अवस्थामा भैगोलिकका साथै आर्थिक र सामाजिक कारणले गर्दा प्रभावित महिलाहरूले न्यायिक संस्थासम्मको यात्रामा कठिनाई भोग्नुपर्ने कारणले गर्दा नै न्यायिक पक्रिया नै अबलम्वन नगरी बसेको देखिएको छ। यसका साथै सो प्रक्रियामा भोग्नुपर्ने सम्भावित डर, धाक, धम्की, हैरानी तथा हतोत्साही र खासगरी न्याय खोज्ने, मुद्दा मामिलामा पर्ने प्रभावित महिलालाई समाजमा हेय दृष्टिले लाञ्छना लगाउने र हेर्ने प्रचलनले गर्दा पनि न्यायको पहुँचमा अवरोध सिर्जना गरेको पाइन्छ। यस विषयलाई सम्बोधन गर्न पनि उत्तिकै जरुरी छ।


यस वर्ष अदालतको तहअनुसार जिल्ला अदालतमा ३३९ वटा मुद्दा चालु अवस्थामा भई सबैभन्दा धेरै मुद्दाको चाप रहेको देखिन्छ। यसमा ओरेकको दशवटा जिल्लाका कार्यालयबाट मुद्दा हेरिए पनि जम्मा १९ वटा अदालतहरूमा मुद्दा चलिरहेको देखिन्छ। ती हुन्- ललितपुर, भक्तपुर, काठमाडौं, काभ्रे, नुवाकोट, धनुषा, सिराहा, महोत्तरी, कैलाली, मोरङ, सुनसरी, उदयपुर, रूपन्देही, कपिलवस्तु र दाङ जिल्ला अदालत। त्यस्तै २९ वटा मुद्दा उच्च अदालतमा पुनरावेदनमा गएको देखिन्छ; जसमा- जनकपुर उच्च अदालत, उच्च अदालत मोरङ, र पाटन उच्च अदालतमा चलिरहेको छ भने सर्वोच्च अदालतमा ३ वटा मुद्दाको कारबाही चलेको देखिन्छ। यसका अतिरिक्त न्यायिक समिति र जिल्ला प्रहरी कार्यालयमा हाल ३१ वटा जाहेरी दर्ता भई कारबाहीको क्रममा रहेको देखिन्छ।




**चार्ट नं. ६१.** न्यायिक संस्थाहरू र अदालतसम्मको पहुँचको अवस्था

**घ) मुद्दाका प्रकृति**

कानुनतः सम्बन्ध बिच्छेद गर्दा श्रीमानले खान, लगाउन नदिएको खण्डमा श्रीमतीले आफ्नो श्रीमानबाट अंश हक पाउने व्यवस्था रहेको हुँदा प्रभावितहरूले सोही अधिकार कार्यान्वयन गराउन मुद्दामा गएको देखिन्छ । सो सन्दर्भमा सम्पत्ति लुकाउने प्रयोजनका लागि जालसाजी गर्ने, घरजग्गा अवैध तरिकाबाट लेनदेन गर्ने, नजिकको आफन्तहरूलाई बकस गरी दिने हुँदा वास्तवमा अंशसम्बन्धी मुद्दा लगाउन आउने गरेकाले अंशसम्बन्धी मुद्दा पनि बढेको देखिन्छ । यौन हिंसामा जबरजस्ती करणीबाहेक जबरजस्ती करणीको उद्योग, सामूहिक जबरजस्ती करणी, जबरजस्ती करणीपछि हत्या, हत्याको प्रयास तथा साइबर अपराधपश्चात् जबरजस्ती करणी जस्ता मुद्दा परेकाले जबरजस्ती करणीको प्रकृति पनि थप चुनौतीपूर्ण हुँदै गएको देखिन्छ । त्यसबाहेक बाल यौन दूराचार, यौन दुर्व्यवहारका मुद्दा पनि जिल्ला अदालतमा विचाराधिन अवस्थामा छन् ।





**चार्ट नं. ६२.** मुद्दाको प्रकृति

यस वर्षको तथ्याङ्कलाई विश्लेषण गर्दा अपराधका प्रकृति बढेसँगै महिलाहरूले कानुनद्वारा प्रदत्त आफ्नो हक अधिकारको प्रचलनका निमित्त कानुनी बाटोको अबलम्वन गरेको हुँदा केही हदसम्म न्यायमा पहुँचको अवस्था  बढेको देखिन्छ । यद्यपी यति सङ्ख्यालाई नै पर्याप्त आधार मान्न भने सकिँदैन ।

## १२.५ न्यायिक निर्णय कार्यान्वयनको सुनिश्चितता

कानुन बमोजिमको न्यायिक निर्णयले मात्रै न्यायमा पहुँचको सार्थकता सिद्ध हुँदैन । त्यस्ता निर्णयहरूको कार्यान्वयन भए/नभएको अनुगमन हुनु अपरिहार्य हुन्छ । त्यसका लागि निश्चित संयन्त्रको जरुरत पर्दछ । साथै न्यायिक निर्णयको उल्लङ्घन तथा अपरिपालनाका लागि जवाफदेही बनाउने कानुनी तथा संस्थागत संयन्त्रको प्रभावकारी उपस्थिति अनिवार्य हुन्छ । निर्णय कार्यान्वयनको सुनिश्चितताले नै न्यायिक निकायको वैद्यतालाई सुनिश्चित गर्दछ ।

यस वर्ष नयाँ र पुरानो मुद्दासहित ४० वटा मुद्दाहरूमा सफलता प्राप्त भएको छ भने २१ वटा मुद्दा असफल भएको छ । त्यस्तैगरी ५१ वटा मुद्दामा मिलापत्र भई मुद्दाको निरूपण भएको देखिन्छ । यसरी दुवै पक्ष (प्रभावित र प्रतीवादी) ले मिलापत्र गरी मुद्दा टुङ्गो लगाउँदा उक्त मिलापत्र फैसलाको कार्यान्वयन सहज हुन गई न्यायिक प्रक्रिया छिटो र छरितो हुने प्रभावितहरूको भनाई छ । यस्तै हाल २५१ वटा मुद्दाहरू विभिन्न अदालतमा चलिरहेको अवस्था छ । त्यस्तैगरी फैसला भएका मुद्दाहरूमध्ये २२ वटा मुद्दाहरू कार्यान्वयन भएको देखिन्छ भने अझै २३ वटा मुद्दाहरू कार्यान्वयनको प्रक्रियामा रहेका छन् । ३३ वटा मुद्दाहरू फिर्ता, डिसमिस र प्रभावितहरू सम्पर्कविहीन भएका कारण न्यायिक प्रक्रियाबाट बाहिरिएका छन् । न्यायिक प्रक्रियामा लाग्ने समयावधि, मुद्दा दर्ता गर्न जुटाउनुपर्ने प्रमाण र सोको अभाव, अस्थायी बसोबास गर्नेहरूको हकमा वडाबाट अनिवार्य रूपमा चाहिने सिफारिस जुटाउन हुने कठिनाई, सम्पत्तिको हकमा सम्पत्ति रहेको जिल्लामा नै अदालतले मुद्दा दर्ता पठाउने प्रचलन, भौगोलिक विकटता, साक्षी जुटाउन नसक्नु, पीडकको सामाजिक, राजनैतिक, आर्थिक पहुँच, परिवारको सदस्यविरुद्ध मुद्दा गर्दा हुने आर्थिक तथा सामाजिक असहजता समेतका कारण हतोत्साही भई मुद्दाहरू न्यायको अनुभूति गर्न नपाई बिचैबाट टुङ्गिने गरेका छन् ।




**चार्ट नं. ६३.** जम्मा मुद्धा संख्याहरूको हालको अवस्था

**निष्कर्ष**

नेपालको कानुनमा महिला हिंसालाई रोक्ने र हिंसा प्रभावितलाई न्याय दिने भनेर व्यवस्था गरे तापनि व्यवहारमा हिंसाबाट पीडित महिलाहरूले कानुनको कार्यान्वयन प्रक्रिया र ढिलाइ, सरकारी कार्यालयका कर्मचारीहरूको सोच, उदासिनता, प्रतिपक्षले खडा गर्ने अवरोध, आफ्नो कमजोर आर्थिक अवस्था र संस्थाको पनि सहयोग गर्ने निश्चित दायरा आदिका कारणले गर्दा वास्तवमा न्याय पाएको महसुस गर्न सकेको अवस्था देखिँदैन ।

यस्तैगरी छिटोछरितो न्यायिक प्रक्रिया पनि अर्को महत्वपूर्ण पक्ष रहेको छ । कानुनी प्रक्रियामा हुने ढिलासुस्ती निकै पीडादायी र नकारात्मक प्रभाव पर्ने हुन्छ । अधिकाशं मुद्दाहरूमा कार्यविधि कानुनको पालनाको नाममा आपतकालीन अवस्थाका लागि भनी राखिएका सुविधाको दुरूप्रयोग गरी पटक-पटक पेशी स्थगित गराउने, तारेख थाम्ने/थमाउने, आवश्यक कागजपत्र बुझाउन ढिलासुस्ती गर्ने, बेञ्चबाट नभ्याइने हुँदा स्थगित हुने जस्ता व्यवहारिक दुरूपयोगका कारण अपेक्षित समयसीमा नाघ्ने हुँदा न्यायिक निकायप्रतिको विश्वासनीयता गुम्न गई कतिपय अवस्थामा प्रभावितहरूले बिचमा नै न्यायिक प्रक्रियालाई छोड्ने गरेको पाइएको छ । यस्ता विषयको सम्बोधन हुन नसकेकाले न्यायको पहुँच अझै पनि सुनिश्चित हुन सकेको छैन ।

तसर्थ प्रभावित अनुकूल कानुनी व्यवस्था र न्यायमा पहुँचको सुनिश्चित गर्न कानुन परिमार्जन हुन जरुरी छ । फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउन राज्यका सबै निकायहरूले फैसला कार्यान्वयनसम्बन्धी संस्कृतिको विकास गर्ने, फैसला कार्यान्वयन गर्ने क्षमता अभिवृद्धि गर्नुपर्ने आवश्यकता देखिन्छ । यसमा फैसला कार्यान्वयनको सुनिश्चितता गर्न/गराउन नेपाल सरकार तथा अन्य सम्बन्धित सरोकारवाला निकायहरूको प्रतिबद्धता र समन्वयात्मक प्रयास हुन जरुरी छ ।  न्याय प्रदान गर्नका लागि राज्यबाट व्यवस्थित संरचनाको क्षमता, कार्यशैली आदिमा रहेको कमजोरी तथा कानुनी व्यवधान आदिको कारणबाट समेत हिंसा प्रभावितहरूको न्यायमा पहुँचको अधिकार सुनिश्चित हुन सकेको छैन । जसका कारणबाट केही वर्गका मानिसहरू र विशेषतः महिलाहरू न्यायसम्मको पहुँचबाट टाढा रहेका छन् । यस्ता वर्गका मानिसहरूलाई विशेष प्राथमिकताका साथ न्यायसम्मको पहुँच उपलब्ध गराउनु राज्यको जिम्मेवारी हुन्छ । यसै सम्बन्धमा हिंसा प्रभावित महिलाहरूको न्यायको पहुँचको विषयलाई हेर्दा कानुनी सहयोग, सहायता र फैसलापछिको कार्यान्वयन मुख्य चुनौतीको रूपमा रहेका देखिन्छ ।

# परिच्छेद १३

## सामाजिक पुनर्स्थापना

### १३.१ हिंसा प्रभावित महिलाहरूको सामाजिक पुनर्स्थापनाको अवस्था

समाजमा पछाडि पारिएका तथा कुनै पनि कारणबाट सामाजिक रूपमा बिस्थापित हुन पुगेका व्यक्तिहरूको सामाजिक एकीकरण भएको अवस्था नै पुनर्स्थापना हो । संस्थाले हरेक व्यक्तिको स्वतन्त्रता र आत्मसम्मानको कदर गर्दै हिंसा प्रभावितहरूको इच्छा, भावनालाई प्राथमिकतामा राखी निष्पक्ष रूपमा न्याय निरूपण गर्न सहजीकरण गर्दै आएको छ । समाजमा महिलामाथि हुने सबै प्रकारका शोषण तथा हिंसाको अन्त्य गर्दै सबैको पहिचान, सम्मान र मर्यादालाई कायम गर्न हिंसा प्रभावितहरूलाई डर, धाक, धम्की र भयरहित जीवनयापनको प्रबन्ध गर्नु संस्थाको मुख्य ध्येय रहेको छ । साथै हिंसा प्रभावित, प्रभावित परिवारका सदस्य, पीडक तथा परिवारका सदस्यहरूलाई सामाजिक पुनर्स्थापनाका क्रममा अनिवार्य रूपमा मनोपरामर्श तथा मनोविमर्श सेवा प्रदान गरिरहेको छ । हिंसा प्रभावितहरूको गोपनियतालाई कायम राख्दै प्रभावितहरूको समस्या सहज रूपमा राख्न सक्ने संयन्त्र निर्माण गरी सहयोगको वातावरण निर्माण गर्दै हिंसा प्रभावितहरूको तत्कालको आवश्यकता सम्बोधन गर्न साथै प्रभावितहरूलाई सुरक्षित र सहयोगी वातावरण निर्माण गरी (सुरक्षित बास, शिक्षा, औषधीउपचार, खाना, मनोविमर्श तथा मनोपरामर्श, यातायात, कानुनी सहयोग) को व्यवस्था गर्दै आएको छ ।

सामाजिक पुनः एकीकरण हिंसात्मक वातावरणपछि लैङ्गिक हिंसाका प्रभावितहरूलाई आवश्यकता अनुरूपको सहयोगपश्चात् सुरक्षा प्रणालीलाई पूरा गर्ने प्रमुख प्रक्रिया वा चरण हो । यो एउटा निरन्तर चलिरहने प्रक्रिया हो । हिंसा पीडित/प्रभावित महिलाहरूलाई आवश्यक, सेवा, सहयोग र सुरक्षा प्रदान गरी र भविष्यमा हुने जोखिम कम गर्ने उपायहरू अपनाइसकेपछि उनीहरू पूर्ण रूपमा निको भएर आत्मनिर्भर भई आत्मसम्मानपूर्वक जीवनयापनको अनुभूति गर्न सक्ने वातावरणमा पुनः एकीकरण र पुनर्स्थापना गर्न सकिन्छ । अर्थात् उनीहरूसँग बसोबासका लागि

सुरक्षित स्थान, साथसाथै दिगो जीविकोपार्जनको स्रोत भई आफू र बच्चाहरूका लागि उपयुक्त आम्दानीको स्रोतको व्यवस्था हुनेछ। धेरै हदसम्म, आर्थिक परनिर्भरताले गर्दा बच्चाहरूको पालन-पोषण र गुणस्तरीय शिक्षाको सम्भावित जोखिमलाई हेरेर पनि हिंसा प्रभावितहरू पीडकहरूसँग नै बस्ने निर्णय गर्दछन्। महिला तथा बालिकामाथि हुने हिंसा महिला र पुरुषबीचको असमान शक्ति सम्बन्धको परिणाम हो।

अझै पनि नेपाली समाजमा महिलालाई दोस्रो दर्जाको नागरिकको रूपमा हेर्ने गरिन्छ। सामाजिक-सांस्कृतिक अभ्यास, नीति, नियम र कानुनले पनि यसलाई थप मलजल गरेको छ। जसले गर्दा महिलाहरूमाथि विभिन्न स्वरूपमा हिंसाका घटनाहरू दिन प्रतिदिन बढ्दै गइरहेको विभिन्न तथ्याङ्कहरूले पुष्टि गरेका छन्। यसरी दिन प्रतिदिन हिंसाको घटना र जोखिम बढ्दै गइरहेको अहिलेको अवस्थामा हिंसा प्रभावित महिलाहरूलाई पुनर्स्थापना गर्ने प्रक्रिया अझै चुनौतीपूर्ण बन्दै गइरहेको छ। नेपालमा महिला तथा बालबालिकाहरूमाथि हिंसाको जोखिम उच्च छ भन्ने कुरा विभिन्न तथ्यहरूले देखाएका छन्।


पितृसत्तात्मक सामाजिक संरचना र सोही संरचनाको आधारमा विद्यमान विभेदकारी सोचका कारणले हिंसा प्रभावित महिला तथा बालिकाहरूलाई नै हिंसाका लागि जिम्मेबार बनाइन्छ। त्यसले गर्दा हिंसा प्रभावितहरू सामाजिक पुनर्स्थापनापछि थप हिंसाको जोखिममा पर्ने सम्भावना रहन्छ। हिंसाको कारणले एकातिर आफै मानसिक तनाबमा भइरहन्छन् भने अर्कोतिर हिंसाका लागि उनीहरूलाई नै जिम्मेवार बनाई गरिने अपमान, अपहेलना, सामाजिक लाञ्छना तथा कलङ्कका कारण उनीहरूले थप मनोसामाजिक समस्या भोग्नुपर्ने हुन्छ। नेपालको सन्दर्भमा सामाजिक पुनर्स्थापना पीडित/प्रभावितमैत्री छैन। हालसम्म पनि नेपाल सरकारले हिंसा प्रभावितहरूको सामाजिक पुनर्स्थापनालाई समेट्ने नीति र प्रावधानमा व्यवस्था गरिसकेको छैन। मानव बेचविखनबाट प्रभावितहरूको सामाजिक पुनर्स्थापनालाई मात्र समेट्ने गरी नेपाल सरकारले सामाजिक पुनर्स्थापना नीति ल्याएको छ। तर यसले समग्र हिंसा प्रभावितहरूलाई समेट्न भने सकेको छैन।

हिंसा प्रभावित महिलाहरूको पुनः एकीकरणको स्तर पहिचान, उनीहरूले भोग्नुपरेको हिंसाको स्वरूप र जोखिम, वरपरको वातावरण र परिस्थितिहरूले निर्धारण गर्दछ । हिंसा प्रभावितहरूलाई सशक्त गर्नु, हिंसा प्रभावित महिलाहरूले सुरक्षावास छाडेर पुनः परिवार, समाज र घरमा फर्किनका लागि सुरक्षित महसुस गरी लामो समयसम्म सामाजिक र आर्थिक सुरक्षा कायम हुने वातावरण सुनिश्चित भइसकेपछि हिंसा प्रभावितहरूको योजनाबद्ध रूपमा पुनर्स्थापना गरिनुपर्दछ ।

यस वर्ष ओरेकले हिंसा प्रभावितहरूलाई विभिन्न किसिमको सेवा प्रदान गरी पुनर्स्थापनाको स्तर पहिचान गरी हिंसाको स्वरूप, जोखिम र वरपरको वातावरणलाई विश्लेषण गरेपश्चात् पुनर्स्थापना गरिएका १६८ जना हिंसा प्रभावितलाई फलोअप गरी पुनर्स्थापनाको अवस्थाका बारेमा छुट्टै अध्ययन तथा विश्लेषण गरी यस परिच्छेदमा समावेश गरिएको छ ।

## १३.२. पुनर्स्थापना गरिएका प्रभावितको हिंसाका प्रकार


ओरेकबाट मनोसामाजिक परामर्श, सुरक्षाबास, कानुनी परामर्श तथा सहयोग, जीविकोपार्जन, स्वास्थ्य उपचार तथा शैक्षिक सहयोग गरेका विभिन्न स्वरूपमा हिंसा प्रभावितको पुनर्स्थापनाको अवस्थाका बारेमा विश्लेषण गरेको छ । यसरी पुनर्स्थापना गरिएका मध्ये सबैभन्दा बढी घरेलु हिंसाका ६८ प्रतिशत (११५ जना) र त्यसपश्चात् बलात्कारका १६ प्रतिशत (२९ जना), बलात्कार प्रयासका १ प्रतिशत (२ जना) हिंसा प्रभावितको सामाजिक पुनर्स्थापनाको अवस्थाका बारेमा अध्ययन गरेको छ । त्यसैगरी सामाजिक हिंसाका ६ प्रतिशत (१० जना), यौन दुर्व्यवहारका ५ प्रतिशत (९ जना) र मानव बेचविखन (१ जना) र बेचविखनको प्रयासका (२ जना) १, १ प्रतिशत हिंसा प्रभावितसँग फलोअप गरी उनीहरूको सामाजिक पुनर्स्थापनाको अवस्था विश्लेषण गरिएको छ ।




**चार्ट नं ६४** सामाजिक पुनर्स्थापना गरिएका हिंसा प्रभावितको हिंसाका प्रकार

## १३.३. पुनर्स्थापना गरिएको स्थान


हिंसाबाट प्रभावितहरूलाई विभिन्न किसिमका सेवापश्चात् बढी कुन स्थानमा पुनर्स्थापना गरिएको छ भन्ने बारेमा समेत अध्ययन गर्ने प्रयास गरिएको छ । सङ्कलित तथ्याङ्कलाई हेर्दा सबैभन्दा बढी ८९ प्रतिशत (१४९ जना) लाई पुनः परिवारमा पुनर्स्थापना गरिएको छ भने ११ प्रतिशत (१९ जना) परिवारमा पुनर्स्थापना हुन नसकेर अलग्गै बस्दै आएका पाइएको छ ।





**चार्ट नं ६५** सामाजिक पुनर्स्थापना गरिएको स्थान

### १३.४ पुनर्स्थापनापश्चात् हिंसा दोहोरिएको/नदोहोरिएको अवस्था

चार्ट नं ६५ को तथ्याङ्कलाई हेर्दा हिंसा प्रभावितहरू सबैभन्दा बढी परिवारमा पुनर्स्थापना भएर बसेका पाइएको छ । तसर्थ यसरी पुनर्स्थापना भएका हिंसा प्रभावितहरूमाथि पुनः हिंसा दोहोरिने अवस्था कत्तिको आउँदो रहेछ भनी हेरिएको थियो । यसरी हेर्दा पुनर्स्थापनापश्चात् ८२ प्रतिशत हिंसा प्रभावितमाथि पुनः हिंसा दोहोरिएको पाइएको छ । हिंसा दोहोरिएका घटनालाई हेर्दा घरेलु हिंसा प्रभावित (७७ प्रतिशत) जो परिवारमा पुनर्स्थापना भएका थिए उनीहरूमाथि धेरै हिंसा दोहोरिएको देखिएको छ ।





**चार्ट नं ६६** हिंसा दोहोरिएको/नदोहोरिएको अवस्था




**चार्ट नं ६७** पुनर्स्थापना गरिसकेपश्चात् दोहोरिएको हिंसाका प्रकार

## १३.५. पुनर्स्थापनापश्चात् समाज तथा परिवारले हेर्ने दृष्टिकोण

परिवार तथा समाजमा जाने इज्जत, हिंसा प्रभावितलाई नै हिंसाको जिम्मेवार मान्ने प्रवृत्ति, चारित्रिक लाञ्छना आदिका कारणले गर्दा पनि हिंसा प्रभावितले आफूमाथि भएको हिंसाका घटनालाई बाहिर ल्याउन धेरै आँट र साहस बटुल्नु परेको उनीहरूको अनुभवले देखाउँछ । आफूमाथि भएको हिंसाको घटनालाई बाहिर ल्याइसकेपछि प्रहरी, अदालत वा अन्य प्रकृतिको सेवा प्राप्त गरिसकेपश्चात् पनि धेरै हिंसा प्रभावितहरू पुनः परिवारमा नै पुनर्स्थापना भएको तथ्याङ्कले देखाएको छ । यसरी परिवार तथा समाजमा पुनर्स्थापना भइसकेपश्चात् उनीहरूलाई परिवार तथा समाजले हेर्ने दृष्टिकोण कस्तो छ भनी उनीहरूसँगको कुराकानी गर्दा ४० प्रतिशत (६७ जना) हिंसा प्रभावितहरूलाई पहिलेको अवस्थामा समाज तथा परिवारले स्वीकार गर्न नसकेको र नराम्रो दृष्टिकोणले हेरेको पाइएको छ । ४ प्रतिशत (६ जना) हिंसा प्रभावितलाई भने परिवारले स्वीकार गरे पनि समाजले हेर्ने दृष्टिकोण भने नकारात्मक रहेको पाइएको छ ।




**चार्ट नं ६८** पुनर्स्थापनापश्चात् समाज तथा परिवारले हेर्ने दृष्टिकोण

**विश्लेषण**

ओरेकबाट विभिन्न सहयोग प्राप्त गरिसकेपश्चात् १६८ जना हिंसा प्रभावितसँग गरिएको फलोअप अध्ययनको आधारमा हिंसा प्रभावितको सामाजिक पुनर्स्थापनाको अवस्थालाई हेरिएको छ । यसरी हेर्दा सबैभन्दा बढी घरेलु हिंसाका प्रभावितहरूले प्रहरीमा उजुरी दिए पनि घरेलु हिंसाका घटनालाई घरभित्रकै निजी मामलाको रूपमा मात्र हेर्ने सोच अझै पनि परिवर्तन हुन सकेको छैन । त्यही कारणले पनि घरेलु हिंसाका घटनामा मेलमिलाप गराई घरमा नै पुनर्स्थापना गराइएको छ। यसरी सोही घरबाट हिंसा भएर सहन नसकी बाहिर आएका हिंसा प्रभावितहरूलाई पुनः सोही परिवारमा पुनर्स्थापना गर्दा हिंसाको जोखिम रहेको र हिंसा दोहोरिएको तथ्याङ्कले देखाएको छ ।

प्रभावित महिलाहरूले आफ्नो सुरक्षा, न्याय र अधिकारका लागि आवाज उठाउँदा, संरक्षकका रूपमा हुनुपर्ने राज्य र समाजले पनि महिलालाई नै दोष दिने वा मिलापत्र गराउने कारणले दोहोरो हिंसा हुने र महिलाले थप पीडा सहनु परेको समेत देखिएको छ। साथै नेपाल सरकारले हिंसाप्रभावितका लागि दिने सेवा अल्पकालीन मात्रै भएकाले दीर्घकालीन योजनाको खाँचो देखिन्छ। महिलाको सम्पत्तिमाथि पहुँच तथा नियन्त्रण हुने वातावरण निर्माण हुन नसक्दा आर्थिक परनिर्भरताका कारणले महिलाहरूलाई समस्या थपिएको पाइएको छ ।

यसरी समाज तथा परिवार लगायतका स्थानमा हिंसा प्रभावितहरू पुनर्स्थापना हुँदा उनीहरूलाई पुनः परिवार तथा समाजले स्वीकार गर्न नसकेको तथ्याङ्कले देखाउँछ। बलात्कारका घटनापश्चात् हिंसा प्रभावितलाई समाजले हेर्ने दृष्टिकोण अझै नकारात्मक रहेको पाइएको छ। घटनाका कारण प्रभावितलाई लगाइने चारित्रिक लाञ्छना आदिका कारणले हिंसा प्रभावितहरूले आत्मसम्मानपूर्वक जीवन यापन गर्न पाउने आधारभूत अधिकारबाट समेत बञ्चित हुनुपरेको र हिंसा प्रभावितले सामाजिक न्यायको अनुभूत गर्न सकेका देखिँदैन ।

तसर्थ हिंसाका घटनाहरू विभिन्न स्वरूपमा बढ्दै गएको अवस्थामा नेपाल सरकारले हिंसा प्रभावितहरूका लागि विभिन्न सहयोग प्रदान गर्ने उद्देश्यले स्थानीय तह तथा गैरसरकारी सङ्घ-संस्थाहरूसँगको समन्वयमा २१ वटा सुरक्षाबास मार्फत सेवा प्रदान गर्दै आएको छ । नेपाल प्रहरीको तथ्याङ्कलाई मात्र हेर्ने हो भने पनि आर्थिक वर्ष २०७८/०७९ मा २१,४५१ महिला तथा बालिकामाथि विभिन्न स्वरूपमा हिंसा भएको देखिन्छ । यी सबै हिंसा प्रभावितहरू कुनै न कुनै अवस्थामा परिवार, समाजमा पुनर्स्थापना भएका छन् भने कोही अलग्गै बसिरहेका छन् । यसरी पुनर्स्थापना भएका हिंसा प्रभावितको पुनर्स्थापना गर्ने प्रक्रियादेखि उनीहरूको पारिवारिक

तथा सामाजिक अवस्थाको फलोअप र सहयोगी संयन्त्रहरूसँग जोडी सहयोग प्रदान गर्नु राज्यको दायित्व हो । यस कार्यमा राज्य र राज्यका संयन्त्रहरूको जवाफदेहिता आवश्यक छ । यसैका लागि संस्थाले विगत लामो समयदेखि पैरवी गरिरहेको छ । जसले प्रभावितको सामाजिक पुनर्स्थापनाका लागि आधार तयार गर्न तथा महिलाले आत्मसम्मानपूर्वक सामाजिक न्यायको अनुभूति गर्ने वातावरण निर्माण गर्न सबै सरोकारवालाहरूको प्रतिवद्धता आवश्यक छ ।

## घटना अध्ययन नं ८
## पुनर्स्थापनापश्चात् हुन सक्ने हिंसाको जोखिम


शिला (परिवर्तित नाम) अहिले ३५ वर्षकी भइन् । १७ वर्षकी हुँदा उनले भागेर विहे गरेकी थिइन् । सामान्य अपाङ्गता भएकी शिलालाई परिवारमा सुरुदेखि नै हिंसा हुँदै आएको थियो । उनका श्रीमानले पनि घर परिवारको कुरा सुनेर उनलाई कुटपिट गर्थे । एक दिन सचेतनामूलक कार्यक्रममा सहभागी भएर फर्कंदै गर्दा उनीमाथि बलात्कारको प्रयास भएको थियो । सो घटनापछि उनलाई घरमा थप हिंसा हुन थाल्यो । सासु र देबरले उनलाई पटक-पटक मानसिक तथा शारीरिक यातनाका साथै, बोक्सीको आरोप लगाउँदा पनि श्रीमानले उनलाई साथ दिन्थेनन् । यसै क्रममा उनकी सासुको मृत्यु भयो । सासु बितेको १३ दिनको कार्यक्रममा उनी ढिलो गरी पुगेका कारण देखाउँदै उनको देबर-देउरानीले उनलाई गाली-बेइज्जती गरेका थिए । त्यो दिन उनले प्रतिवाद गरेका कारण देबरले ज्यान मार्ने धम्की दिएका थिए । असुरक्षित महसुस गरी उनी ओरेकको सम्पर्कमा आएकी थिइन् । सुरक्षित आवासमा परामर्श र उपचारको सेवा लिएपछि श्रीमानलाई बोलाएर छलफल गरिएको थियो । छलफलमा श्रीमानले अबदेखि कुनै घटना नदोहोरिने भन्दै जिम्मा लिएपछि उनलाई परिवारमा पुर्नस्थापनाका लागि श्रीमानसँगै घर पठाइएको थियो । तर घर पुगेको तीन दिनमै उनको देबरले धारिलो हतियारले उनको टाउको र घाँटीमा प्रहार गरेपछि उनी घाइते भएकी थिइन् । शिलालाई तत्काल अस्पताल लगेर उपचार गरिएको थियो भने उनको देबरलाई जिल्ला प्रहरीले हिरासतमा राख्यो । तर त्यहीबेला देबर मानसिक बिमारी भएको भन्दै मुद्दा मिलाउने प्रयास जिल्ला प्रहरीमा भएको थियो । तर ओरेकको सहजीकरणपछि अहिले अभियुक्तलाई पुर्पक्षका लागि जेल चलान गरिएको छ । शिला अहिले पनि पूर्ण रूपमा सन्चो भएकी छैनन् ।

# परिच्छेद १४

## पीडकको पृष्ठभूमि

### १४.१ महिला हिंसा र पीडकको लैङ्गिक विवरण

यसवर्ष अभिलेखीकरण गरिएका कूल १८१३ घटनामध्ये १९०७ पीडकको विवरण खुलेको छ (एक भन्दा बढी पीडक को सख्या भएको कारण) जस्मध्ये ९० प्रतिशत (१७१६) घटनामा हिंसा गर्ने पुरुषको संलग्नता भएको पाइएको छ। हिंसा गर्नेमा १० प्रतिशत (१९१ जना) महिला रहेका छन्। जसको विवरण निम्नबमोजिम तल प्रस्तुत गरिएको छ।





**चार्ट नं ६९** महिला हिंसा र पीडकको लैङ्गिक विवरण

## १४.२ महिला हिंसा र पीडकको उमेर समूह

महिला हिंसा र पीडकको उमेरलाई यस वर्षको तथ्याङ्कअनुसार मुख्यगरी छ वटा समूहमा वर्गीकरण गरिएको छ । माथिको चार्टमा उल्लेख भएबमोजिम महिला हिंसामा संलग्न पीडकको उमेरलाई हेर्दा २६ देखि ३५ वर्ष उमेरकाले ३७ प्रतिशत (६८८ जना) महिलामाथि हिंसा गरेको पाइएको छ ।


त्यसैगरी २६ प्रतिशत (४८२ जना) पीडक ३६ देखि ४५ वर्ष उमेर समूहका र १८ प्रतिशत (३३९ जना) १८ देखि २५ वर्ष उमेरका रहेका छन् । यसैगरी १० प्रतिशत (१८४ जना) ४६ देखि ५५ वर्ष उमेर समूहका रहेका छन् ।  ५५ वर्षभन्दा माथिका पीडक पाँच प्रतिशत (९६ जना) रहेको पाइयो भने १८ वर्ष मुनिका पीडक दुई प्रतिशत (४२ जना) रहेको पाइएको छ। यस तथ्याङ्कले के देखाउँछ भने २६ देखि ३५ वर्ष उमेरका व्यक्तिहरू हिंसा गर्ने र हिंसा भोग्नेमा अग्रपङ्क्तिमा छन् ।




**चार्ट नं. ७०** महिला हिंसा र पीडकको उमेर समूह

### १४.३ महिला हिंसा र पीडकको वैवाहिक अवस्था

पीडकको वैवाहिक अवस्थाको विश्लेषण गर्दा ८५ प्रतिशत (१५४२ जना) विवाहित व्यक्तिले महिलामाथि हिंसा गरेको पाइएको छ । त्यसैगरी १० प्रतिशत (१८४ जना) अविवाहित, एक प्रतिशत (१३ जना) विवाहित तर सँगै नबसेका, ०.४४ प्रतिशत (८ जना) एकल, ०.७ प्रतिशत (१३ जना) अविवाहित तर सँगै बसेका, ०.१ प्रतिशत (१ जना) पारपाचुके गरेका र ३ प्रतिशत (५२ जना) को पहिचान खुल्न नसकेकाहरू हिंसाका पीडक रहेका छन् ।





**चार्ट नं.७१.** पीडकको वैवाहिक अवस्था

## १४.४ महिला हिंसा र पीडकको पेसा

महिलामाथि हुने हिंसा र पीडकको पेसाबारे विश्लेषण गर्दा ज्यालामजदुरीमा संलग्न भएकाहरू बढी रहेको पाइएको छ। महिलामाथि ज्यालामजदुरी गर्नेबाट ३३ प्रतिशत (५९८ जना) पीडकबाट हिंसा भएको छ। त्यसैगरी कृषिमा संलग्न २६ प्रतिशत (४७० जना) पीडक रहेका छन् भने १२ प्रतिशत (२२५ जना) सामान्य व्यापार व्यवसायमा संलग्न, ८ प्रतिशत (१३९) वैदेशिक रोजगारीमा र ३–३ प्रतिशत (६२,५८ जना) सरकारी सेवा र गैरसरकारी संस्थामा कार्यरत रहेकाबाट महिलामाथि हिंसा भएको पाइएको छ।

साथै ५ प्रतिशत (८९ जना) विद्यार्थी र ३ प्रतिशत (५३ जना) जागिर खोज्दै गरेकाबाट हिंसा भएको देख्न सकिन्छ। त्यसैगरी घरायसी काममा संलग्न दुई प्रतिशत (३९ जना) र १ प्रतिशत (२६ जना) अन्यबाट महिलामाथि हिंसा भएको पाइएको छ। साथै सवारी चालक, सेना, प्रहरी, शिक्षक, राजनीतिकर्मी, समाजसेवीबाट समेत महिलाहरू हिंसामा परेका छन्।





**चार्ट नं. ७२** : महिला हिंसा र पीडकको पेसागत अवस्था

## १४.५ महिला हिंसा र पीडकको जात/जातीयता विवरण

महिला हिंसा पीडकको जात/जातीयअवस्था पहिचान गर्ने उद्देश्यले यस वर्षको घटनालाई अध्ययन र विश्लेषण गरिएको छ। जसअनुसार ९ विभिन्न जात/जातीय समूहको संलग्नता रहेको पाइएको छ। जसलाई निम्नबमोजिम व्याख्या गरिएको छ।

सबैभन्दा बढी मात्रामा तराई आदिवासी जनजातिबाट महिलामाथि हिंसा भएको देखिन्छ। जसलाई सङ्ख्यात्मक रूपमा हेर्दा २४ प्रतिशत (४३५ जना) हुन आउँछ भने २३ प्रतिशत (४१६ जना) पहाडे ब्राह्मण/क्षेत्री, १२ प्रतिशत (२२३ जना) पहाडे आदिवासी जनजाति, ११ प्रतिशत (२०६ जना) पहाडे दलित तथा १० प्रतिशत

(१७५ जना) तराई दलित, ७ प्रतिशत (१२७ जना) तराई ब्राह्मण/क्षेत्री, १ प्रतिशत (१७ जना) तराई/मधेसी अन्य जाति र ५ प्रतिशत (७४ जना) मुस्लिम समुदायका व्यक्तिहरू रहेको पाइएको छ। त्यसैगरी ३ प्रतिशत (५० जना) पीडकको पहिचान खुल्न सकेको छैन।




**चार्ट नं. ७३** : महिला हिंसा र पीडकको जात/जातीय विवरण

**विश्लेषण**

यस वर्ष सङ्कलित कुल १ हजार ८ सय १३ हिंसाका घटनामध्ये ९० प्रतिशत हिंसा पुरुषबाट भएको तथ्याङ्कले देखाएको छ । समाजमा विद्यमान पितृसत्तात्मक सोच र विभेदित सामाजिक संरचनाका कारणले महिलाहरू बढी मात्रामा पुरुषहरूका हिंसाबाट प्रभावित हुनुपरेको छ । समाजमा रहेका महिला र पुरुषबीचको असमान शक्ति सम्बन्ध, पित्तृसत्तात्मक सोच, लैङ्गिक असमानता नै महिलामाथि हुने हिंसाको प्रमुख कारणको रूपमा रहेको छ । साथै घर परिवारमा हुने हिंसाबाट बालबालिकाले पुरुषले सानो उमेरदेखि नै बावुले आमालाई गरेको हिंसा तथा व्यवहार देखेर हुर्कने भएकाले उसले पनि त्यही व्यवहारलाई आत्मसात् गर्दै जाने र हिंसा गर्ने साथै महिलाले सहनुपर्छ भन्ने कुरा आमाबाट सिकेकाले हिंसा सहेर बस्ने गरेको पाइएको छ ।

यसैगरी तथ्याङ्कको आधारमा हेर्दा १० प्रतिशत महिलाहरू महिलाहरूबाटै प्रभावित भएको पाइएको छ । यसलाई विश्लेषण गर्दा बाहिरबाट हेर्दा पीडकको रूपमा महिलाहरू देखिए पनि महिलाहरूलाई अहिलेको सामाजिक मूल्य-मान्यता र विशेषगरी पुरुष सदस्यहरूले कसरी पीडकको रूपमा धकेलेका छन् र उनीहरू यस्ता कार्य गर्न बाध्य पारिन्छन् भन्ने कुरा गहिरो विश्लेषण गर्न आवश्यक छ । त्यसैगरी महिलाहरूमा लैङ्गिक रूपमा रहेको पुरातनवादी सोच र आफू शक्तिमा पुगेपछि शक्तिमा कमजोर रहेकालाई गर्ने व्यवहारका कारण महिलाबाट पनि हिंसा तथा दुर्व्यवहारका घटनाहरू भएका छन् । त्यसैगरी महिलाहरू जो पितृसत्तात्मक सामाजिक संरचना जहाँ पुरुषकै बर्चस्व रहेको हुन्छ त्यही समाजमा हुर्कने, बढ्ने गरेका हुन्छन्, उनीहरूभित्र पनि पितृसत्तात्मक सोचले जरो गाडेको हुन्छ । त्यति मात्र नभई आफ्नो घर-परिवारमा पुरुष स्रोतको रूपमा रहने हुँदा त्यही स्रोतको नजिक हुँदा आफू सुरक्षित हुने भएकाले पनि महिलाले महिलामाथि हिंसा गरेको देखिएको छ । यसलाई अझ सूक्ष्म रूपमा विश्लेषण गर्दा जुन महिलाहरूको स्रोतमाथि बढी पहुँच हुन्छ त्यही महिलाहरूले स्रोत र शक्तिमाथि पहुँच नभएका महिलाहरूलाई हिंसा गरेको देखिन्छ ।



जसरी हिंसा प्रभावितको उमेर, पेसा, जात/जातीय पृष्ठभूमिमा विविधता रहेको छ, त्यस्तै गरेर पीडकको सन्दर्भमा पनि यो विविधता लागू हुन्छ । प्राप्त तथ्याङ्कलाई हेर्दा ८५ प्रतिशत विवाहित

पुरुषबाट महिलामाथि हिंसा भएको देख्न सकिन्छ। सबैजसो पेसामा संलग्न पुरुषबाट हिंसा भएको पाइए पनि सबैभन्दा बढी कृषि तथा पशुपालन र ज्याला मजदुरीमा संलग्नहरूबाट हिंसा भएको देखिएको छ। हिंसामा संलग्न पीडकहरूको जातीयताको पृष्ठभूमि हेर्दा पहाडे ब्राह्मण क्षेत्री र तराई आदिवासी समूहका पुरुष बढी संलग्न रहेको देखिएको छ ।

पीडक व्यक्तिहरूको उमेर समूहलाई आधार मान्दा २६ देखि ३५ वर्ष उमेर समूहका ३७ प्रतिशत (६८८ जना) युवा हिंसामा संलग्न रहेको पाइएको छ। उत्पादनशील कार्यमा संलग्न हुने, उच्च शिक्षा हाँसिल गर्ने, व्यवसाय तथा रोजगारीमा संलग्न हुने, सामाजिक विकास र समसामयिक सवालमा नेतृत्व लिने उमेर समूहका बहुसङ्ख्यक युवा नै हिंसा गर्ने समूह वा पीडकका रूपमा रहेको यस अध्ययनले देखाएको छ। यसले समाज विकासमा बाधा पार्ने तथ्य प्रष्ट हुन्छ।

# परिच्छेद १५

## सञ्चार अनुगमन

### १५.१ पत्रपत्रिकामा प्रकाशित महिला हिंसाका घटनाको विवरण

ओरेक नेपालले राष्ट्रियस्तरका पत्रपत्रिकामा प्रकाशित भएका महिला हिंसाका समाचारको निरन्तर अनुगमन गरी मासिक प्रतिवेदन प्रकाशन गर्दै आएको छ । तथ्य-तथ्याङ्कसहितको पैरवी ओरेकले सुरुदेखि नै गर्दै आएको हो । सञ्चार माध्यम यस्तो पैरवीलाई सम्बन्धित निकाय र सरोकारवालाहरूबीच पुऱ्याउने र बहस चलाउने महत्वपूर्ण माध्यम हो । त्यसैले ओरेक नेपालले सञ्चार माध्यमसँग सधैं नजिक रहेर सहकार्य गर्दै आएको छ । यो अनुगमन यसैको एउटा कडी हो ।

पछिल्लो एक वर्षमा सञ्चार माध्यमबाट कुल ४७८ वटा महिला हिंसाका घटना सार्वजनिक भएका छन् । ओरेक नेपालले अभिलेख गरेका घटना सञ्चार माध्यमले प्रकाशन गरेका भए तापनि घटना दोहोरिन नदिन तिनलाई यस विश्लेषणमा समावेश गरिएको छैन ।

पत्रपत्रिका तथा सञ्चार माध्यममा आउने घटनामा विस्तृत विश्लेषण गर्न पर्याप्त तथ्यगत विवरण नहुने हुँदा ती घटनाका आधारमा पुग्दो विश्लेषण गर्न सकिएको छैन । यद्यपि सञ्चार माध्यममा प्रकाशित घटनाहरूले महिला हिंसाको वर्तमान अवस्था र प्रकृतिलाई देखाउने हुँदा उपलब्ध सूचनाका आधारमा विश्लेषण गरिएको छ ।




### १५.२ हिंसाका प्रकार

यस वर्ष पत्रपत्रिकामा प्रकाशन भएका महिला हिंसाका स्वरूपहरू निम्न रहेका छन् :

एक वर्षमा राष्ट्रिय दैनिक पत्रपत्रिकाहरूमा सबैभन्दा धेरै बलात्कारका समाचार प्रकाशन भएका थिए । कुल ४७८ वटा घटनामध्ये ४५ प्रतिशत (२१४ वटा) बलात्कारसम्बन्धी समाचार प्रकाशित भएका छन् । त्यसैगरी २५ प्रतिशत (१२१ वटा) हत्या, २ प्रतिशत (९ वटा) हत्याको प्रयास, ६


प्रतिशत (२८ वटा) यौन दुर्व्यवहार, ३ प्रतिशत (१४ वटा) मानव बेचबिखन, पाँच प्रतिशत (२३ वटा) यौन दुर्व्यवहार, १ प्रतिशत (७ वटा) सामाजिक हिंसा, तीन-तीन प्रतिशत (१३, १४) क्रमशः घरेलु हिंसा र आत्महत्याका घटनासम्बन्धी समाचार अनुगमनका क्रममा पाइएको छ। २ प्रतिशत (९ वटा) बोक्सीको आरोपका घटना प्रकाशन भएका थिए । यसैगरी एक-एक प्रतिशत (३, ३, ३ वटा) एसिड आक्रमण, बालविवाह, सामाजिक सञ्जालमार्फत हिंसा र मानव बेचबिखनका प्रयासका घटना सञ्चार माध्यममार्फत सार्वजनिक भएका छन् जसको विवरणसहित निम्न चार्टमा प्रस्तुत गरिएको छ ।




**चार्ट नं ७४** राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित महिला हिंसाका घटनाका प्रकार

### १५.३ पत्रपत्रिकामा प्रकाशित महिला हिंसाको प्रदेश अनुसारको स्थिति

यस वर्ष पत्रपत्रिकामा सबैभन्दा बढी २२ प्रतिशत (१०३ वटा) हिंसाका घटनासम्बन्धी समाचार प्रदेश नं १, २१ प्रतिशत (९८ वटा) बागमती प्रदेश र १८ प्रतिशत (८७ वटा) घटना लुम्बिनी प्रदेशबाट प्रकाशित भए । यसैगरी १७ प्रतिशत (८१ वटा) मधेस प्रदेश, ९ प्रतिशत (४३ वटा) गण्डकी प्रदेश, सुदूरपश्चिम प्रदेशमा ८ प्रतिशत (३७ वटा) र कर्णालीमा ६ प्रतिशत (२७ वटा) महिला तथा बालिकामाथि भएका हिंसाका घटनासम्बन्धी समाचार आएको तथ्याङ्कले देखाएको छ ।




**चार्ट नं. ७५** पत्रपत्रिकामा प्रकाशित भएका महिला हिंसाको प्रदेशअनुसारको स्थिति

# परिच्छेद १६

## १६.१ प्रभावितलाई सुरक्षित आवास मार्फत ओरेकले गरेको सहयोग विवरण

हिंसा प्रभावित बालिका/महिलालाई कुनै पनि प्रकारको हिंसा भयो र परिवार/समाजमा बस्न सुरक्षाको दृष्टिकोणले उसलाई गाह्रो भयो वा परिवार तथा समाजमा बस्दा उसलाई न्याय प्राप्ति गर्न कठिनाई हुने भयो भने उक्त अवस्थामा प्रभावितको सर्वोत्तम हितलाई सुनिश्चित गर्नका लागि आवश्यक सम्पूर्ण सेवा प्रभावित केन्द्रित दृष्टिकोणबाट प्रदान गर्ने स्थान सुरक्षा आवास हो । सुरक्षित आवास एउटा यस्तो थलो हो जहाँ प्रभावितहरूले आफूलाई सुरक्षित भएको महसुस गरी विभिन्न सशक्तीकरणका गतिविधिहरूमा समावेश भएपश्चात् आत्मविश्वासमा वृद्धि भई आफूलाई सशक्त भएको महसुस गर्दछन् । लैङ्गिक हिंसाविरुद्धको ओरेकको अभियानमा सुरक्षित आवास सेवा एउटा महत्वपूर्ण सेवा हो । हाल संस्थाले आफ्नै पहलमा तथा स्थानीय सरकार र अन्य गैरसरकारी संस्थाहरूसँगको समन्वय र सहकार्यमा १३ वटा सुरक्षावास मार्फत सेवा प्रदान गरिरहेको छ । हिंसा प्रभावित महिला शारीरिक र मानसिक रूपले आघातमा भई त्रसित हुने भएकाले उनीहरूलाई सुरक्षित आवासको निकै खाँचो हुन्छ। पीडकसँगै बसेर न्यायका लागि पहल गर्न असजिलो मात्र होइन, प्रभावितलाई जोखिमपूर्णसमेत हुने भएकाले हिंसा प्रभावितहरूका लागि सुरक्षित आवास सेवा निकै उपयोगी सिद्ध भएको छ । हिंसा प्रभावित महिलाहरूका लागि निकै आवश्यकता भएकाले नै यो सेवा लिनेको सङ्ख्यामा वर्षैपिच्छे बढोत्तरी हुँदै गएको छ । सुरक्षित आवास सेवाबाट आवासका साथै हिंसा प्रभावित महिलाहरूका लागि उपयोगी विभिन्न अन्य सेवाहरू पनि उनीहरूको पुनर्स्थापनाका लागि उपलब्ध हुँदै आएका छन् । यो आर्थिक वर्षमा पनि सुरक्षित आवासमा सेवा लिएर हिंसाविरुद्ध न्यायका लागि पहल गर्न प्रभावितहरूको सङ्ख्यामा उल्लेख वृद्धि भएको छ ।


यो वर्षको तथ्याङ्कअनुसार १३ वटा सुरक्षावास मार्फत ६३६ जनाले सुरक्षा आवासको सेवा लिएका छन् । सुरक्षा आवासको सेवा लिनेमा २६ जना दोहोरिएर सेवा लिन आएका थिए भने ६१० जना नयाँ प्रभावितहरूले सेवा लिएका थिए । यसैगरी सुरक्षा आवासबाट ५७६ जनालाई कानुनी परामर्श र २९२ जनालाई कानुनी सहयोग प्रदान गरिएको छ । सुरक्षावासको सेवा लिएका ४११ जनालाई

विभिन्न विषयमा अभिमुखीकरण गर्दै उपलब्ध सहयोगी संयन्त्रबारे जानकारी दिइएको छ । २३५ जना प्रभावितलाई स्वास्थ्योपचार तथा १३ जनालाई प्रसूति स्याहार सेवा उपलब्ध गराइएको छ । यस्तै ३९२ जना हिंसा प्रभावित महिलालाई लत्ता कपडा र १६९ जनालाई यातायातको सुविधा उपलब्ध गराइएको थियो । साथै सुरक्षितवासमा आएका ६३६ मध्ये ५९८ जनालाई पुनर्स्थापना गरिएको छ । यसैगरी ४१४ जनालाई फोनबाट फलोअप, ९२ जनालाई सम्प्रेशण, २९४ जनालाई पारिवारिक परामर्श, ७३ वटा घटनाको स्थलगत अनुगमनसमेत गरिएको छ । ५८ जनालाई दिगो जीविकोपार्जनका लागि सहयोग, ३६१ जनालाई आरामदायी अभ्यासको सेवा पनि दिइएको छ । सुरक्षा आवासमा बसेकालाई ७५३ चरणमा मनोविमर्श सेवा प्रदान गरिएको छ ।

ओरेकले देशका विभिन्न शाखा मार्फत सञ्चालन गरेका सुरक्षित आवास सेवा लैङ्गिक हिंसाविरुद्धको अभियानमा निकै उपलब्धिमूलक भएको छ । विशेषगरी सुरक्षित आवासमा आश्रय पाएर हिंसा प्रभावितहरू थप जोखिमबाट बच्नुको साथै, मनोविमर्श, स्वास्थ्य उपचारको सेवा र विभिन्न कानुनी परामर्श तथा कानुनी सहयोग पाउँदा प्रभावितहरूलाई हिंसाविरुद्ध आवाज उठाउनका लागि आत्मबलसमेत मिलेको छ । पीडकसँगै बस्दा, आश्रयकै चिन्ताले पनि उनीहरू हिंसाविरुद्ध बोल्न डराएका हुन्थे । साथै सुरक्षित आवासमा उनीहरूले आफूमाथि हुने हिंसा, पाउने उपलब्ध सेवा र आफ्नो अधिकारबारे बुझ्नसमेत सहजता ल्याएको छ ।

यद्यपि सुरक्षित आवासहरू सञ्चालन निकै चुनौतीपूर्ण पनि देखिएको छ । खासगरी पीडकहरूले दबाब दिने, धम्की दिने कार्यले सञ्चालकहरू सधैं जोखिममा हुन्छन् । यसका साथै प्रभावितहरू जुनसुकै समयमा पनि सेवा लिन आउन सक्ने भएकाले तत्काल उनीहरूका लागि आवश्यक बन्दोबस्त गर्न आर्थिक र अन्य चुनौती देखिंदै आएका छन् । न्याय प्रक्रिया लामो हुने भएकाले पनि प्रभावित कति समय सुरक्षित आवासमा बस्ने निश्चित नहुनु र कतिपय जिल्लाहरूमा सुरक्षित आवासको आफ्नै संरचना नहुँदा त्यसले पनि चुनौती थपेको देखिएको छ । प्रभावितहरूसँग यातायात खर्च नहुने भएकाले सुरक्षित आवासबाट घर फर्कंदा चुनौती देखिने गरेको छ ।

यद्यपि तमाम चुनौतीहरूका बाबजुद, ओरेकले आफ्नै पहल र अन्य सरोकारवाला निकायहरूसँगको समन्वयमा सुरक्षित आवासलाई प्रभावकारी रूपमा थप व्यवस्थित रूपमा निरन्तरता दिंदै सञ्चालन गर्दै आएको छ ।





**चार्ट नं.७६** संस्थाद्वारा सुरक्षित आवास मार्फत प्रदान गरिएका सेवाको विवरण

## १६.२. ओरेकको हटलाइन सेवा मार्फत सम्पर्कमा आएका महिला हिंसाका घटना


हिंसा प्रभावित महिलाले आफूमाथि भएका हिंसाबारे सहज रूपमा उजुरी गर्न सकून्, उपलब्ध सेवामा महिलाको पहुँच सुनिश्चित हुन सकोस् र कोही पनि महिला न्यायबाट वञ्चित हुन नपरोस् भन्ने अभिप्रायले ओरेक नेपालले निःशुल्क हटलाइन सेवा सञ्चालन गर्दै आएको छ । जसमा हिंसा प्रभावितले फोन गरेर आफूलाई आवश्यक सूचनाहरू प्राप्त गर्न सक्दछन् । ओरेक नेपालका हटलाइनमा महिलाले विशेषगरी हिंसाको उजुरी कहाँ गर्ने, कसरी गोप्य उजुरी गर्न सकिन्छ, उपलब्ध सहयोगी संयन्त्रहरू जस्तै : कानुनी परामर्श सहायता, सुरक्षित आवास लगायतका सेवाहरू कसरी प्राप्त गर्न सकिन्छ भन्ने विषयहरूमा जानकारी र परामर्श लिने गरेका छन् ।

यस वर्ष ओरेकका दुईवटा कार्यालयमा हटलाइन सेवा मार्फत २०३ वटा महिला हिंसाका घटनाबारे जानकारी प्राप्त भएका थिए। हटलाइन मार्फत ओरेकको सम्पर्कमा आउने प्रभावित महिलाहरूमा ५३ जना शारीरिक हिंसा, ४९ जना मानसिक हिंसा, ४३ जना स्रोत सुविधाबाट वन्चितीकरण, १ जना बालविवाह, १० बहुविवाह, २० जना बलात्कार, १ जना सामूहिक बलात्कार, बलात्कार, ३ जना बलात्कारको प्रयास, ६ जना यौन दुर्व्यबहार, १ जना बलात्कारपछि हत्या, १ जना सामूहिक बलात्कारपछि हत्या, २ जना हत्या, २ जना बेचबिखनको प्रयास, २ जना बोक्सीको आरोप, ३ जना आत्महत्या र ६ जना अन्य हराएका अलपत्र कारणले प्रभावित भई सम्पर्क गरेका थिए।




**चार्ट नं.७७** हटलाइन मार्फत सम्पर्कमा आएका महिला हिंसाका घटनाका प्रकार

यस वर्ष सङ्कलन भएका कुल २०३ घटनामध्ये १४० वटा मोरङमा, ६३ वटा काठमाडौंमा हटलाइन मार्फत आएका हुन् ।




**चार्ट नं.७८** हटलाइनमा आएका घटनाको जिल्लागत दर्ता विवरण

# निष्कर्ष तथा सुझाव

महिलामाथि हुने हिंसा भर्खरै प्रादुर्भाव भएको सवाल नभई सदियौँदेखि नेपाली समाजमा हस्तान्तरित हुँदै आएको जटिल समस्या हो । यद्यपि अहिले पहिलेभन्दा केही परिवर्तन भई फरक फरक स्वरूपमा हिंसाका प्रवृत्तिहरू देखिँदै आएका छन् । समाजमा महिला हिंसाको स्थिति कायम रहन विभिन्न तत्वले भूमिका निर्वाह गरिरहेका हुन्छन् । नेपालको सन्दर्भमा कुल जनसङ्ख्याको आधाभन्दा बढी हिस्सा ओगटेका महिलाहरू अहिलेसम्म पनि विभेद, असमानता, अन्याय तथा विभिन्न खालका हिंसाबाट प्रभावित भइरहेका छन् । परम्परागत, धार्मिक तथा सांस्कृतिक मान्यताले महिलालाई असमान त बनाएकै छ, देशमा विद्यमान कतिपय कानुनी व्यवस्थाले समेत महिलाको हैसियतलाई समान बनाउन सकेको देखिंदैन ।

महिला हिंसालाई अझ स्पष्टसँग व्याख्या गर्ने क्रममा सन् १९९३ को यूएन घोषणापत्रले लैङ्गिक हिंसा महिला र पुरुषबीचमा ऐतिहासिक रूपमै रहेको असमान शक्ति सम्बन्धको कारणले हो । जसले महिलालाई शक्ति सम्पन्न हुनमा रोक्दछ भने पुरुषलाई महिलामाथि भेदभाव गर्नका लागि प्रोत्साहन गर्दछ । एक सङ्कटयुक्त सामाजिक संयन्त्रको रूपमा तुलनात्मक तवरले महिलाहरूलाई बलपूर्वक पुरुष सहयोगीको स्थान दिइन्छ भनी महिला हिंसाको वृहत् परिभाषा गरेको छ ।

देशमा धेरै ठूला राजनीतिक परिवर्तन भएका छन् । यद्यपि ती परिवर्तनलाई निर्णायक बिन्दुमा पुऱ्याउन आफ्नो तर्फबाट विशेष भूमिका निर्वाह गर्ने नेपाली महिलाहरूको जीवन र मर्यादामा भने उल्लेखनीय परिवर्तन आउन सकेको छैन । समाजमा व्याप्त पितृसत्तात्मक सोच, विभेदपूर्ण मूल्य, मान्यता तथा कानुन, लैङ्गिक असमानता, आर्थिक परनिर्भरता, नीति निर्माणको तहमा महिला प्रतिनिधित्वको न्यून सहभागिता जस्ता कारक तत्वले महिलामाथि हुने हिंसालाई थप बल प्रदान गरेको छ । साथै पितृसत्तात्मक नेपाली समाजमा महिलालाई दोस्रो दर्जाको नागरिकका रूपमा गरिने व्यवहारका साथै महिला र पुरुषबीच विद्यमान यही सामाजिक विभेदका कारण पनि महिलामाथि हिंसाले निरन्तरता पाइरहेको छ । महिला हिंसाले महिलाका आधारभूत मानव अधिकार उपभोगमा समेत बन्देज लगाएको छ । यो समष्टिमा मानव अधिकारको उल्लङ्घन र हननको गम्भीर विषय हो । आफ्नै घर, परिवार, समाज र विश्वासनीय मानिएकाहरूबाटै हिंसामा

पर्नु, पीडा या यातनामा पारिनु, त्रास र डरमा बाँच्नुले उनीहरूको सुरक्षित र स्वतन्त्रपूर्वक बाँच्न पाउने अधिकारबाट वञ्चित गरेको छ ।

कानुनतः महिलामाथि हुने हरेक प्रकारका हिंसा अपराध हो । यद्यपि यस्ता आपराधिक क्रियाकलाप र घटनाहरू निरन्तर हुँदै र गरिँदै आइएको हुँदा महिला हिंसा अन्त्य भएको समाजको परिकल्पना एक महत्वाकांक्षामा सीमित भएको छ । ओरेकले वर्षेनी महिला हिंसाका घटनाहरूको अभिलेख गर्दै त्यसको विश्लेशणात्मक प्रतिवेदन सार्वजनिक गर्दै आइरहेको छ । ओरेकबाट महिलामाथि हुने हिंसाका जेजति तथ्य-घटनाहरू सङ्कलित तथा अभिलेख हुँदै आएका छन्, बालिका र महिलाहरू उनीहरूको जैविक एवं सामाजिक लैङ्गिक पहिचानकै कारणले वर्षेनी अनेक खालका हिंसाबाट प्रभावित हुँदै आएको देखाउँछ । सातवटै प्रदेशबाट एक वर्षभित्र सङ्कलन गरिएका कुल १ हजार ८ सय १३ महिला हिंसा र त्यसभन्दा पहिलेका वर्षहरूमा समेत सङ्कलन गरिएका तथ्याङ्कले त्यही पुष्टि गरेको छ ।

महिलामाथि हुने हिंसाविरुद्ध विभिन्न सङ्घ-संस्था, सरकारी तथा गैरसरकारी निकायहरूको प्रयासका बाबजुद ओरेकले वर्षेनी महिला हिंसाका घटनाहरूको अभिलेखीकरण गर्दै आउँदा त्यस्ता घटनाहरूमा कमी आएको वा सुधार भएको तथ्य पाइएको छैन । बरु महिला हिंसाका नयाँनयाँ र विकराल स्वरूपहरू बढ्दै गएको र त्यसले व्यक्तिलाई मात्र नभई समाज, समुदाय र राष्ट्रलाई समेत प्रत्यक्ष असर पारिरहेको छ । उही समाज, उही समुदायभित्र लगातार महिला हिंसा भइरहनुले हाम्रो समाजमा महिलाको हकमा केही परिवर्तन र उपलब्धिहरू भए पनि उनीहरूको वास्तविक अवस्था र हैसियतमा ठोस परिवर्तन नभएको स्थिति चित्रण गर्छ ।

विगतको तुलनामा महिलाहरूको हिंड्डुलको दायरा फराकिलो भएको छ । महिलाका संलग्नताको क्षेत्र बढ्दै गइरहेको छ । प्रायःजसो सार्वजनिक र निजी क्षेत्रका व्यावसायिक निकायहरूमा उनीहरूको उपस्थिति बढ्दो छ । यो सकारात्मक पक्ष हो तर यससँगै अर्को वास्तविकता पनि छ- महिलाहरू जहाँजहाँ संलग्न हुन्छन् वा भएका छन्, ती ती स्थान, क्षेत्र र वृत्तहरूभित्रै उनीहरू हिंसामा परेका छन् । किनकि महिलामाथि हुने हिंसा उनीहरूको लैङ्गिकताकै आधारमा गर्ने गरिएको छ ।

यसैगरी हिंसा प्रभावितको सामाजिक पुनर्स्थापनाको अवस्था त्यस्तै डरलाग्दो छ । हिंसाको जिम्मेवार प्रभावितलाई नै लगाउने प्रवृत्तिका कारणले हिंसा प्रभावितले आफूमाथि भएका हिंसाका घटनालाई

बाहिर ल्याएर पुनः सोही घर, परिवार तथा समाजमा पुनर्स्थापना हुँदा पुनः हिंसाको जोखिममा रहेको पाइएको छ । तसर्थ समग्र हिंसा प्रभावितहरूको सामाजिक पुनर्स्थापनाको सवाललाई समेट्ने गरी सरकारले सामाजिक पुनर्स्थापना नीति ल्याउन अति आवश्यक देखिएको छ ।

महिलामाथि हुने हिंसाको अन्त्यविना महिलाको मानव अधिकार सुनिश्चितता हुन सक्दैन । महिलामाथि हुने हिंसा समाजका हरेक संरचनामा जरो गाडेर बसेको पितृसत्तात्मक मूल्य-मान्यता र सोचको परिणाम हो । त्यसको फलस्वरूप वर्षेनी हजारौं महिलाहरू विभिन्न स्वरूपमा शारीरिक, मानसिक, आर्थिक, सामाजिक हिंसा सहन बाध्य बनाइएका छन् । यसर्थ नेपालको संविधान, नेपाल सरकारले अन्तर्राष्ट्रियस्तरमा गरेका प्रतिबद्धताहरूको पूर्ण पालना गर्दै, महिला भएकै कारणले भोग्नुपर्ने विभेद तथा हिंसाको अन्त्य गर्ने वातावरण तयार सरकारबाट हुनुपर्दछ । यसका लागि सर्वप्रथम पितृसत्तात्मक सोच र यसलाई मलजल गर्ने पुरुषवादी मानसिकता हावी रहेको संरचनाको परिवर्तन, हरेक क्षेत्रमा महिलाको समान तथा अर्थपूर्ण सहभागिताको सुनिश्चितता, लैङ्गिकमैत्री संरचनाको स्थापना र महिला हिंसाका घटनामा शून्य सहनशीलताको पूर्ण पालना गर्नु आवश्यक रहेको छ । साथै महिलालाई दोस्रो दर्जाका नागरिकका रूपमा हेर्ने सोच, गरिने व्यवहार र दृष्टिकोण परिवर्तन गरी घरदेखि सार्वजनिक स्थलसम्म महिलाको स्वतन्त्र पहिचान र नेतृत्वलाई स्वीकार गर्ने वातावरण तयार गर्न स्थानीय तहदेखि अभियानहरू सञ्चालन गर्नुपर्दछ ।

## सुझावहरूः

ओरेकले लामो समयदेखिका हिंसा प्रभावितहरूसँग काम गर्दाको अनुभव र यस वर्ष सङ्कलन गरिएका तथ्याङ्क र विश्लेषणबाट हिंसा प्रभावितसँगको प्रत्यक्ष संलग्नताका आधारमा निम्न विषयवस्तुमा जोड दिएर सुझावहरू प्रस्तुत गरिएको छ ।

## रोकथाम

- हाल तीनै तहका सरकारको हिंसा न्यूनीकरणका लागि भएका पहल तथा प्राथमिकताका क्षेत्रलाई विश्लेषण गर्दा रोकथामका गतिविधिहरूमा फोकस कार्यक्रमहरू त्यति पाइँदैन । हाल हिंसाको स्वरूप र प्रवृत्ति फेरिएका कारण कतिपय अवस्थामा भएका संयन्त्र तथा रणनीतिले काम नगरेको अवस्था छ । तर महिलालाई हेर्ने विभेदकारी दृष्टिकोण रहँदासम्म हिंसा रोकिँदैन । त्यसैले विभेदकारी दृष्टिकोण परिवर्तनका लागि बृहत रूपमा व्यक्ति, परिवार र समुदाय तीनै तहमा अभियानमूलक गतिविधिहरू सञ्चालन गरियोस् ।
- महिलामाथि हुने हिंसाको समग्र अवस्थाका बारेमा एकीकृत राष्ट्रिय तथ्याङ्क राख्ने संयन्त्रको अभावका कारण यसको समग्र अवस्थाको विश्लेषण गर्न र सोहीबमोजिम हिंसा सम्बोधनका

लागि उचित कदम चाल्न कठिन भएको अवस्था छ । यसर्थ महिलामाथि हुने हिंसाको राष्ट्रिय तथ्याङ्क व्यवस्थापन प्रणालीको स्थापना नेपाल सरकारबाट यथाशिघ्र गरियोस् ।

- महिलामाथि हुने वा भएका सबै प्रकारका विभेद र असमान नीति, प्रावधान, ऐनहरूको खारेजी एवं नेपालको संविधान, २०७२ मा रहेका विभेदित प्रावधान संशोधनका लागि कदम चालियोस् । जस्तै : नागरिकताको प्रावधानमा रहेको असमानता नहटेसम्म प्रत्येक नागरिक समान हुन् भन्ने संविधानले दिएको अधिकारको उपभोग गर्नबाट महिलाहरू वञ्चित रहिरहनेछन् ।
- महिलाविरुद्ध हुने भेदभावविरुद्ध शून्य सहनशीलताको नीतिलाई स्थानीय तहदेखि केन्द्रिय स्तरसम्मका सबै संरचनाहरूमा प्रभावकारी रूपमा कार्यान्वयन गरियोस् ।
- महिलाले सम्मानित र स्वतन्त्र भएर जीवनयापन गर्न सक्ने वातावरण सिर्जनाका लागि राज्यका सबै तहका निकायहरूमा लैङ्गिक समानता नीतिको तर्जुमा गरी कार्यान्वयनमा ल्याइयोस्
- विभिन्न हानिकारक सामाजिक, आर्थिक तथा धार्मिक परम्पराहरूबाट प्रतिपादित र निर्देशित कुप्रथाका कारण महिलामाथि भैरहेको हिंसालाई गम्भीर अपराधको रूपमा स्वीकार तथा व्याख्या गरी त्यस्ता सबैखाले हानिकारक परम्परागत अपराधको अन्त्यका लागि  स्थानीयदेखि राष्ट्रिय तहसम्म रणनीति बनाई कार्यान्वयनमा ल्याइयोस् ।
- महिलाहरूले आर्थिक रूपमा सशक्त र स्वाबलम्बी भएर जीवनयापन गर्न सक्ने अवस्थाको सिर्जनाका लागि महिलाहरूको आन्तरिक र आर्थिक सशक्तीकरणका कार्यक्रमहरूका लागि आवश्यक बजेटको विनियोजनसहित नीतिगत व्यवस्था गरियोस् ।
- महिलामाथि हुने हिंसा बारेमा जानकार वा सचेत महिलाहरूको जमात बढ्दो छ । तर महिला हिंसाका नयाँनयाँ स्वरूप र माध्यमहरू पनि उत्तिकै देखा परिरहेका छन् । त्यस्ता नयाँ नयाँ हिंसाका स्वरूप र माध्यमहरू बारेमा समेत सचेतना र छलफलका कार्यक्रमहरू व्यापक रूपमा सञ्चालन गरियोस् ।
- सरकारले एकपछि अर्को ऐन कानुनहरूको निर्माण एवं समय सापेक्ष परिमार्जन एवं संशोधन गर्दै ल्याएको प्रावधानहरूबारे प्रत्येक स्थानीय निकायदेखि आम मानिसहरूसमक्ष जानकारी र सूचना पुऱ्याउने उचित संयन्त्र र माध्यमहरूको व्यवस्था गरियोस् । ताकी हिंसा पीडित/प्रभावितहरूले आफूमाथि भएको हिंसात्मक घटनालाई चाँडोभन्दा चाँडो न्यायिक प्रक्रियामा लैजान सहज वातावरण प्राप्त गरोस् ।
- अन्तर्राष्ट्रिय सन्धि-सम्झौता विशेषगरी महिलाविरुद्ध हुने सबै किसिमका विभेद उन्मूलन गर्ने महासन्धि (CEDAW), आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि

(UNESCR) र दिगो बिकासका लक्ष्य स्थानीयकरणका लागि राष्ट्रिय कार्ययोजना निर्माण तथा प्रभावकारी अनुगमन संयन्त्रको विकास गरियोस् ।

## सम्बोधन

- हिंसा प्रभावितहरूले उजुरी गर्ने निकायहरूको अभावमा आफूमाथि भएको हिंसाबारे बोल्ने वा त्यसको समाधानका लागि कदम चाल्ने सम्भावनाहरूको खोजी गर्नसमेत व्यवधान व्यहोर्ने गरेका छन् । तसर्थ महिलाविरुद्ध हुने हिंसाबारे गुनासा गर्ने महिलामैत्री उत्तरदायी संयन्त्र वा उजुरी गर्ने निकायहरूलाई थप संवेदनशील बनाई प्रभावित केन्द्रित अवधारणाको प्रयोग गरी सेवा प्रवाह गर्ने व्यवस्था मिलाइयोस् ।
- महिला हिंसामध्ये पनि यौन हिंसा, बलात्कार प्रभावितहरू, खासगरी बालिका एवं किशोरीहरूका लागि सरकारी तहबाट उचित संरक्षण, मनोसामाजिक परामर्श सेवा, सुरक्षित आवास, गुणस्तरीय र सर्वसुलभ शिक्षा तथा रोजगार एवं जीविकोपार्जनको भरपर्दो माध्यमहरूको सुनिश्चित गर्दै आत्मसम्मान सहितको सामाजिक पुनःएकीकरण हुन सक्ने वातावरणको सिर्जना गरियोस् ।
- बलात्कार जस्तो जघन्य अपराधका घटनालाई इज्जत र प्रतिष्ठाको विषय वनाई मेलमिलाप गराउने पीडित/प्रभावितलाई लाञ्छना लगाउने, डर, धम्की दिने, बसोबास गरिरहेको स्थान छोड्न बाध्य बनाउने, उजुरी लिनै आनाकानी गर्ने, प्रभावित र परिवारलाई राजनीतिक दबाब दिने, पीडकलाई संरक्षण गर्ने जस्ता कार्यहरूलाई अपराधीकरण गरी आवश्यक कानुनको निर्माण गरियोस् र प्रभावितका लागि सुरक्षित, संवेदनशील, दीर्घकालीन र पहुँचयुक्त सहयोगी संयन्त्रको विकास गरियोस् ।
- स्थानीयदेखि राष्ट्रियस्तरका न्यायिक एवं कानुनी निकायका प्रतिनिधिहरू महिला हिंसा र लैङ्गिक विभेद, शोषण र हिंसाप्रति संवेदनशील र सचेत बन्न आवश्यक छ । अधिकांश महिला हिंसाका घटनाहरूलाई कानुनी प्रक्रियामा लानुको सट्टा आपसी मेलमिलापमा लैजाने प्रवृत्तिको अन्त्य गरियोस् । साथै पीडित/प्रभावितको सुरक्षा र जीविकोपार्जनको कोणबाट यस्ता घटनाहरूलाई सम्बोधन गर्नेतर्फ जोड दिइयोस् ।
- हिंसा प्रभावितहरूको सुरक्षालाई मध्येनजर गर्दै उनीहरूको गोपनीयताको अधिकारलाई सम्बन्धित निकायहरूले सुरक्षित एवं सुनिश्चित गर्नुपर्दछ ।
- हिंसा प्रभावितहरूका लागि सरकारले उपलब्ध गराई आएको सेवा सुविधाहरू उचित रूपमा उपलब्ध भइरहेका छन् वा छैनन् भनेर अनुगमन तथा मूल्याङ्कनको संयन्त्र निर्माण गरिएको छैन । यो काम यथासक्य चाँडो गरियोस् ।

- हाल सामाजिक सञ्जाल तथा अनलाइनबाट हुने हिंसाका घटनाको दर बढ्दो छ र नयाँ स्वरूपका घटनाहरू बढिरहेको देखिएको छ । यस्ता प्रवृत्तिका घटनाको सम्बोधन सङ्घीयस्तरबाट मात्र हुने भएकाले प्रभावितले छिटो, छरितो र सहज रूपमा न्याय लिन नसकेको अवस्था छ, त्यसैले सोको सम्बोधनका लागि जिल्लास्तरबाट नै यस्ता प्रकारका संयन्त्रको व्यवस्था गरी सेवा प्रवाह गर्ने व्यवस्था गरियोस ।
- हिंसा प्रभावितका घटनालाई विश्लेषण गरी सेवा प्रदान गर्ने क्रममा प्रभावितको परिवारको भूमिका महत्वपूर्ण रहेको छ । त्यसैले परिवारका सदस्यहरूलाई घटनामा सहयोग गरी प्रभावितको मनोबल बढाउन फोकस पारिवारिक परामर्श तथा परिवारको जिम्मेवारी र दायित्व बुझाउन परिवार लक्षित कार्यक्रमको निर्माण गरियोस् ।
- सेवा प्रदायकहरूलाई समय समयमा अधिकारमुखी अवधारणा, प्रभावित केन्द्रित अवधारणा र स्वहेरचाहसम्बन्धी तालिमको व्यवस्था गरियोस् ।
- हिंसा प्रभावितहरूले कतिपय अवस्थामा अदालत अथवा सम्बन्धित संस्थासम्म आउन अर्थिक अभाव भएका कारण पनि आफुमाथि भएको हिंसा सहेर नै बस्नुपर्ने अवस्था देखिन्छ । तसर्थ प्रभावितहरूलाई निःशुल्क कानुनी सहायता केन्द्रको सहज उपलब्धता स्थानीय सरकार सबैको दायित्व भएका कारणले प्रत्येक गाउँपालिकाहरूले सोका लागि बजेट तथा कार्यक्रमको व्यवस्था गर्नुपर्ने, हिंसाप्रभावित महिलाहरू अदालतमा आफ्नो मुद्दा दर्ता गर्नेदेखि अन्तिम टुङ्गो नलाग्दासम्म प्रत्यक्ष तथा अप्रत्यक्ष सबै खर्चहरू निःशुल्क कानुनी सहायताभित्र समेटिनुपर्ने, निःशुल्क कानुनी सहायता प्राप्त गर्ने प्रक्रियालाई सरलीकरण गर्दै, निःशुल्क कानुनी सहायता दिने कार्यमा संलग्न सङ्घ-संस्थाहरूबीचको समन्वयलाई सुदृढीकरणका लागि पहल गरियोस् ।

## सुरक्षा

- महिला हिंसाविरुद्ध कार्यरत मानव अधिकारकर्मी, अभियन्ता तथा महिला अधिकारकर्मी सङ्घ-संस्थाहरूलाई समेत असुरक्षा र त्रासको माहोल सिर्जना हुने गरेको यथार्थलाई ध्यानमा राखी उनीहरूले सुरक्षित तबरमा आफ्ना काम सम्पन्न गर्ने वातावरणसमेत राज्यले निर्माण गर्नुपर्दछ । खासगरी समुदायस्तरमा कार्यरत व्यक्ति एवं समूहहरूले महिला हिंसाका घटनालाई बाहिर ल्याउन र पीडित/प्रभावितलाई न्याय दिलाउन खेलेको भूमिकाका कारण त्रसित बनाइने गरिएको छ । यस्ता क्रियाकलापलाई पूर्णतः निषेध गर्नका लागि उचित कानुनी प्रावधान एवं सामाजिक वातावरण निर्माण गर्न सरकारी पहलको खाँचो छ । त्यसैले घटनामा काम गर्ने सबै अधिकारकर्मी तथा सेवा प्रदायकको सुरक्षासम्बन्धी नीति निर्माण गरियोस् ।

- हिंसा पीडित/प्रभावितहरूले आफूमाथि भएका हिंसाका घटनाहरूलाई बाहिर ल्याउँदा विभिन्न पक्षबाट भौतिक आक्रमण धम्की तथा मनोवैज्ञानिक त्रास खेप्नुपर्ने तथा अन्य संरक्षण तथा सुरक्षाका समस्या भोग्नुपर्ने कारण न्याय खोज्न हतोत्साहित हुने गरेको पाइएको छ । तसर्थ हिंसा प्रभावित तथा निजहरूको साक्षीको संरक्षणसम्बन्धी कार्यक्रम तयार गरी सोसम्बन्धी कानुनी व्यस्थाहरू निर्माण तथा सोको प्रभावकारी कार्यन्वयनका लागि पहल गरियोस् ।

## सजाय र क्षतिपूर्ति

- हिंसा प्रभावितहरूका लागि सहयोगी संयन्त्रहरू पर्याप्त मात्रामा निर्माण गरिनुपर्दछ । अहिले सञ्चालित संयन्त्रहरू अनेक कारणवस प्रभावकारी हुन सकिरहेका छैनन् । तिनलाई प्रभावकारी बनाउँदै थप प्रभावकारी संयन्त्रहरूको विकास गरियोस् । त्यस्ता सहयोगी संयन्त्रहरूले महिलामाथि भएका हिंसाका घटनाहरूलाई बाहिर ल्याउने मात्रै नभइकन प्रभावितलाई न्याय प्रदान गर्ने, समाजमा सुरक्षित र सम्मानजनक तवरमा बाँच्नका लागि वातावरण निर्माणसम्मको जिम्मेवारी बहन गर्नुपर्दछ । जुनसुकै प्रकारको महिला हिंसाबाट प्रभावित भए पनि सरकारले उचित क्षतिपूर्तिको व्यवस्था गरियोस् ।
- सबै स्थानीय निकायहरूले बलात्कार जस्ता मुद्दामा सरकारले द्रूत न्याय सेवा लागू गरेको कानुनी प्रावधानलाई प्रभावकारी रूपमा कार्यान्वयन गनुपर्दछ । बलात्कारका घटनामा उजुरी गर्ने हदम्याद खारेजी गरिनुपर्दछ। ताकि बलात्कार जस्तो आपराधिक क्रियाकलापका दोषीमाथि कारबाही गर्न र पीडितलाई न्याय दिलाउने काममा बाधा अड्चन कम गर्न सकियोस् ।
- हाल घरेलु हिंसाका घटनाहरू बढ्दो क्रममा रहेको देखिएको छ । तर घरेलु हिंसा प्रभावितका घटनाहरूलाई विश्लेषण गर्दा धेरै घटनाहरू मेलमिलापमा जाने र अल्पकालीन सेवा मात्र उपलब्ध भएकाले परिवारमा बाध्यात्मक रूपमा पुनर्स्थापना गरेको र हिंसा दोहोरिएको तथ्याङ्कले देखाएको छ । साथै आत्महत्याको दोस्रो महत्वपूर्ण कारण लैङ्गिक हिंसा देखिएकाले जबरजस्ती मेलमिलाप भएका कतिपय घटनाका प्रभावितले आत्महत्या गर्न बाध्य भएका उदाहरूणहरू छन् । यस्तो अवस्थालाई ध्यानमा राखी विशेषगरी घरेलु हिंसा प्रभावितलाई लामो समयसम्मको आश्रय सेवा, दिगो जीविकोपार्जन लगायतका व्यवस्था गरियोस् । समाजमा घटेका घरेलु हिंसाको घटनाहरुलाई बिश्लेषण गर्दै घरेलु हिंसा कसुर तथा सजाय ऐन (२०६६) लाई प्रभावकारी बनाउन यस ऐनको संसोधन गरियोस् ।
- महिलामाथि हुने हिंसाका पीडकहरूमध्ये शिक्षित र सार्वजनिक पद धारण गरेका व्यक्तिहरूलाई थप सजायसहित द्रूत न्यायको कार्यान्वयन गरियोस् ।

# लैगिंक विभेदमा आधारित हिंसा घटना सङ्कलन फाराम
# ओरेक

| घटना संकलनकर्ताको नाम | आवद्ध संस्था | फोन नं | घटना संकलन गरेको मिति | घटना संकलन गरेको स्थान |
|---|---|---|---|---|
| | | | | |

**प्रभावित /पीडितको विवरण**

| कोड नम्बर : | जन्म मिति :<br><br>उमेर : | **लिङ्ग**<br>महिला ☐<br>पुरुष ☐<br>यौन अल्पसंख्यक (खुलाउनुहोस्)<br>.................................. | **राष्ट्रियता**<br>नेपाली ☐<br>अन्य भए खुलाउनुहोस्<br>.......................... | **जातीयता**<br>ब्राह्मण/क्षेत्री (तराई) ☐<br>ब्राह्मण/क्षेत्री (पहाडे) ☐<br>जनजाति (हिमाल) ☐<br>जनजाति (तराई) ☐<br>दलित (हिमाल) ☐<br>दलित (तराई) ☐<br>मुस्लिम<br>अन्य (खुलाउनुहोस्)<br>.......................... |
|---|---|---|---|---|

| **वैवाहिक स्थिति** | **यदि विवाहित हो भने** | **शैक्षिक अवस्था** | **यदि साक्षर हो भने** |
|---|---|---|---|
| अविवाहित ☐<br>विवाहित ☐<br>विवाहित तर सँगै नबसेको ☐<br>अविवाहित तर सँगै बसेको ☐<br>पारपाचुके गरेको ☐<br>एकल ☐<br>अन्य (खुलाउनुहोस्) .................. | विवाह हुदाँको उमेर<br>................... | निरक्षर ☐<br>साक्षर ☐ | आधारभूत शिक्षा (१-८ कक्षा)<br>माध्यमिक शिक्षा (९-१२ कक्षा)<br>स्नातक<br>स्नाकोत्तर<br>स्नाकोत्तर भन्दा माथि<br>पेशागत शिक्षा(भए खुलाउनुहोस्)<br>......................................... |

| **प्रभावित /पीडितको पेशा** | | **परिवारको प्रमुख आय श्रोत (खुलाउनुहोस्)** | |
|---|---|---|---|
| सरकारी सेवा.................. <br> गैरसरकारी सेवा...................... <br> कृषि तथा पशुपालन.................. <br> दैनिक ज्यालादारी............ | घरायसी काम...................... <br> व्यापार र व्यवसाय................ <br> विद्यार्थी............................ <br> रोजगार खोज्दै .................... <br> अन्य.................................. | सरकारी सेवा......................... <br> गैरसरकारी सेवा.................... <br> कृषि तथा पशुपालन................ <br> दैनिक ज्यालादारी.............................. | घरायसी काम...................... <br> व्यापार र व्यवसाय...................... <br> निवृत्ति भरण ....................... <br> अन्य.......................................... |

| **घटनाको विवरण** | | |
|---|---|---|
| घटना घटेको मिति : | घटनाको जानकारी दिएको मिति : | समय : |

| **घटनाको किसिम** | | | |
|---|---|---|---|
| **घरेलु हिंसा** <br> शारीरिक हिंसा ☐ <br> गालिगलौज ☐ <br> चारित्रिक आरोप ☐ <br> स्रोत सुविधानबाट बञ्चितिकरण ☐ | **यौनिक हिंसा** <br> बलात्कार ☐ <br> सामुहिक बलात्कार ☐ <br> बलात्कारको प्रयास ☐ <br> यौन दुर्व्यवहार ☐ | मानव बेचबिखन ☐ <br> मानव बेचबिखनको प्रयास ☐ | हत्या ☐ <br> हत्याको प्रयास ☐ |
| **सामाजिक हिंसा** <br> कुटपीट ☐ <br> गालिगलौज ☐ <br> चारित्रिक आरोप ☐ <br> स्रोत सुविधानबाट बञ्चितिकरण ☐ <br> बालविवाह ☐ | आत्महत्या ☐ | अन्य खुलाउनुहोस् ......... | |

| स्रोत सुविधानबाट बञ्चितिकरण*किसिममा (√) चिन्ह लगाउनुहोस्* | | *हानिकारक परम्परागत अभ्यासको किसिममा (√) चिन्ह लगाउनुहोस्* | |
|---|---|---|---|
| १) भौतिक (गास, वास, कपा ☐ | ६) सहभागिता ☐ | १) दाइजो प्रथा ☐ | ६) महिनावारीको समयमा ☐ अलग्याउनु वा छुट्टै राख्नु |
| २) संवेगात्मक (माया तथा हेरचाह) ☐ | ७) जन्मदर्ता ☐ | २) वालविवाह ☐ | ७) बहुविवाह ☐ |
| ३) शैक्षिक ☐ | ८) विवाह दर्ता ☐ | ३) योनी छेदन ☐ | ८) घुम्टो प्रथा ☐ |
| ४) जन्मदर्ता ☐ | ९) नागरिकता ☐ | ४) वोक्सीको आरोप ☐ | ९) भ्रुण पहिचान गरि गरिने ☐ गर्भपतन |
| ५) स्वास्थ्य सेवा ☐ | १०) अन्य ( खुलाउनुहोस्)...................... .. | ५) जबरजस्ती विवाह ☐ | १०) अन्य ( खुलाउनुहोस्)......................... .. |

| |
|---|
| घटनाका कारणहरु खुलाएर लेख्नुहोस् ........................................................................................ |

| **घटना घटेको स्थान** | | |
|---|---|---|
| प्रदेश : | जिल्ला : | गाउँपालिका/नपा |
| **घटनास्थलको किसिम** | | |
| १) घर ☐ | ६) जंगल ☐ | |
| २) विद्यालय ☐ | ७) खेत ☐ | |
| ३) कार्यस्थल ☐ | ८) सार्वजनिक सौचालय ☐ | |
| ४) समुदायमा ☐ | ९) शिवीर वा सेल्टरमा ☐ | |
| ५) बाटो ☐ | १०) सेवा केन्द्र ☐ | |
| | ११) अन्य.............................................. | |

| आरोपित व्यक्तिको जानकारी | | | |
|---|---|---|---|
| **आरापित व्यक्तिको संख्या** | **प्रभावित /पीडितले आरोपित व्यक्तिलाई चिनेको छ ?** | **प्रभावित /पीडितको आरोपित व्यक्तिसँगको सम्बन्ध** | |
| महिला ☐<br>पुरुष ☐<br>अन्य(खुलाउनुहोस्)<br>................ | १. छ ☐<br>२. छैन ☐<br>३. देखेपछि चिन्ने ☐ | श्रीमान् श्रीमति ☐<br>शारिरीक सम्बन्ध राखिरहेको/ राखिसकेको व्यक्ति ☐<br>छिमेकी ☐<br>मुख्य हेरचाहकर्ता ☐<br>गुरु चेला ☐<br>सेवाप्रदायक ☐<br>साथी<br>नजिकको साथी ☐ | सहायताकर्ता ☐<br>समुदायका सदस्य ☐<br>थाहा नभएको ☐<br>परिवारका सदस्य ☐<br>अन्य (खुलाउनुहोस्)<br>......................... |

| आरोपित व्यक्तिको विवरण | | | | |
|---|---|---|---|---|
| **नाम :** | **लिङ्ग**<br>महिला ☐<br>पुरुष ☐<br>यौन अल्पसंख्यक<br>............................ | **राष्ट्रियता**<br>नेपाली ☐<br>अन्य भए खुलाउनुहोस्<br>....................................... | | जन्म मिति/ उमेर : |
| **जातीयता** | **ठेगाना** | **शैक्षिक अवस्था** | **यदि साक्षर भए** | |

| | | | |
|---|---|---|---|
| ब्राह्मण/क्षेत्री (तराई) ☐<br>ब्राह्मण/क्षेत्री (पहाडे) ☐<br>जनजाति (हिमाल) ☐<br>जनजाति (तराई) ☐<br>दलित (हिमाल) ☐<br>दलित (तराई) ☐<br>मुस्लिम ☐<br>अन्य (खुलाउनुहोस्) ...................... | प्रदेश :<br>जिल्ला :<br>गाउँपालिका/नपा : | निरक्षर ☐<br>साक्षर ☐ | आधारभूत शिक्षा (१-८ कक्षा)<br>माध्यमिक शिक्षा (९-१२ कक्षा)<br>स्नातक<br>स्नाकोत्तर<br>स्नाकोत्तर भन्दा माथि<br>पेशागत शिक्षा(भए खुलाउनुहोस्)<br>...................................... |
| **वैवाहिक स्थिति** | **पेशा** | | |
| अविवाहित ☐<br>विवाहित ☐<br>विवाहित तर सँगै नबसेको ☐<br>अविवाहित तर सँगै बसेका ☐<br>पारपाचुके गरेको ☐<br>अविवाहित तर सँगै बसेका ☐<br>एकल ☐<br>अन्य (खुलाउनुहोस्) ................. | सरकारी सेवा.............................<br>गैरसरकारी सेवा......................<br>कृषि तथा पशुपालन........................<br>दैनिक ज्यालादारी.................................<br>घरायसी काम......................... | | व्यापार र व्यवसाय....................<br>विद्यार्थी..................................<br>रोजगार खोज्दै ...........................<br>अन्य.......................................... |
| **आरोपितको चरित्र झल्काउने खालको परिचय : (सामाजिक मनोविमर्शकर्ता/मनोविमर्शकर्ता/केश व्यवस्थापकले भर्ने)** | | | |
| | | | |

(आरोपित संख्या एकजनाभन्दा बढी भएमा सादा कागज थप गरी माथिकै अनुसार भर्नुहोला ।)

| **घटनाको कानुनी पक्ष** | |
|---|---|
| **घटनाको बारेमा कसैलाई उजुरी/सूचना गरेको छ ?** | **छ भने कसलाई ?** |

| | | | |
|---|---|---|---|
| छ ☐<br>छैन ☐ | प्रहरी/प्रशासन/अदालत ☐<br>साथी/इष्टमित्र ☐<br>गाँउले/छिमेकी ☐<br>गाउँपालिका/नगरपालिका ☐<br>परिवार ☐ | आफू काम गर्ने स्थान ☐<br>आरोपित को परिवार ☐<br>आरोपित का नातेदार ☐<br>साथी<br>गैरसरकारी संस्था ☐ | महिला मानव अधिकार रक्षकहरु ☐<br>निगरानी समुह ☐<br>अन्य भए (खुलाउनुहोस्)<br>................................ |

| **घटना स्थलको निरीक्षण गरिएको छ कि छैन ?** | **छ भने कसले (खुलाउनुहोस्)?** | **घटनासँग सम्बन्धितहरूको स्वास्थ्य परीक्षण गरेको छ ?** |
|---|---|---|
| छ ☐<br>छैन ☐<br>थहा छैन ☐ | | छ ☐<br>छैन ☐<br>थहा छैन ☐ |
| **घटनासँग सम्बन्धित फोटो खिचेको छ ?** | **पीडितलाई परेको असर** | **पीडितको परिवारलाई परेको असर** |
| छ ☐<br>छैन ☐<br>थहा छैन ☐ | शारीरीक असर......................<br>मानसिक असरं.......................<br>सामाजिक असर ......................<br>आर्थिक असर .......................... | शारीरीक असर......................<br>मानसिक असरं.......................<br>सामाजिक असर ......................<br>आर्थिक असर .......................... |

| **अन्य दसी प्रमाण भए सो को विवरण ( घटना भएको हो भनेर प्रमाणित गर्न सक्ने अन्य के कस्ता प्रमाणहरु छन् खुलाउनुहोस्)** |
|---|
| |
| **घटनाका कारण पीडित तथा पीडितको परिवारलाई परेको असर विस्तृत रुपमा खुलाएर लेख्नुहोस् ।** |
| |

| **प्रभावित /पीडितको लागि तत्कालका आवश्यक सेवाहरु** | | **संस्थाले प्रभावित/पीडितलाई प्रदान गरेको सेवा** | |
|---|---|---|---|
| १) सुरक्षा आवास ☐ | ५) स्वास्थ्य उपचार ☐ | १) सुरक्षा आवास ☐ | ५) स्वास्थ्य उपचार ☐ |
| २) कानुनी परामर्श ☐ | ६) अन्य केही भए उल्लेख गर्नुहोस् | २) कानुनी परामर्श ☐ | ६) जीविकोपार्जनमा सहयोग ☐ |
| ३) कानुनी सहयोग ☐ | | ३) कानुनी सहयोग ☐ | ७) अन्य केही भए उल्लेख गर्नुहोस् |
| ४) मनोपरामर्श ☐ | | ४) मनोपरामर्श ☐ | |

घटना हुँदा पैसा बस्तु लाभको वा सेवाको आदान प्रदान भएको थियो? थियो ☐ थिएन ☐

घटनाको पुर्ण विवरण कृपया सादा पाना थप गरी लेख्नुहोला ।


**ओरेक**

पो.ब.न. १३२३३, काठमाडौं, फोन नं. (९७७)- ०१-५१८६३७४, ०१-५१८६०७३ (केन्द्रिय कार्यालय)

फ्याक्स : (९७७) -०१-५००६२७१,

इमेल : ics@worecnepal.org, database@worecnepal.org, हटलाईन नम्बर : १६६०-०१-७८९१०

WOMEN'S REHABILITATION CENTRE
NEPAL 1991

**महिला पुनर्स्थापना केन्द्र (ओरेक)**
पो.ब.नं. १३२३३, काठमाडौं, नेपाल
फोन: (९७७) ०१ ५१८६३७४, ०१ ५१८६०७३
Email :ics@worecnepal.org
Website :www.worecnepal.org

978-9937-0-9881-6
9 789937 882293